वका लागि मानवअधिकार

वअधिकारका लागि उपयुक्त संस्कृति

प्राची

चेतना द्वैमासिक पूर्णाङ्क ७४ फागुन २०६७

तराई-मधेसको मानवअधिकारको अवस्था :

तत्काल सम्बोधनको खाँचो

हार्दिक श्रद्धाञ्जलि

नेपाली काङ्गेसका संस्थापक नेता तथा पूर्व प्रधानमन्त्री **कृष्णप्रसाद भट्टराई**को
८७ वर्षको उमेरमा २०६७ फागुन २० गते स्वर्गारोहण भएकोमा
हामी अत्यन्त मर्माहत भएका छौँ ।

नेपालको प्रजातान्त्रिक आन्दोलनमा महत्वपूर्ण योगदान दिनुभएका नेता भट्टराईको निधनले
नेपालमा एकजना निष्ठावान नेताको अभाव खड्किने छ ।
शोकको यो घडिमा हामी दिवङ्गत आत्माको चिरशान्तिको कामना गर्दै

हार्दिक श्रद्धाञ्जलि
अर्पण गर्दछौँ।

सुबोधराज प्याकुरेल
अध्यक्ष

तीनदलका शीर्ष नेताहरू संविधान निर्माणको साँचो खल्तीमा हालेर बसेका छन्, झिक्दै झिक्दैनन् ।

नीलाम्बर आचार्य, सभापति, संवैधानिक समिति

मुख्य राजनीतिक दलका नेताहरुले संविधान निर्माणलाई गौण ठानेको औंल्याउँदै ।



तीनजना अध्यक्ष गजधुम्म गणेश भैं बस्छन् अनि कसरी सहमति हुन्छ ?

केपी ओली

स्थायी समिति सदस्य,नेकपा एमाले

प्रमुख राजनीतिक दलका तीन नेताबीचको छलफलबाट मात्र निष्कर्ष ननिस्कने दाबी गर्दै ।

अनमिन जाँदैमा पहिरो खस्दैन ।

सुजाता कोइराला, केन्द्रीय सदस्य, नेपाली काङ्ग्रेस

शान्ति प्रक्रियालाई टुङ्गोमा पुऱ्याउन दलहरु नै सक्षम रहेको दाबी गर्दै।

भूमिका भएन भनी कति कोकोहोलो मच्चाइरहनु ?

परमानन्द झा

उपराष्ट्रपति

संविधान निर्माणमा आफ्नो भूमिका नभएको गुनासोप्रति कसैले पनि पास्ता नगरेको स्वीकार्दै ।

कार्टून

साभार
नागरिक दैनिक
२०६७ माघ १९

इनै जनतालाई मात्रै डाक्यौं ।
ह्याँ माथीसम्म हातै नपुग्ने !

प्रिय पाठक !

तपाइँलाई प्राचीको यो अङ्क कस्तो लाग्यो ?
प्राचीमा कस्ता सामग्री आऊन् भन्ने तपाइँको अपेक्षा छ ?
कृपया प्रतिक्रिया लेख्न नभुल्नु होला।

email : prachi@insec.org.np

सम्पादक

मानवका लागि मानवअधिकार
मानवअधिकारका लागि उपयुक्त संस्कृति

प्राची

संचेतना द्वैमासिक

वर्ष १७ पूर्णाङ्क ७४ फागुन २०६७

संस्थापक
सुशील-प्रकाश

सल्लाहकार
सुबोधराज प्याकुरेल
विजयराज गौतम

संयोजक
योगीश खरेल

सम्पादक
मदन पौडेल

सहयोगी
गोपिकृष्ण भट्टराई

आवरण ले-आउट
गोविन्दप्रसाद त्रिपाठी

कभर फोटो
विपिन गौतम

व्यवस्थापन
विमलचन्द्र शर्मा

अनौपचारिक क्षेत्र सेवा केन्द्र
(इन्सेक) द्वारा प्रकाशित
पत्र मञ्जुषा : २७२६ काठमाडौं
टेलिफोन : ४२७८७७०
फ्याक्स : ४२७०५५१
इमेल : prachi@insec.org.np
वेबसाइट : www.inse.org.np
www.inseconline.org

मुद्रक
सुनकोसी छापाखाना प्रा.लि.
विजुलीबजार, नयाँबानेश्वर

▸ तराई-मधेसको मानवअधिकारको अवस्था र तत्काल सम्बोधनको खाँचो
– *अच्युत आचार्य*
८

▸ राजनीतिले आत्मसात नगरेको मानवअधिकारका सवाल– *विजयराज गौतम* ६
▸ कविता– *विमल निभा* ८
▸ अपहरणको अर्थराजनीति – *अर्जुन थपलिया* १७
▸ नेपालमा नागरिकता सम्बन्धी प्रावधान र यसमा रहेका विभेद – *सम्झा श्रेष्ठ* २२
▸ अन्तर्वार्ता – *जेरेमी जे. सर्किन* २६
▸ शान्ति र पुनर्मिलन आजको आवश्यकता – *चम्फासिं भण्डारी* २८
▸ कथा : *डा. राजेन्द्र विमल* २९
▸ प्रस्तावित फौजदारी कार्यविधि संहिताको मस्यौदा माथि टिप्पणी र सुझाव – *विद्या चापागाईं र पुष्पा पोखरेल* ३१
▸ नेपालमा सूचनाको हक– *टङ्क अर्याल* ३५
▸ बर्बर हिंसाको स्वरूप – *गीता माली* ४१
▸ ४३ डिग्रीको गर्मीमा टिनको छानामुनि पढाइ– *कृष्ण अधिकारी* ४५
▸ पुस्तक समीक्षा – *उषा थपलिया* ४६
▸ दण्डहीनताका कारण बाँके जिल्लामा बढेको अपराधीकरण – *नारायण सुवेदी* ४७

नियमित स्तम्भहरू

▸ यथावत् २
▸ कार्टून २
▸ सम्पादकीय ३
▸ इतिहासको पानाबाट ४
▸ सामयिक ५

जनतालाई नबिर्स

राजनीतिक दलहरूका बीचमा विद्यमान अविश्वासका कारण नयाँ संविधान निर्माण र शान्ति प्रक्रिया गतिशील हुन नसकेको, सम्वाद र छलफल प्रक्रिया परिणाममुखी हुन नसकेको र इतिहासमै सबैभन्दा लामो समय सरकारविहीनताको अवस्था मुलुकले भोगेकाले राजनीतिक दलहरूलाई संयम र इमान्दारीपूर्वक संवेदनशील भएर अघि बढ्न जरुरी भएको नागरिकहरूले बताउन थालेका छन् ।

नागरिक आवाजहरूलाई सुन्दा लाग्छ- राजनीतिक दलहरूको व्यवहारबाट आम नागरिकहरूमा निराशा र आक्रोश बढे पनि आशाको दियो अझै जीवित रहेको छ । दलहरूलाई विश्वास गर्नु बाहेक अर्को उत्तम विकल्प नागरिकहरूले फेला पारेका छैनन् । नागरिकहरूको यो सदासयताप्रति राजनीतिक दलहरू संवेदनशील बन्नु जरूरी छ ।

राजनीतिक दलहरूका बीचमा अविश्वासको वातावरण हुँदाहुँदै पनि सम्वाद र छलफललाई जारी राख्दै अघि बढिरहेको सन्दर्भलाई हेर्दा निराशै भइहाल्ने स्थितिमा नरहेपनि शान्ति प्रक्रियालाई टुङ्गोमा पुऱ्याउनका लागि सबै राजनीतिक दलहरू इमान्दार बन्नुपर्ने आवश्यकता छ ।

राजनीतिक दलहरू इमान्दार हुन नसकेको, दण्डहीनता बढेको, नागरिकहरूमा असुरक्षाको महसुस भएको, तराई क्षेत्रमा विभिन्न सशस्त्र समूहहरूको अराजनीतिक गतिविधिहरूलाई राज्यले नियन्त्रण गर्न नसकेको, नेपालको अन्तरिम संविधान २०६३ र विस्तृत शान्ति सम्झौतामा उल्लेखित प्रावधानहरूको इमान्दार रूपमा कार्यान्वयन हुन नसक्दा देशको स्थिति झन जटिल बन्दै गएको छ ।

राजनीतिक दलहरूको बीचमा रहेको अविश्वास सम्वादका माध्यमबाट अन्त्य गर्दै संविधान निर्माण प्रक्रियालाई तीव्र गतिमा अघि बढाउनुपर्ने र राष्ट्रिय सहमतिको सरकार निर्माण गरी शान्ति प्रक्रियालाई टुङ्गोमा पुऱ्याउनुपर्ने आजको आवश्यकता हो । कानुनको शासन, लोकतन्त्रका मूल्य मान्यतालाई अङ्गीकार गर्दै हिजो सम्पन्न भएका विभिन्न सम्झौता र सहमतिहरूको कार्यान्वयनबिना नयाँ संविधानको निर्माण र शान्तिप्रक्रिया अघि बढ्न नसक्ने हालको यथार्थ हो । एकीकृत माओवादीले आम राजनीतिक शक्ति र नागरिकहरूलाई शान्तिपूर्ण राजनीतिमा उसको विश्वास रहेको, बहुलता र कानुनी शासन मान्न तयार रहेको र नागरिक स्वतन्त्रताप्रति माओवादी इमान्दार रहेको विश्वास व्यवहारमा दिलाउनुपर्ने आवश्यकता छ ।

मुलुकमा जसले जे गरे नि हुन्छ भन्ने खालको दण्डहीनताको श्रृङ्खला बढ्दै गएको, भ्रष्टाचारले सीमा नाघेको र राजनीतिक दलहरूका बीचमा एकले अर्कालाई समाप्त पार्ने खेल जारी रहेकाले आम नागरिकहरूमा निराशा छाएको छ । मुलुकले चाँडो निकास पाउनुपर्ने, त्यसका लागि राजनीतिक दलहरू नै जिम्मेवार भएकाले सत्तास्वार्थ त्यागेर देश र जनताप्रति उत्तरदायी बन्नुपर्ने र आमजनतामा बढ्दो चिन्ता र निराशालाई समयमै चिर्न नसकिए मुलुक झन ठूलो सङ्कटमा फस्ने खतराप्रति संवेदनशील भएर सोच्नु राजनीतिक दलहरूको जिम्मेवारी हो ।

राजनीतिक शुन्यताको फाइदा उठाएर देशका प्राकृतिक श्रोत साधन दोहन हुन थालेका छन् भने स्थानीय निकायमा भएका भ्रष्टाचारका कहालीलाग्दा कथाहरू सार्वजनिक भएका छन् । शान्ति सुरक्षा जस्तो संवेदनशील विषय गौण भएका छन् । खाद्य सामग्रीमा भएको कालोबजारीको अनुगमन गर्ने निकायको मौनताका कारण आकासिएको महँगीले सर्वसाधारणको जनजीवन कष्टप्रद भएको छ । तर, यी र यस्ता विषयमा नेपाली जनताका लागि बोलिदिने कोही पनि नभएको हो कि भन्ने भान नेपाली जनतालाई पर्न थालेको छ । विस्तृत शान्ति सम्झौतामा उल्लेख गरिएका बेपत्ता आयोग, सत्य निरुपण तथा मेलमिलाप आयोगको चर्चा हुन थालेको लामो समय हुँदा समेत यी विषय गौण भएका छन् । देशको बिग्रँदो अवस्था र , यही मौकाको फाइदा उठाउन लोकतन्त्र विरोधीहरू विस्तारै सल्बलाउन थालेका छन् । नेपाली जनताले लोकतन्त्रका लागि पटकपटक सङ्घर्ष गरेका छन् । हरेक परिवर्तन पछाडि जनताको चाहना समृद्धि र विकास हुने गरेको छ । तर, परिवर्तन अगाडि कयौँ वाचा गर्ने राजनीतिक नेतृत्व सत्ताको स्वादसँगै विगत भुल्न थाल्छन् । हामी नेपालीको दुर्भाग्य नै भन्नुपर्छ, हाम्रो परिवर्तन प्रतिको चाहना नेपालका राजनीतिक नेतृत्वले कहिल्यै पूरा हुन दिएन । जनताका लागि भनेर गरिएका वाचा र सहमति सत्ता चढ्ने भऱ्याङमात्र भए । नेपाली जनताले गरेको बलिदान कसैलाई सत्तामा पुऱ्याउनका लागि मात्र होइन भन्ने कुरा दलहरूले बिर्सनु हुन्न ।

मेचिदेखि कालीसम्म ज्यूँदो छ

मध्ययुगीन अवशेष

मध्ययुगीन समाजमा कुनै विपत्ति-आइ लाग्यो भने भन्ने गरिन्थ्यो "यो सब बोक्सीको काम पनि हुन सक्छ।" त्यसपछि सुरु हुन्थ्यो- "वीच हण्ट" अर्थात् "बोक्सीको खोजी"।

समाजका लागि बोझ बनेकी कुनै असाहय, वृद्धा महिला बोक्सी कहलाइन्थी। कहिलेकाही घर परिवार भित्रैबाट परिवारको कुनै महिला सदस्यलाई बोक्सी भनेर घरबाट निकाल्ने तारतम्य मिलाइन्थ्यो। बोक्सी कहलाइएपछि आफ्नै घरको दैलोभित्र र बाहिर सबैतिर प्रकारको निशाना बन्थे।

मध्ययुगको त्यस्तो प्रचलन आजको विश्व समाजबाट पनि हराएको छैन। हाम्रै देशको मेचीदेखि कालीसम्म सबैतिर ज्यूँदो छ-मध्ययुगीन अवशेष। युग बदलिए पनि मानिसका अन्धविश्वासहरू काम छन्, आज पनि "वीच हण्ट" जारी छ। तर मध्ययुगदेखि आजसम्म कसैले उठाउन सकेको छैन बोक्सी । बोक्सी वास्तवमा कस्ती हुन्छे कसैलाई थाहा छैन।

बोक्सीलाई कसैले पक्रन सकेको छैन। बोक्सी वास्तवमा कस्ती हुन्छ कसैले देख्न पनि सकेको छैन । किनकी बोक्सी भन्ने कुरै हुँदैन । हाम्रो जस्तो देशमा त्यस्ता विज्ञानसङ्गत सोच भएका प्रगतिशील मानिसहरूका सामु चुनौती बनेर उभिएको छ बोक्सीको नाममा फैलिएको अन्धविश्वास।

राजधानी जिल्लासँगै जोडिएको धादिङको ढोला गाविसको वडा नं. ४ सार्कीगाउँमा चैत १९ गते भएको दुईटी महिला माथिको अत्याचार सम्बन्धमा एक दैनिक समाचार पत्रले लेख्यो- "एक्काइसौं शताब्दीको संघारमा पनि नेपालको ग्रामीण समाज मध्ययुगीन कालरात्रीमा नै उल्झिएको छ।"

धादिङबेसीबाट दुई घण्टा पैदल हिँड्दा ढोलाको सार्कीगाउँ पुग्न सकिन्छ । राजधानीबाट बसमा दुई घण्टा यात्रा गर्दा धादिङ बेसी पुगिन्छ । तर त्यहाँकी त्रिपन्न वर्षे काली र एकतीस वर्षे समुन्द्री सार्कीले मध्ययुगीन बर्बरता सहनु पर्‍यो।

सार्की गाउँकी सुन्तली र काली सार्की कुनै कारणले अस्वस्थ भए। दुवैको उपचार गराउन नाममा नलाङ गाविस ऐंसेलुघारीका लालबहादुर सार्की नामक कथित झाँक्रीलाई बोलाइयो। कथित झाँक्रीले उपचार गर्ने नाममा सुन्तली सार्कीको निधार र दुवै गालामा पन्यू तताएर डामे। त्यसपछि समुन्द्री अर्की सार्की र काली सार्की नामक महिलालाई बोक्सी ठहऱ्याइयो। झाँक्रीको ठहर बमोजिम दुवै निरीह महिलाहरूउपर नराम्रोसँग कुटपिट गरियो। दुवैलाई जबरजस्ती दिसा समेत खुवाइयो। दुवेको अवस्था चिन्ताजनक भयो। स्थानीय समाजसेवी र मानवअधिकार कार्यकर्ताहरूको पहलमा अस्पताल नपुऱ्याइएको भए दैको ज्यान जाने थियो । धादिङ अस्पतालले दुवैको ज्यान जोगायो। मेडिकल सुपरिटेण्डेण्ट डा. नित्यप्रसाद खनाल आश्चर्य व्यक्त गर्दछन् - "सामाजिक कुरीतिको जग कस्तो फैलिएको ।"

वृद्ध, अशक्त र रूपविहिन महिलाहरू नै बोक्सी कहलाउँछन्। ईश्वरपुर गाविस-३, सर्लाहीकी पचास वर्षीया समरीया देवी महतो नूनियाले पनि ०५२ जेठ १५ गत जीवनको सबभन्दा नराम्रो दिन देख्नु पर्‍यो। त्यस दिन गाउँका सबै जातिका चल्तापूर्जा मानिसहरूले उनी एक्ली महिलामाथि संयुक्त आक्रमण गरे। उनलाई बेस्सरी कुटियो। उनको कपडा पनि च्यातचुत पारियो।

सर्लाहीकै पिपरिया गाविस-७, की तीस वर्षीय वृजानीदेवी ठाकुरले पनि गएको वर्ष साउन ३ गते यातनापूर्ण दिनको सामना गर्नुपर्‍यो। उनलाई बोक्सीको आरोप मात्र लगाइएन उनले कुटपिटको पनि शिकार हुनु पर्‍यो। उनलाई गाउँबाटै निकालियो।

०५३ साउन १४ गते मटिहानी-९ महोत्तरीकी बैसट्ठी वर्षीया पारोदवी सोनारलाई केही उदण्ड व्यक्तिले बोक्सी भनेर कुटपिट गरे। उनलाई जबरजस्ती दिसा खुवाइयो। केही समाजसेवीहरूले हस्तक्षेप नगरेको भए उनको ज्यानै पनि जान सक्थ्यो।

०५३ मङ्सिर २९ गते नरहा गाविस-४ सिराहाकी मुर्तिदेवीको बिहे भयो। दुलहीलाई भेट्न अरू मानिसहरू जस्तै मुल्लोदेवी पनि गएको थिइन्। बिहेको भोलिपल्ट नयाँ दुलहीले कुनै कारणवश: रगत बमन गर्न थालेपछि नयाँ दुलहीका अन्धविश्वासी आफन्तहरूले मुल्लोदेवीलाई बोक्सीको आरोप लगाए। भोलिपल्ट पैंतीस वर्षीया मुल्लादेवीमाथि आक्रमण गरियो। उनलाई दिसा खुवाइयो। झाँक्रीको आदेश अनुसार उनलाई त्यसरी फोहोर खुवाइसकेपछि पनि मूर्तिदेवीको व्यथा सञ्चो भएन। अनि मात्र अन्धविश्वासी गाउँलेहरू झस्किए।

आङदी गाविस तेह्रथुमका रनहाङ लिम्बूको दुखेसो गत वैशाख मध्यको एक साप्ताहिकमा यसरी उधृत गरिएको थियो। छिमेकीको सुँगुर मऱ्यो- दोष मेरा स्वास्नीमाथि। कुखुरा मऱ्यो, गोरू मऱ्यो, दोष फेरि मेरी स्वास्नी माथि। छिमेकीको घर परिवारमा कोही बिरामी पऱ्यो- दोष मेरी स्वास्नीमाथि नै। तिनले मेरी स्वास्नीलाई बोक्सी साबित गर्ने दुष्प्रयास गरे- धामी बोलाए।"

उनकी पत्नीलाई बोक्सीको आरोप लगाइयो। धामीले ती निरीह महिलामाथि सिस्नो लगायो। उनको अनुहारमा हाँडीको मेसो दलियो रनहाङ लिम्बू गरिब र निमुखा भएकै कारण उनकी पत्नीलाई बोक्सीको आरोप लगाइएको हो भन्ने ठोकुवा गरे कतिपय गाउँलेहरूले। तर अन्धविश्वासी गाउँलेहरूले लिम्बू दम्पत्तिलाई सकेसम्म दुःख दिए।

०५३ असार २० गते बुधनगर गाविस-१ मोरङका राजकुमार मगर र उनकी पत्नीले पनि कुटपिटको शिकार हुनु पर्‍यो। पचास वर्षीय धनमायालाई बोक्सी भनियो र उनका साथ उनका पतिउपर पनि गरियो।

शमशेरगञ्ज गाविस-४ की एकाउन्न वर्षीया सुमती थरूनीलाई बोक्सीको आरोपमा त्यस्तै दुःख दिइयो। ०५३ साल साउन ३१ गते उनी र उनका पतिलाई दिसा समेत खुवाइयो। थारू दम्पत्तिमाथि सम्पूर्ण समाजका सामुन्ने दुर्व्यवहार गरियो।

कैलालीको बेला गाविस-३ की पैंतीस वर्षीया गङ्गा चौधरीले पनि बोक्सीको आरोपमा अनेक दुर्व्यवहार सहनु पर्‍यो। ०५३ साल असार २४ गते उनको कपाल मुडियो र उनलाई कुटपिट गरियो। केही समाजसेवीहरूको पहलमा अस्पताल नलगिएको भए उनको मृत्यु नै हुन सक्थ्यो। उन सात दिनसम्म अस्पताल बस्नु पर्‍यो।

नेपालका विभिन्न ठाउँहरूमा कथित बोक्सीलाई तह लगाउने नाममा गरिएका ज्यादतीहरूको अनेक नमुना देखिएका छन् । समाज जति सुकै अगाडि बढेको भए पनि मानसिकताका हिसाबले हामी मध्ययुगमा नै छैनौ र ? बोक्सीको आरोप लगाएर वा बोक्सीको खोजी गर्ने भनेर महिलाहरूमाथि गरिने उत्पीडनको अन्तय गर्न प्रभावकारी कदम चाल्न अब त ढिला पनि भइसक्यो। सरकार, जनप्रतिनिधि, महिला अधिकार वा मानवअधिकार कार्यकर्ता लगायत सबैले निधार खुम्च्याएर सोच्ने हो भने मात्र कसैले कसैलाई बोक्सीको रूपमा नदेख्ने समाजको सृजना हुन सक्छ।

(प्राची संचेतना द्वैमासिक, २०५५ असार)

अर्को वर्ष यस्तो नहोस्

यसपटकको वर्षपुस्तक हेर्दा दुःख यस अर्थमा लाग्यो कि जनताले भनेको कुराले राज्यको कानमा बतास लागेन । जनताले खानै नपाएर पनि मर्नु पन्यो र सपरिवार आत्महत्या समेत गर्नु पन्यो । कानुन बने, नीति बन्यो तर राजनीतिकर्मीहरू कानुन तोड्न र अपराधीलाई जोगाउन नाङ्गो भएर लागी परे । असल कुरा पनि कुन पार्टीले थालेको हो भन्ने आधारमा विरोधका एजेन्डामा पारिए ।

सुबोधराज प्याकुरेल

यसपालिको नेपाल मानवअधिकार वर्षपुस्तक २०११ फागुन ७ मा सार्वजनिक भयो। घटनाहरू विगतमा जस्तै प्रशस्त भए। नागरिकको सम्मान र सुनुवाईमा यसपाली पनि अनुकूल विकास नभएको देखेर मन खिन्न भयो। राज्यको प्रमुख काम भनेको जनताको संरक्षण गर्नु हो। राज्यले जनताको सम्मान र स्वतन्त्रताको संरक्षण गर्नु पर्छ। कारणवश आफ्नो जोहो आफै गर्न नसक्ने अवस्थामा पुगेका नागरिकको विशेष संरक्षण गर्न सक्नु पर्छ।

नागरिक सार्वभौम हुन्छन्। विचारको प्रतिपादन पनि नागरिकले नै गर्छन्। बहु-विचार, बहु-व्यवसाय, बहु-संस्कृति मानव जातिको पहिचान हो। नयाँ आविष्कार, नयाँ विचारको क्रम हरेक समाजमा निरन्तर रहने प्रवृत्ति हो। आफ्नो यो चरित्र र त्यसको लागि आवश्यक पर्ने स्वतन्त्रताका लागि सुरक्षा प्रथम र अनिवार्य शर्त हो। सुरक्षा भन्नाले प्रहरी र शान्ति सुरक्षा मात्र होइन। आफ्नो भविष्य र इज्जतको सुरक्षा हो । आफ्नो व्यवसायिक सुरक्षा हो । सम्पत्ति, परिवार र संस्कृतिको सुरक्षा हो। सुरक्षा तब हुन्छ जब यी कुराको अरुले सम्मान गर्दछन्।

मान्छे सर्वोत्कृष्ट प्राणी कहलिएको कारण के हो भने ऊ आफ्नो स्वतन्त्रता, विचार र व्यवहारका बारेमा अरुसँग सञ्चार गर्न सक्छ। ऊसँग वाणी र अक्षर दुवै छ। इतिहास र वर्तमान दुवै छ। ऊसँग तर्क भएको कारणले गर्दा उसले रीस उठ्नासाथ हान्नु, टोक्नु पर्दैन। यो मानव स्वभाव हो। यात्रा र सञ्चारले गर्दा मान्छे संसारभर फैलियो। उसका विचार र असल प्रभाव यत्रतत्र फैलिए। असल कुराहरूको समस्टी कानुन बन्यो। यिनै मान्यताहरूलाई विश्वव्यापी मान्यता दिन संयुक्त राष्ट्रसङ्घ जस्ता निकायको गठन गरियो। अब कुनै निरङ्कुश शासकले मेरो उर्दी, नियम भन्न पाउँदैन। उसका कानुन अन्तर्राष्ट्रिय कानुनसम्मत छन् कि छैनन्, व्यापक छलफलको प्रक्रिया पुऱ्याइएको छ कि छैन भनेर संसारले जाँचबुझ गर्छ।

स्वतन्त्र, शिष्ट र सृजनशील मानव चरित्रलाई सम्मान गर्न, बढावा दिन भनेर नै शासन प्रणाली र त्यसलाई चलाउन शासकीय स्वरूपको निर्माण गरिन्छ। भएकाबाट लिने र नभएकालाई हुने-खाने दर्जामा उकाल्न तिनको क्षमता बढाउने कार्यक्रम निर्माण गर्ने तथा हुने खानेबाट लिएको स्रोत सदुपयोग गर्ने कामको संयोजन गर्ने काम राज्यको हो। त्यसको कार्यकारी भूमिका सरकारले लिन्छ। नीति व्यवस्थापिकाले बनाउँछ। अन्याय भयो भएन भनेर अन्तिम जाँचबुझ न्यायालयले गर्छ। तर मुख्य स्रोत नागरिक नै हुन्। देशका मालिक र निर्माता उनीहरू नै हुन्। उनीहरूले यो यो दुःख-अत्याचार भयो भन्न पाउनु पर्छ र राज्यले त्यसको सुनुवाइ गर्नु पर्छ। यो राज्यको नैतिक-राजनीतिक काम हो र आर्थिक दायित्व, कर्तव्य र अनुशासन पनि हो। किनकि यो काम गर्दा उनीहरूलाई पारिश्रमिक खुवाउन जनताले कर तिर्छन्। राज्यले नागरिक र राज्यको दायित्व, जवाफदेहिता र साझेदारीको योजना बनाउन सक्छ। त्यसको बर्खिलाप गर्नेलाई कानुन बनाएर सजाय दिलाउन पनि सक्छ। कानुन पालना गराउन बल प्रयोग पनि गर्न सक्छ। राज्यबाहेक अरु कसैलाई पनि बलको प्रयोग गर्ने अधिकार हुन्न।

यसपटकको वर्षपुस्तक हेर्दा दुःख यस अर्थमा लाग्यो कि जनताले भनेको कुराले राज्यको कानमा बतास लागेन। जनताले खानै नपाएर पनि मर्नु पन्यो र सपरिवार आत्महत्या समेत गर्नु पन्यो। कानुन बने, नीति बन्यो तर राजनीतिकर्मीहरू कानुन तोड्न र अपराधीलाई जोगाउन नाङ्गो भएर लागी परे । असल कुरा पनि कुन पार्टीले थालेको हो भन्ने आधारमा विरोधका एजेन्डामा पारिए।

जनताले नागरिक, राजनीतिक अधिकारको प्रयोगद्वारा आफ्ना आर्थिक, सामाजिक, सांस्कृतिक अधिकार प्राप्त गर्ने, त्यसको अनुगमन गर्ने र थप विकास गर्ने अवसर पाएनन्। दलहरूले जनताको यो अधिकारलाई सहजीकरण गर्नु पर्नेमा उनीहरू जनताको यो सार्वभौम अधिकारमा बाधा हाल्ने, उनीहरूलाई विभाजित गर्ने र कुनै बलियो हुल्याहाले जनतालाई त्रासले कज्याए जस्तै कज्याउने खेलमा मस्त रहे।

अर्को वर्ष यस्तो नहोस्।

मान्छे सर्वोत्कृष्ट प्राणी कहलिएको कारण के हो भने ऊ आफ्नो स्वतन्त्रता, विचार र व्यवहारका बारेमा अरुसँग सञ्चार गर्न सक्छ । ऊसँग वाणी र अक्षर दुवै छ । इतिहास र वर्तमान दुवै छ । ऊसँग तर्क भएको कारणले गर्दा उसले रीस उठ्नासाथ हान्नु, टोक्नु पर्दैन । यो मानव स्वभाव हो । यात्रा र सञ्चारले गर्दा मान्छे संसारभर फैलियो ।

राजनीतिले आत्मसात नगरेको मानवअधिकारका सवाल

विस्तृत शान्ति सम्झौताको कागजलाई आफ्नो अनुकूलतामा भजाउने ढाल बनाइयो । सम्झौतामा उल्लेखित प्रावधानहरूप्रति सम्झौताका पक्षहरू यस वर्ष पनि इमान्दार देखिएनन् । विस्तृत शान्ति सम्झौता शान्ति प्रक्रियाको मेरुदण्ड हो भनेर नथाक्ने नेताहरू सम्झौता भएको पाँचौ वर्ष प्रवेश भइसक्दा पनि त्यसमा उल्लिखित कतिपय महत्वपूर्ण प्रावधानहरूको कार्यान्वयनप्रति इमान्दार देखिएनन् । ६० दिनभित्र बेपत्ता नागरिकको अवस्था सार्वजनिक गरिने भनिएकोमा ६० महिना हुनलाग्दा पनि गरिएन ।

विजयराज गौतम

सन् २०१० मा मानवअधिकार उल्लङ्घन, ज्यादती र महिला, बालबालिका, दलित विरुद्धका मानवअधिकार विरोधी आपराधिक घटनाहरूको बाहुल्यता रहेको कुरा मानवअधिकार वर्ष पुस्तक २०११ को तयारीका क्रममा देशका ७५ जिल्लाबाट प्राप्त भएका विवरणहरू पढ्दा थाहा लाग्यो। विवरणहरूमा केही यस्ता सूचनाहरू पनि थिए, जसलाई पढ्दा आँखा टलपलाउँथे ।

लामो समयदेखि अस्वस्थ्य रहँदै आएकी बाँकेकी एक महिलाले आफूले उपचार पाउन नसकेको भन्दै छोरा छोरीसहित आत्महत्या गरिन् भने रुकमका ओली थरका एक परिवारले जवान छोरीको स्वास्थ्य उपचार गर्न नसकेको भन्दै छोरीसहित आमाबुबाले घरनजिकको रूखमा झुण्डिएर आत्महत्या गरे। त्यसैगरी दार्चुला जिल्ला खण्डेश्वरी गाविस३ थुम्तीका २५ वर्षीय सुमनसिंह ठेकरेको खाना खान नपाएर २०६६ चैत २९ गते राति मृत्यु भयो। दुई महिनादेखि गाउँलेसँग खाद्यान्न मागेर जीवन निर्वाह गरिरहेका सुमनको परिवार तीन दिनदेखि भोकै रहेका गाउँलेले जानकारी गराएका थिए । यी समाचारहरूले कमै सञ्चारमाध्यममा चासोको विषय बने यी । महत्वपूर्ण कुरा त यी विषय राजनीतिक दलहहरूका लागि सम्भवत: कार्यसूचिको विषय थिएनन्। प्रमुख दलहरू सत्ताको समीकरणमा व्यस्त थिए। साना दलहरू सत्ता साझेदारीका लागि च्याँखे थापिरहेका थिए।

पहुँचबाहिर रहेको स्वास्थ्यसेवा

माथिका घटनाहरूले गरिबीको रेखामुनि रहेका झण्डै ४० प्रतिशत नेपाली जनताले भोग्ने गरेका पीडाको प्रतिनिधित्व गर्छन्। संविधानत: स्वास्थ्यको अधिकारलाई मौलिक अधिकारको रूपमा प्रत्याभूत गरिएको मुलुकमा उपचार गर्न नसकेर नागरिकले सामूहिक आत्महत्या गर्नुपर्ने अवस्था आउनु भनेको राज्यको जवाफदेहीविहीनताको पराकाष्ठा हो। संविधानमा भएका सुन्दर शब्दप्रावधानले मात्र नागरिकलाई न्याय नहुँदो रहेछ भन्ने उदाहरण पनि हुन माथिका घटनाहरू। व्यवहार र विधि नफेरी केवल व्यवस्था फेरिँदैमा र नीतिमा परिवर्तन नभइ नेतामात्र परिवर्तन भएर जनताले वास्तविक लोकतन्त्र र मानवअधिकारको अनुभूति गर्न नपाउँदारहेछन्। नेपालका ४० प्रशितश गरिबीमुनी रहेका जनता जो आफ्नो जीवाकोपार्जनमा मात्र अहोरात्र लागिरहँदा पनि दुई छाक राम्ररी खान पाउदैनन् भने तिनीहरूका लागि हामीले सधैँ सुन्ने गरेको समावेशी लोकतन्त्र, जातीय राज्य अनि जारी शान्ति प्रक्रियाले के महत्व राख्ला र ?

सन् २०१० मानव विकास सूचकाङ्क अनुसार नेपालले उल्लेख्य प्रगति गरेको वर्ष हो। तर स्थलगत आधारमा अनुगमन गरिरहेको मानवअधिकार संस्थाका लागि संवेदनाहीनताको वर्ष रह्यो, यो वर्ष। संसारले सूचना र विकासमा गरेका प्रगतिले उचाइको सगरमाथा छुन लागेको बेला हाम्रो देश मानवअधिकारको विश्वव्यापी घोषणापत्रले अङ्गीकार गरेका मानवअधिकारको प्रत्याभूत गराउन राज्य असफल भयो। इन्सेकले विगत १८ वर्षदेखि नेपाल मानवअधिकार वर्ष पुस्तकबाट उजागर गर्दै आएको मानवअधिकार उल्लङ्घनका घटनाहरूको फेहरिस्त यसपटक पनि साँघुरिएन। विगतको सशस्त्र द्वन्द्वमा जस्तो दैनन्दिनको हत्या, हिंसाका घटनामा कमी आएको भए पनि मानवअधिकार ध्वंसका नयाँ रूप र स्वरूपहरू देखा परे। आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धमा गम्भीर प्रकृतिका घटनाहरू पनि वर्षपुस्तक मार्फत सार्वजनिक भए।

यसैवर्ष मध्य र सुदूरपश्चिमाञ्चल क्षेत्रमा मात्र झाडापखालाका कारण ५० जना भन्दा बढीले ज्यान गुमाए। ती क्षेत्रमा गत वर्ष पनि झाडापखाला महामारीका रूपमा फैलिँदा ४ सयभन्दा बढी व्यक्तिको मृत्यु भएको र हजारौँ प्रभावित भएका थिए। गत वर्ष झाडापखालाको प्रभाव देखिएका गाविसहरूमै पुन: प्रकोप फैलिनु र केही हप्तामा सयौँका सङ्ख्या त्यसबाट प्रभावित हुनु, सम्बन्धित सरकारी निकायको अनुत्तरदायित्वको प्रमाण त हुँदै हो। साथै राज्यको संवेदनहीनताको प्रतिविम्ब पनि हो। ती क्षेत्रमा गत वर्ष झैँ यस वर्ष पनि दरबन्दी अनुरूप स्वास्थ्यकर्मीको नियुक्त नहुनु अनि भएका दरबन्दीमा समेत स्वास्थ्यकर्मीहरू नपुग्नु यसको कारण हो। किन यस्तो भइरहेको छ ?

शान्तिप्रक्रिया सुरु भएपश्चात् नेपालको राजनीति सत्ता समीकरण, सरकार निर्माण र विघटनकै वरिपरि घुमिरहेको छ। आम नेपाली जनताको मुद्दा केन्द्रीय राजनीतिले आत्मसमात गर्नै सकेको छैन। गणतन्त्रको स्थापनासँगै देशले अँगालेको आर्थिक, सामाजिक र सांस्कृतिक क्षेत्रमा नेताहरूले सँधै दोहोऱ्याउने गरेको युगान्तकारी परिवर्तन केवल बोलीमा मात्र सीमित रह्यो। विकासमा भएको विभेद अहिले पनि जारी छ। विकासको विकेन्द्रीकरण

नारामा अल्झिएको गाँठो अझै फुक्न सकेको छैन।

आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धिको नेपाल पक्ष राष्ट्र भएको पनि करिब १५ वर्ष बितिसकेको छ। त्यो र भावी संविधानमा यो विषय मौलिक अधिकारको रूपमा समावेश गर्ने प्रसङ्ग चलिरहँदा जनताका दैनन्दिनका समस्याहरू, बेरोजगारी, आकासिँदो महँगी, माहिलामाथि हुने विभेद जस्ता विषयहरू सदनको बहसको विषय नै बनेनन्। मानौँ राजनीति बाहेक सदनमा बहस गर्ने विषय अरू छँदै छैनन् र त्यहाँ जनताका सरोकारका विषयले प्रवेश पाउनु नै हुँदैन। यस्ता घटनाहरूले न त सदनमा प्रवेश पाए न यसबारे कुनै राजनीतिक दलले चिन्ता व्यक्त गरेबाट नेपालमा मानवअधिकारको संस्कृति, सबैले आफ्नो हक अधिकारको उपभोग गर्न पाउने अनि भयरहित वातावरणमा जीविकोपार्जन गर्न पाउने स्थितिको लामो यात्रा तय हुन निकै समय लाग्ने भन्ने साबित भएको छ। यस्ता प्रवृत्तिप्रति जनताको सर्वोच्च निकायको रूपमा व्यवस्थापिका संसदको निसङ्ग मौनताले आगामी दिनमा आमनागरिकमा निकै नैराश्यता थप्ने छ भने जनप्रतिनिधिहरूप्रति निकै नकारात्मक भावना पैदा हुनेछ।

विस्तृत शान्ति सम्झौताको कागजलाई आफ्नो अनुकूलतामा भजाउने ढाल बनाइयो। सम्झौतामा उल्लिखित प्रावधानहरूप्रति सम्झौताका पक्षहरू यस वर्ष पनि इमान्दार देखिएनन्। विस्तृत शान्ति सम्झौता शान्ति प्रक्रियाको मेरुदण्ड हो भनेर नथाक्ने नेताहरू सम्झौता भएको पाँचौ वर्ष प्रवेश भइसक्दा पनि त्यसमा उल्लिखित कतिपय महत्वपूर्ण प्रावधानहरूको कार्यान्वयनप्रति इमान्दार देखिएनन्। ६० दिनभित्र बेपत्ता नागरिकको अवस्था सार्वजनिक गरिने भनिएकोमा ६० महिना हुनलाग्दा पनि गरिएन। ३० दिनभित्र भण्डारण गरिने भनिएको बारुदीसुरुङको हालसम्म व्यवस्थापन नहुँदा विस्फोटनमा परेर सर्वसाधारणले ज्यान गुमाउनेक्रम पनि रोकिएन। सम्झौतामा उल्लेख गरिएबमोजिम बेपत्ता जाँचबुझ आयोग, सत्यनिरूपण तथा मेलमिलाप आयोग, राज्य पुनरसंरचना आयोग, उच्चस्तरीय अनुगमन संयन्त्र आदि यस वर्ष पनि गठन हुन सकेनन्। कब्जा गरिएका सम्पत्ति फिर्ता गर्ने सम्झौताविपरीत थप कब्जा गर्न थालिएका समाचारहरू वर्षैभरि सार्वजनिक भइरहे।

महिला : अझै अबला

सरकारले सन् २०१० लाई घरेलु हिंसा विरुद्धको वर्षको रूपमा घोषणा गरेर विशेष कार्यक्रमहरू सञ्चालन गऱ्यो। सरकारले महिला सशक्तिकरण र महिला हिंसा विरूद्ध विविध योजना तर्जुमा गरेको छ। ती आयोजनका प्रतिफल कुन रूपमा प्राप्त हुने हो त्यो भने भावी दिनले बताउनेछ। तर ,अघिल्लो वर्षको तुलनामा महिलामथि हुने हिंसाका घटनाहरू यस वर्ष बढी अभिलेख भए । महिला हिंसा विरुरूद्धको १६ दिने अभियान चलिरहेकै अवधिमा दैलेखमा एक शिक्षकद्वारा अपाङ्ग किशोरी बलात्कृत भएको लगायत देशैभरि बलात्कारका समाचारहरू बाक्लै रूपमा सार्वजनिक भइरहे। साढे दुई वर्षकी बालिका र सत्तरी वर्षीया वृद्धा पनि यस वर्ष बलात्कृत भए।

भनेजति दाइजो नल्याएको, छोरा नपाएको, खानलाउन मागेको आदि आरोपमा महिलामाथि घरेलु हिंसाका घटनाहरू हुने गरेका छन्। यस वर्ष दाइजो नल्याएको आरोपमा १२ जना महिला आफ्नै परिवारबाट मारिए। मादक पदार्थ सेवन गरेर भएको विवादका क्रममा छ जना मारिएका थिए भने अन्य कारणमा ५० जना महिला आफ्नै परिवारबाट मारिनु पऱ्यो। यी ६८ जना पीडितहरूमध्ये ५८ जना आफ्ना पतिको समेत संलग्नतामा मारिएका थिए भने १० जना परिवारका अन्य सदस्यहरूद्वारा हिंसाका शिकार भएका थिए। महिला हिंसाका धेरैजसो घटना लोकलाजका कारण बाहिर नआउने र सतहमा आएका कतिपय पनि प्रहरी तथा गाउँ समाजमै मिलापत्र हुने गरेको पाइएको छ। खोटाङ्की एक महिलालाई उनका पतिले आगो लगाएर हत्या गर्न खोजेको भन्दै उनीहरूका छोराले जाहेरी दिएका थिए। तर, आधा शरीर जलेर विरूप भएकी पीडितले दुर्घटना भएको भनेर मिलापत्र गर्न पुगिन्। घरेलु हिंसाका धेरै मुद्दाहरू यसरी नै मिलापत्र गराइने गरेको सूचना इन्सेकमा अभिलेख भएको छ। सन् २०१० मानवीय संवेदनहीनताको पनि वर्ष हो।

महिलामाथि हुने यस्तो प्रकारको ज्यादतीलाई रोक्न सामाजिक संचेतना वृद्धिका कार्यक्रम र प्रचलित कानुनमा सुधार गर्नुपर्ने आवश्यकता यी घटनाहरूले औँल्याएका छन्।मानव अधिकार प्रतिको राज्यको ओठेभक्ति अनि मानवअधिकारको मूल्य मान्यताप्रति सकारात्मक योजना कार्यक्रम र नीति निर्माणमा भएको अकर्मण्यताले नेपालले अँगाल्न खोजेको मानवअधिकारमैत्री समाजको परिकल्पना कोसौँ टाढा रह्यो।

विधिको अवमानना

यस वर्ष पनि अपराध र दण्डहीनता मानवअधिकारको मुख्य चुनौतीको रूपमा रह्यो। सरकारले शान्ति सुरक्षामा सुधार गरेको दाबी गरिरहँदा तराईका केही ठाउँमा तुलनात्मक सुधार देखिए पनि अधिकांश ठाउँमा अपराधका घटनाहरू झनै भयावह रूपमा देखिए। मूलत: अपहरण, फिरौती र हत्याका घटनाहरूले समाज आक्रान्त भयो। समाजका विशिष्ट व्यक्तिदेखि सामान्य जीविकोपार्जन गर्नेहरूसम्म अपहरणको त्रासबाट बच्न सकेनन्। अपराध रोक्ने, अपराध भइसकेको अवस्थामा अपराधी पक्राउ गर्ने र पक्राउ गरेको अवस्थामा अपराधीलाई कानुनी कारबाही गर्ने यी सबै अवस्थामा प्रहरी सक्रियता सन्तोषजनक रहेन। बाँकेको नेपालगञ्जमा एक पटके अपराधीको समूहले दुई स्कुले बालकलाई अपहरणपछि १० लाख रुपियाँ फिरौती समेत लिएर विभत्स हत्या गऱ्यो। यस्तै प्रकृतिका घटनाहरू त्यसपछि पनि देशका विभिन्न भागमा भइरहे तर त्यसको रोकथामका लागि प्रभावकारी सुरक्षा रणनीति अपनाइएको अनुभूति गर्न पाइएन। यता यस वर्ष पनि कतिपय गम्भीर अपराधमा प्रहरीहरूकै संलग्नता रहेको समाचारहरू सार्वजनिक भए। यसले प्रहरी संस्थाभित्र नै सुधारको आवश्यकता देखाएको छ।

कानुनी सर्वोच्चता लोकतन्त्रको सर्वमान्य सिद्धान्त हो। नेपालको अन्तरिम संविधान २०६३ ले पनि सबै नागरिक कानुनको दृष्टिमा समान हुनेछन्। कसैलाई पनि कानुनको समान संरक्षणबाट वञ्चित गरिने छैन भन्ने व्यवस्था गरेको छ। तर व्यवहारमा यसको अनुभूति गर्न पाइएन। सर्वोच्च अदालतले ज्यान मारेको उद्योगमा दोषी प्रमाणित गरी सर्वस्वसहित जन्मकैदको फैसला गरेका एकीकृत माओवादीका सभासद् बालकृष्ण ढुङ्गेलले अदालतको आदेश मानेनन्। न त उनी आवद्ध दल एकीकृत माओवादीले सो आदेशको पालना गराउनेतर्फ केही गऱ्यो। यता काभ्रेपलाञ्चोक जिल्ला अदालतद्वारा गरिएका मैना सुनवार हत्याकाण्डका आरोपित नेपाली सेनाका अधिकृत निरञ्जन बस्नेतलाई सेनाले अदालत

मानमर्यादा, संस्कार जीवनशैली एकैप्रकारको छ। तर चाखलाग्दो कुरा के छ भने मधेसी भनी चिनिएका वा पहिचान बनाउन खोजेका समुदायहरूको बीचमा भाषा, गीत, सङ्गीत, धार्मिक अनुष्ठानसम्बन्धी मान्यतामा व्यापक फरक पाउन सकिन्छ। यसको अर्को प्रमाण चाडपर्वमा मधेस समुदाय बीचमा पनि एकरूपता छैन। मधुश्रवणी, छठ, मैयाइज, झिझिया, जटुजटिन, समाचकेवा, डोमकक्ष, बरसाइत, दशहरा, लक्ष्मीपूजा, फागु, जुडशीतलजस्ता चाडपर्वमा अलग अलग भाषा तथा क्षेत्रका समुदायमा आफ्नै अलग परम्परा छ।

अर्काथरी केही विद्वानहरूको भनाइ अलि फरक छ, मधेसी भन्ने त्यो समुदाय हो, जसमा पहाडे तागाधारी समुदाय जस्तो ब्राम्हण, क्षेत्री, जनजाति, दलित आदिमा विभाजन भएजस्तो विभाजन छ। मधेसी मात्रले समग्र मधेसीको प्रतिनिधित्व गर्दैन। उच्च घरानियाँ वा सम्भ्रान्त समुदायका मानिसहरूले फाइदा पाउने गरी मधेसीको व्याख्या भइरहेकोले सुक्ष्म अध्ययन गरी मधेसमा बस्ने जनजाति, दलित, पिछडा वर्गको हितमा अलग तर बृहत्तर सम्बोधनको आवश्यकता छ। यस लेखमा मधेसको सामाजिक बनोट तथा भाषा, संस्कृति आदिको चर्चा नगरी विशेष गरी हालमा मधेसी समुदायहरूबाट उठान गरिएका विविध सवालहरू तथा मधेसको मानवअधिकारको अवस्थाको बारेमा छलफल गर्न खोजिएको छ।

२) मधेसका चासोका विषयको उठान

मधेसका चासो तथा सरोकारका विषयहरू लामो समयदेखि नै कुनै न कुनै रूपमा उठिरहेका छन्। विशेषत: मधेसी समुदायले राज्यको सबै तहहरूमा सम्मान तथा व्यवस्थित रूपमा समानताको आधारमा पहिचानसहितको अवसर र पहुँचको लागि आवाज उठाउँदै आएको पाइन्छ। वर्तमान अवस्थामा मात्रै होइन विगतमा पनि यस विषयमा केही प्रयासहरू भएको देखिन्छ। वि.सं. २०१५ सालमा मधेसी समस्यालाई नेपाली तराई काङ्ग्रेसको तर्फबाट त्यसका अगुवा वेदानन्द झालगायतले उठाएका थिए, जसलाई त्यस समयमा स्थायी समाधान गरिएन। त्यसैगरी २०२४ सालमा रामराजाप्रसाद सिंहले तत्कालीन स्नातक सङ्गठनको अध्यक्षमा टुँडिखेलको खुलामञ्चबाट उम्मेदवारी दिएर एक किसिमको विद्रोह गरी मधेसी आन्दोलनलाई पुर्नजीवित गर्न खोजेको थिए। त्यसपछि कालान्तरमा २०४२ सालमा चर्चित बमकाण्ड गरेर चर्चामा रहेका थिए। तर उनको सङ्गठनले तत्कालीन अवस्थामा मधेसको मात्र विषय नउठाई तत्कालीन राजतन्त्रको विरूद्धमा हिंसाको शुरूवात गरेको बुझिन्छ, हाल उनको सङ्गठन सक्रिय अस्तित्वमा छैन।

पछिल्लो समयमा २०४० को दशकबाट सप्तरीका गजेन्द्रनारायण सिंहले नेपाल सद्भावना परिषद्बाट सद्भावना पार्टी हुँदै यस अभियानलाई अघि बढाए। यसले मधेसका विषयहरूलाई केही हदसम्म संस्थागत रूपमा उठाउन खोजेको पाइन्छ। केही समय अघिसम्म मधेसी समुदायको प्रतिनिधित्व गर्ने यो मात्र एक क्षेत्रीय दलको रूपमा रहेको थियो र हाल पनि विभिन्न समूहमा विभाजित भए पनि यो अस्तित्वमा छ।

२०४६ सालको राजनीतिका परिवर्तनपश्चात् राजाको प्रत्यक्ष नेतृत्वको अन्त्य भई उदार बहुदलीय प्रजातान्त्रिक व्यवस्थाको स्थापना भयो। यसमा राज्यमा बसोबास गरेका धेरै समुदायहरूले आफना अधिकारहरूको लागि आवाज उठाउन तथा त्यसमा वकालत गर्न धेरै अवसरहरू पाए। त्यस अवस्थामा निर्माण भएको संविधानलाई उच्चस्तरको प्रजातान्त्रिक संविधान भनिए पनि राज्य संरचनामा समानुपातिक तथा समावेशी मूल्य मान्यताको वैधानिक अभाव भएकोले मधेसी समुदायलगायत अन्य राज्यका मूल प्रवाहमा विभिन्न कारणहरूले विगतमा अवसर र पहुँचबाट व्यवहारमा बहिष्करणमा रहेका समुदायहरू व्यवस्था परिवर्तनपश्चात् पनि समावेश हुन सकेनन्।

मानवअधिकार उल्लङ्घनका विषयहरू जुनसुकै समाज तथा समुदायमा जसरी भए पनि वा जसले गरे पनि त्यसको निष्पक्ष छानविन गरी दोषी देखिएका जो कोहीलाई पनि उन्मुक्ति नदिई कानुनको दायरामा ल्याउनुपर्छ । मानवअधिकार उल्लङ्घन तथा ज्यादतीबाट प्रभावित तथा पीडित भएका व्यक्ति तथा समुदायलाई परिपूरणको यथोचित व्यवस्था अनिवार्य गर्नुपर्छ ।

यो अवस्थाको अन्त्यका लागि विभिन्न मञ्चहरूबाट मधेसी समुदायले आवाज उठाइरहेका थिए। यसै बीचमा तत्कालीन नेकपा माओवादीले जातीय, वर्गीय, लैङ्गिक, भाषिक लगायत राज्यको मूल प्रवाहबाट बहिष्करणमा परेका थुप्रै समुदायहरूलाई विभिन्न तरिकाले गोलबन्द गर्दै लैजाने क्रममा मधेसमा पनि मधेसी समुदायको हक अधिकारप्रति सचेत तथा आन्दोलन गर्ने कार्य भयो।

अर्कोतिर अन्य राजनीतिक दलहरूमा रहेका मधेसी समुदायहरूले मधेसीहरूको बीचमा अन्तरदलीय मधेसी मञ्च, मधेसी नागरिक समाजजस्ता संस्थाहरू लागायत मधेसी बुद्धिजीवी, राजनीतिक नेता, सामाजिक कार्यकर्ता, विद्यार्थी सङ्गठनहरूले मधेसीको समस्यालई दृढतापूर्वक आवाज उठाउन थाले। विशेष गरी मधेसी युवा, विद्यार्थी तथा बुद्धिजीवीहरूले मधेसीहरू प्राचीनकालदेखि मधेसका बस्दै आएका धर्तीपुत्र आदिवासी भएको दाबीसहित अन्य नागरिक सरह समान पहिचान, समान अवसर तथा पहुँचको लागि विभिन्न माध्यमबाट आवाज मुखरित गरिरहेका थिए।

३) मधेसी समुदायका वर्तमान समस्याहरू

मधेसी समुदायको हक हितका लागि केही नेता तथा समुदायहरूले मधेस र मधेसीका सरोकारहरूलाई केन्द्रमा राखेर आवाज मुखरित गरिरहेका छन्। राजनीतिक, सामाजिक, भाषिक, साँस्कृतिक, जनसाङ्ख्यिक लगायतका समस्याहरूलाई सम्बोधन गरी त्यसको सम्मान र भेदभावरहित तवरले प्राप्तिको लागि विभिन्न प्रकारबाट राज्यको ध्यानाकर्षण गराउने कार्यहरू भइरहेका छन्। वर्तमान अवस्थामा मधेसकेन्द्रित राजनीतिक दलहरू, नागरिक समाज, विद्यार्थीहरूद्वारा उठाइएका केही महत्वपूर्ण विषयहरूलाई लिपिबद्ध गर्ने प्रयास गरिएको छ।

क) जातीय र भाषिक विभेदको समस्या

पहाडी क्षेत्रमा बसोबास गर्ने तथा नेपाली भाषा बोल्ने समुदायलाई मात्र सक्कली नेपाली मानिने, उनीहरूको लवाइखवाइ, भेषभुषा, भाषा, संस्कृतिलाई राष्ट्रियता ठानिने परम्परा र परिपाटीको विकास गरिएको भनी मधेसवादी समुदायले आरोप लगाएको छ।

विशेष गरी भूभागको दृष्टिकोण तथा भाषा र संस्कृतिबाट अलग तरिकाले बसोबास गरेका मधेसी समुदायलाई पछि आएका (भारतबाट आएका) भनी नेपाली नमानिने प्रवृत्ति व्यवहारमा मात्र होइन, कानुनमा समेत विभेदको अवस्था भएको तथ्यलाई उठाइएको छ। एउटै राष्ट्रभित्र बस्ने तर, खस भाषा नबोल्ने तथा खस संस्कृति अवलम्बन नगरेका अनेकौं जाति तथा समुदाय सम्मानित नेपाली नागरिकको रूपमा रहेका छन् भने मधेसीहरूलाई त्यही अवस्था हुँदाहुँदै पनि अलग समुदाय मानी विभेद गरिएको छ भन्ने गम्भीर आरोप छ। देशको उत्तरतिर बस्ने जाति जनजातिलाई तिब्बत वा चीनबाट आएका भए पनि तिब्बती वा चिनियाँ नमानिने तर, दक्षिणी भेगमा बस्नेहरूलाई 'भारतीय' आदि नामले अपमान गर्ने गरिएको विद्यमान अवस्थाबाट मधेसी समुदाय आफ्नै धर्तीमा अपमानित भएको महसुस गरिरहेका छन्। मधेसी समुदायले उठाउँदै आएका विषयहरूमा क्षेत्रीय, भाषिक तथा सांस्कृतिक विषयलाई विभेद मानिएको छ।

ख) राज्य संयन्त्रमा समावेशीको समस्या

राज्यका महत्वपूर्ण निकायहरूमा मधेसीहरूको पहुँच न्यून रहेको छ। अझ सुरक्षा निकायमध्ये नेपाली सेनामा केही समय अघिसम्म यो शून्य अवस्थामा थियो। नीति निर्माण तह चाहे त्यो सरकारी संयन्त्र होस् वा राजनीतिक दल होस् समान हैसियतको पहुँच छैन। यस बीचमा केही मधेसी समुदायका व्यक्तिहरूको राज्य संयन्त्रमा प्रवेश भएको छ जुन व्यक्तिगत हैसियतमा वा देखाउनका लागि मात्र उपस्थित गराएको जस्तो देखिन्छ। नेपाली भाषालाई राष्ट्रिय भाषा मानिएकाले तथा राष्ट्रियतालाई भेषभुषा (दौरा सुरूवाल) तथा संस्कृतिमा जोड्ने गरिएकाले जुन मधेसी समुदायलाई असहज हुने कारणले उनीहरूको जनसाङ्ख्यिक अनुपातमा राज्यमा समावेश नभएको स्पष्ट हुन्छ ,जसका विरूद्ध आवाज उठाउने कार्य मधेसी समुदायको हितमा मात्रै होइन मानवअधिकारको पनि विषय हो।

ग) नागरिकता एवम् राष्ट्रियता

नगरिकता प्राप्ती नेपालीहरूको राष्ट्रियताको पहिचानको विषय मात्र नभई थुप्रै नागरिक अधिकारहरूको उपयोगका पूर्वशर्तका रूपमा व्यवस्थापन गरिएको छ। यसको अभावमा नेपाली भएर पनि मौलिक तथा नागरिक अधिकारहरूबाट वञ्चित हुने अवस्था छ। मधेसी मूलका मानिसहरू नागरिकता प्राप्त गर्ने प्रक्रियामा लामो समयसम्म बहिष्करणमा पर्दै आएका थिए। यो विषय २०६२/०६३ को आन्दोलनपश्चात् धेरै हदसम्म समाधान भएको छ। तर मधेसी समुदायबाट यसको माग यद्यपि जारी छ।

घ) मधेस र मधेसी भाषा, संस्कृतिको प्रवर्धन तथा संरक्षण

नेपाली र संस्कृत भाषाबाहेक अन्य भाषालाई सरकारबाट कुनै संरक्षण प्रदान गरिएको छैन। सरकारी कामकाजको भाषामा नेपाली भाषालाई मात्र अनिवार्य गरिएको छ, जसलाई सर्वोच्च अदालतले समेत अनुमोदन गरेको छ। तर, अर्कोतिर अन्य मातृभाषा, लिपी र संस्कृतिको रक्षा गर्न समुदायलाई अधिकार[५] दिइए पनि राज्यबाट कुनै सहयोग पुऱ्याइएको थिएन। अन्तरिम संविधान २०६३ मा यसलाई अलि फरक ढङ्गमा लिपिबद्ध गरिएको छ। मातृभाषालाई आधारभूत हक मानी त्यसको संरक्षणमा समुदायहरूलाई हक प्रदान गरेको छ।[६] संविधानको यो प्रावधान अन्य केही समुदायबाट सीमित अर्थमा प्रयोग भए पनि मधेसी समुदायले प्रयोग गर्न सकेका छैनन। राज्यबाट त्यसको लागि कुनै पहल भएको छैन। तर, अन्तरिम संविधानले धेरै हदसम्म भाषिक संरक्षणका लागि केही व्यवस्था गरेको छ। जसअर्न्तगत नेपालमा बोलिने सबै मातृभाषालाई राष्ट्रभाषा र[७] स्थानीय निकाय तथा कार्यालयमा मातृभाषा प्रयोगको अधिकारलाई सुनिश्चितता गरेको छ।[८] तर यी दुवै अवस्थाहरू व्यवहार र प्रयोगमा खासै महत्वका छैनन्।

वर्तमान संविधान तथा कानुनबाट राष्ट्रिय पोशाक (दौरा सुरूवाल, ढाका टोपी) को अवधारणालाई हटाई विभिन्न औपचारिक कार्यक्रमहरूमा ती पहिरनको अनिवार्यता नगरे पनि मधेसीमूलका नागरिकले सर्वत्र प्रयोग गर्दै आएको धोती, कुर्ता, पाइजामा, गम्छालाई सम्मानको दृष्टिले नहेरी हेयको दृष्टिबाट हेरिने गरिएको तथ्य मनन योग्य छ। यही सन्दर्भमा मधेसीमूल बाहेकका तर, दौरा सुरूवाल नलगाउने अन्य जाति तथा समुदायहरूले प्रयोग गरेको भेषभुषा तथा श्रृङ्गारमा कुनै भेदभाव तथा हेय गरिएको खासै पाइँदैन[९]। त्यसैगरी मधेसका स्थानीय चाडपर्वहरूमा सार्वजनिक बिदा दिने परिपाटी गरी राज्यबाट वर्तमानमा सम्मान दिन थालिएको भए तापनि लामो समयसम्म यसले मान्यता तथा सम्मान पाउन सकेको थिएन।

ङ) मधेसमा अन्य जातिको प्रवेश

समयको विकासक्रममा समथर र उब्जाउ भूमिको साथै भारतसँग सीमाना जोडिएका कारण बसोबास, व्यापार, रोजगारी, विकास, शिक्षा र सुविधाको दृष्टिकोणबाट मधेसको भूभाग मधेसी समुदायबाहेकका अन्य जातजाति तथा भाषाभाषीको आकर्षणको गन्तव्य बन्दै गएको थियो र छ पनि। विशेष गरी २०४६ सालको परिवर्तनपश्चात् नेपालीहरू विभिन्न अवसरको खोजीमा देशविदेशमा बसाइँ सरेर जाने कार्य तीब्र भएको मानिन्छ। यस बीचमा राज्य तहबाट पनि पुर्नवास तथा आवास कम्पनी आदिको नामबाट मधेसमा बसोबासको विस्तार हुन थाल्यो। मधेसमा अन्य जातिको बसोबास तथा बसाइँसराइको आँकडा २००८ सालमा गैर मधेसवादीहरूको सङ्ख्या ५.९ प्रतिशत रहेकोमा २०५८ सालमा आइपुग्दा ३० प्रतिशत नाघेको अवस्थाले यो तथ्यलाई समर्थन गरेको छ। यसलाई मधेसी समुदायले आफ्नो भाषा,संस्कृति तथा भूभागको अतिक्रमणको रूपमा व्याख्या गर्ने गरेको छ। जुन कुरा २०६३ सालपछि मधेसमा भएको जनआन्दोलनमा घोषित रूपमा प्रकट भएको थियो। मधेशमा गैरमधेसीको बसोबास तथा

५. नेपाल अधिराज्यको संविधान २०४७, धारा १८ (१० संस्कृति तथा शिक्षासम्बन्धी हक
६. धारा (१७) १) ३ नेपालको अन्तरिम संविधान २०६३
७. धारा ५ (१)नेपालको अन्तरिम संविधान
८. धारा ५ (३) नेपालको अन्तरिम संविधान
९. उपेन्द्र यादव/जे पी गुप्ता "राज्यको पुनसंरचनामा मधेशको एजेन्डा र संविधानसभाको दिशा" प्रकाशित राज्य पुनसंरचनासम्बन्धी अवधारणा : दलित मधेशीको सवाल प्रकाशक जातीय भेदभावविरुद्ध राष्ट्रिय मञ्च, काठमाडौं २०६२, पेज ११२

प्रवेशलाई मधेसी समुदायबाट आन्तरिक औपनिवेशिक नीतिको सङ्ज्ञा दिइएको छ।[10]

तर, नेपालको तत्कालीन संविधान २०४७[11] र वर्तमान संविधान २०६३[12] ले एकै प्रकारबाट नेपालको कुनै पनि भागमा आवतजावत र बसोबास गर्ने स्वतन्त्रतालाई मौलिक हकको रूपमा व्यवस्था गरे पनि यो विषयलाई धेरै क्षेत्रमा विवादित बनाइएको छ।

च) मधेसीहरूको शिक्षामा पहुँचको समस्या

समथर भूभाग, आवतजावतमा सजिलोपना, व्यापार र बजारको सुलभता विद्यालय र कलेजको प्रचुरता भए पनि मधेसी समुदायको शिक्षा प्राप्तिमा उल्लेख्य सहभागिता विगतमा हुन सकेन। यसका कारणहरूमा प्रथमत: भाषाको समस्या रह्यो, मधेसी समुदायले आफ्नो मातृभाषामा लेख्न पढ्न नपाउनु, पढेपछि माथिल्लो तहमा पुग्ने अवस्था तथा अवसर नदेख्नु मुख्य रहेका छन् भने अर्कोतिर पढेरभन्दा अन्य कार्य गरेर पैसा कमाउने पेशातिर आकर्षित छन्। मधेसी समुदायभित्र रहेको जातीय भेदभाव तथा आर्थिक विषमताले पनि गरीब र तल्लो जातिका मानिसहरूको शिक्षामा पहुँच नहुनु अर्को कारकतत्वका रूपमा रहेको छ। अर्कोतिर ठूलो सङ्ख्यामा रहेको मुसलमान समुदायले राज्यको मुख्य शिक्षा प्रणालीभन्दा बाहिर मदरसाजस्ता शिक्षाप्रणाली अवलम्बन गरेको लगायतका कारणहरूबाट विगतमा मधेस धेरै अवसरका बाबजुद पनि शिक्षा ग्रहणबाट वञ्चित गरियो जसलाई राज्यले जानेर पनि सुधार गरेन भन्ने आरोप छ।

छ) अन्धविश्वास तथा रूढीगत मान्यता

राज्यले सबै जातजाति, भाषाभाषीलगायत लैङ्गिक दृष्टिकोणबाट समानता तथा समावेशी मान्यताको आधारमा सबै नागरिकको विकास गर्न नसकेको तथ्य एकातिर हुँदाहुँदै पनि विशेष गरी मधेसी समुदायको समग्र विकासमा मधेसमा प्रचलित विभिन्न कुरीति, कुप्रथा तथा अन्धविश्वासले पनि केही हदसम्म भूमिका खेलेको हो की भन्ने पनि एकथरी विश्लेषकको दृष्टिकोण छ। मधेसी समुदायभित्र रहेको केही उच्च जातजातिको सामन्ती सोच, शोषण तथा अन्य जातिप्रतिको हेपाहा प्रवृत्ति पनि उल्लेख्य छ। लैङ्गिक दृष्टिकोणले भन्ने हो भने मधेसमा प्रचलित दाइजो प्रथा, बोक्सी प्रथा, घुम्टो प्रथाले महिलाहरू पुरूषको तुलनामा धेरै हेपिएको अवस्था छ। अर्कोतिर जातीय भेदभाव त्यसमा पनि मधेसी दलित समुदायहरू झन् चर्को शोषणमा परेको, साहू महाजन, जिम्दारी प्रथाले उनीहरूको आर्थिक र शारीरिक श्रम तीव्र बनाएको छ। यस्ता सवालहरूमा राज्यबाट बेलामा हस्तक्षेप गरी समानताको आधारमा व्यवहार नगरी शोषण तथा दमनलाई जारी राखेको गुनासो छ , भने अर्का विश्लेषण के छ भने मधेसका बुद्धिजीवी, नागरिक समाज, राजनीतिक दलहरूले सबै दोष पहाडे समुदाय वा सरकारमा थोपरेर आफू चोखिने र शोषणलाई कायम राख्ने प्रवृत्तिलाई मलजल गरिएको भन्ने पनि छ।

(४) मधेसको नागरिक समाज

हरेक देश तथा समाजमा केही निश्चित व्यक्तिहरू सामूहिक रूपमा स्वतन्त्रता, समानता, न्याय, स्वच्छ प्रशासन, उत्तरदायी पूर्ण सरकार, मानवअधिकारजस्ता विषयहरूमा स्वस्फूर्त रूपमा जम्मा भई वकालत तथा आवाज बुलन्द गरिरहेका हुन्छन्। सारांशमा राज्यको कुनै पनि सहयोग बिना त्यसरी अग्रगमन तथा परिवर्तनको लागि सङ्गठित भएका व्यक्तिहरूको समूहलाई सामान्यतया नागरिक समाज भनिन्छ।[13] प्रसिद्ध अमेरिकी समाजशास्त्री अमितायी इतजोयबीले नागरिक समाजलाई समुदायको आत्मा भनेका छन्।

हाम्रो सम्बन्धमा नागरिक समाजलाई नागरिकहरूले सार्वजनिक हितको संरक्षण र सम्वर्द्धनका लगि गठित अनौपचारिक तथा औपचारिक संस्था सञ्जाल वा सामाजिक आन्दोलनहरूको रूपमा लिई त्यस्ता क्रियाकलापबाट नागरिकमा अधिकार र कर्तव्यको चेतना, समाजको विवेकीकरण, र सहकार्यको नागरिक संस्कृतिको विकास हुन्छ भन्ने राजनीतिकशास्त्री देवराज दाहालको भनाइ रहेको छ।[14] हाम्रो देशमा नागरिक समाजको योगदान समाज-परिवर्तन वा राजनीतिक आन्दोलनहरूमा विशिष्ट किसिमको भए पनि दिगो रूपमा रहन नसकेको तथा केही हदसम्म सत्ता तथा अवसरको खोजीमा रहेको समुदाय भनी आलोचित पनि छ। राजनीतिक दलैपिच्छे जस्तो नागरिक समाजको अस्तित्व देखिएबाट पनि यो विषय आलोचित भएको हो। यद्यपि नेपाली नागरिक समाजको बारेमा विस्तृत अध्ययन र विश्लेषण हुनु जरूरी छ।

विशेषगरी २०४६ सालको राजनीतिक परिवर्तनपश्चात नागरिक समाज भन्ने शब्द र समूह सार्वजनिक हुन थाले, जसलाई विभिन्न सञ्चार माध्यम तथा सङ्घ संस्थाहरूले यस शब्दलाई सम्बोधन गरी प्रचार गरेको पाइन्छ। नागरिक समाजको पहल, प्रयोग र उपयोग विशेष गरी २०६२/०६३ को आन्दोलनलाई उचाइमा पुऱ्याउन, दश वर्से जनयुद्धलाई समाधान गर्न, विभिन्न जातजाति भाषाभाषी, सम्प्रदाय तथा वर्गहरूको अधिकारको वकालत गर्ने लगायतको कार्यमा व्यापक रूपमा रहेको देखिएको छ। त्यति मात्र होइन, केन्द्रमा सीमित नागरिक समाजको भूमिकाबाट प्रभावित भई विभिन्न क्षेत्रीय स्तरमा समेत नागरिक समाजको गठन भयो भने अर्कोतिर आफ्नो समूह, जाति, भाषा, वर्गको हक, अधिकारलाई सुनिश्चित गर्न त्यही समूहका व्यक्तिहरू मात्रै समाहित भएर पनि नागरिक समाज गठन गर्ने प्रवृत्ति समेत देखियो। जस्तो की जनजाति तथा आदिवासीहरूको लागि अलग्गै नागरिक समाज, दलितको नागरिक समाज, मधेसी नागरिक समाज आदि अवधारणा विकास भएको पाइन्छ।

मधेसी वुद्धिजीवी समुदायले विशेष गरी २०६३/०६४ को मधेस आन्दोलनमा मधेसको अधिकार स्थापित गराउन महत्वपूर्ण भूमिका खेलेका थिए यो क्रम हाल पनि जारी छ। दलहरूका बीचमा सैद्धान्तिक रूपमा समावेशी मान्यतामा सहमति भए पनि संविधानमा जनसङ्ख्याको आधारमा

---

१०. १० मा उल्लेख पेज ११३

११. धारा १२ (१) (घ) नेपाल अधिराज्यको संविधान २०४७

१२. धारा १२(३) (ङ) नेपालको अन्तरिम संविधान २०६३

१३. चन्द्रदेव भट्ट लोकतन्त्रमा नागरिक समाजको भुमिका समावेश आधुनिक राज्य निर्माण र संविधानको अन्तरविषयवस्तु, लेखक, काशीराज दाहाल, देवराज दाहाल, प्रकाशक फ्रेडरिक इवर्ट स्टिफडग, २०६५ पेज नं ७१

१४. ऐजन ६२

समानुपातिक समावेशीको उल्लेख तथा निर्वाचन क्षेत्रको बढोत्तरीजस्ता विषयहरू मधेस आन्दोलनका उपज हुन्। २०६४ भदौ १३ मा तत्कालीन एकीकृत रूपमा रहेको मधेसी जनअधिकार फोरम नेपालसँग नेपाल सरकारले गरेको सम्झौताको प्रस्तावना र धेरै दफाहरूमा मधेस र पिछडा वर्ग, मुस्लिम लगायत सबै जाति, वर्ग समुदायमाथि भएका सबै खाले विभेदको अन्त्य गर्दै समावेशी लोकतन्त्र तथा सङ्घीय ढाँचामा राज्यलाई पुनसंरचना गर्दै मधेसीलगायत सबैलाई समान हकदार र समान अवसर सिर्जनाको व्यवस्थालाई सुनिश्चित गर्ने उल्लेख गरेको[१५] थियो। जसमा मधेसका नागरिकहरूको मानवअधिकारलाई सुनिश्चित गर्ने कुरा उल्लेख गरिएको छ।

५) मधेसमा मानवअधिकारको अवस्था

मधेसको मानवअधिकारलाई कम्तीमा पनि दुई अवस्थाबाट विश्लेषण गर्नुपर्ने हुन्छ। पहिलो कुरा केही खास वर्ग र समुदायलाई मात्र केन्द्रित गरी विगतमा लामो समयसम्म राज्य सञ्चालन हुँदा सिद्धान्त तथा व्यवहारबाट राज्य समावेशी प्रकृतिको हुन नसकी भाषा, भेषभुषा तथा सँस्कृतिमा साम्प्रदायिक र सङ्किर्ण हुँदै गयो। जसको परिणामस्वरूप ठूलो जनसङ्ख्या राज्यको मूल प्रवाहमा नपरी बहिष्करणमा पऱ्यो, त्यसमध्ये मधेसी समुदाय पनि अछूत रहन सकेन। त्यसबाट मधेसी समुदायहरूको राज्यमा पहुँच तथा अवसरको मार्ग बन्द हुन गयो। उनीहरूको सामाजिक, आर्थिक, साँस्कृतिक, नागरिक अधिकारहरूमा गम्भीर र व्यवस्थित उल्लङ्घनको क्रम बस्यो। राजनीतिक अधिकारमा नागरिकता, बसाइँसराइँ, रोजगारी, नीति निर्माण तहमा प्रवेश जस्ता विषयहरू नाम मात्रका बन्न पुगे। शिक्षा, स्वास्थ्य तथा विकासका अधिकारहरू जुन देशको संविधान तथा अन्तर्राष्ट्रिय मानवअधिकार दस्तावेजहरूद्वारा सबै नागरिकहरूलाई बिनाभेदभाव प्रत्याभूत हुनुपर्ने थियो, त्यो हुन सकेन। त्यसले मधेसी र गैरमधेसीको बीचमा जातीय, भाषिक, सांस्कृतिक विभाजन तथा विभेद मात्र होइन, मधेसी समुदायको नागरिकको रूपमा पहिचानमै प्रश्नचिन्ह खडा गरियो। जसबाट धेरै वृत्ति विकासका अवसरहरूबाट यो समुदाय बहिष्करणमा पर्न गयो। अशिक्षा, भेदभाव, लैङ्गिक हिंसा, महिलामाथिको भेदभाव, जातीय विभाजन, पछौटेपन, अवसर र पहुँचबाट वञ्चितीकरणबाट परम्परागत रूपमा रहेका आधारभूत मानव अधिकारहरूको गम्भीर उल्लङ्घन भयो।

अर्कोतिर वर्तमान अन्तरिम संविधान २०६३ जारी भएपछि त्यसका केही प्रावधान समावेशी प्रकृतिको नभई मधेस विरोधी रहेको भन्दै तत्कालीन मधेसी जनअधिकार फोरमद्वारा माइतीघर मण्डला काठमाडौँमा उक्त संविधानको प्रति जलाई प्रदर्शन गरेपछि प्रहरीले उपेन्द्र यादवसहित २८ जनालाई पक्राउ गऱ्यो। उपेन्द्र यादवको गिरफ्तारीपछि मधेसको आन्दोलनले औपचारिक रूपमा नयाँ मोड लिएको थियो।[१६] त्यसभन्दा अगाडि नेपालगञ्जमा मधेसी मुसलमान र पहाडे समुदायको बीचमा भएको हिंसात्मक झडपले पनि मधेसी समुदायमा द्वेष र आक्रोश थपिरहेको थियो। यसै बीचमा सिराहाको लहानमा प्रदर्शन गरिरहेका मधेसी समुदाय र बसमा यात्रा गरिरहेका माओवादी कार्यकर्ताहरूका बीचमा झडप हुँदा माओवादीको गोली लागी मधेसी समुदायका युवक रमेशकुमार महतोको मृत्यु भएपश्चात्को विद्रोहलाई नियन्त्रणमा लिने क्रममा सोही ठाँउमा प्रहरीको गोलीबाट थप दुई जना मधेसी प्रदर्शनकारीको मृत्यु भयो। सिराहाको लहानमा भएको घटनापछि मधेसी समुदायको आन्दोलनले इतिहासमा नै नभएको अभूतपूर्व जनलहर ल्यायो। उक्त आन्दोलनले करिब चार महिनासम्म मधेसका १५ भन्दा बढी जिल्लामा लगातार प्रदर्शन भए, जसमा चार दर्जनभन्दा बढी मधेसी प्रदर्शनकारीहरूको सुरक्षाकर्मीको गोलीबाट मृत्यु भयो।[१७] जुन आन्दोलन २०६४ भाद्रमा तत्कालीन सरकारसँग २२ बुँदे सम्झौता[१८] भएपछि औपचारिक रूपमा स्थगित भएको थियो।

यसैबीचमा अर्को समुदायको पनि मधेसमा उदय भइरहेको थियो जो मधेसलाई स्वतन्त्र राज्यको रूपमा स्थापित गर्न तथा आफ्ना अन्य मागहरू पूरा गराउन हतियारको प्रयाग गर्न थाल्यो। सरकार लगायत अन्य सराकारवालाहरूले उनीहरूलाई विद्रोही तथा राजनीतिक प्रकृतिको सङ्गठन नमानीरहेको बेला उनीहरू राष्ट्रसङ्घको मध्यस्थताको कुरा उठाइरहेका थिए।[१९] मधेसलाई नेपालबाट स्वतन्त्र राज्य बनाउने तथा आत्मनिर्णयसहितको स्वायत्त प्रदेश बनाउने भन्ने दुईओटा मुख्य विषयहरू मधेस आन्दोलनमा त्यसबेलादेखि आजसम्म उठिरहेको छ। तर यसबीचमा उल्लेखित दुईओटै विषय भन्दा फरक तरिकाले मधेसी समुदायमा मानवअधिकारका आधारभूत कुराहरूको प्रत्याभूत गरिनुपर्छ भन्ने समुदाय पनि सक्रिय छ। जसले मुख्यरूपमा समानताको आधारमा राज्य संयन्त्रमा अवसर, पहिचान तथा पहुँचको लागि समावेशी मान्यताबमोजिम व्यवस्थाको आवाज उठाइरहेको छ।

यसक्रममा हतियार उठाएका (खासमा हतियार उठाएर विद्रोह गरेको नभई हिंसा मात्र फैलाएको भन्ने धेरैको धारणा भएको) भनिएका समूहहरूलाई सम्बोधन गर्न राज्यले मुख्यत: दुईओटा बाटो अपनाएको देखिन्छ। प्रथमत: वार्ताको लागि आह्वान गर्ने[२०] अर्कोतर्फ सुरक्षा कारबाहीलाई तीव्र पारिने[२१] दोहोरो मापदण्ड अवलम्बन गरिएको छ। एक दर्जनभन्दा बढी सशस्त्र समूहहरूसँग सरकारी पक्षबाट वार्ता भई सम्झौता भएका छन् भने यो क्रम हाल पनि जारी छ।

१५. नेपाल सरकार र मधेशी जनअधिकार फोरम नेपालबीच भएको सम्झौता २०६४/५/१३, सम्झौता तथा सहमतिहरूको सङ्कलन, प्रकाशक, नेपाल सरकार शान्ति तथा पुननिर्माण मन्त्रालय, सिंहदरबार, काठमाडौं २०६४, पेज ९

१६. नेपाल मानवअधिकार वर्षपुस्तक २००८, प्रकाशक,इन्सेक २०६४, काठमाडौं,पेज १५

१७. ऐ. ऐ.

१८. नेपाल सरकार र म. ज. अ. को नेपालबीच भएको सम्झौता २०६४/५/१३ तथा सहमतिहरूको सङ्कलन

१९. नेपाल सरकार शान्ति तथा पुननिर्माण मन्त्रालय, २०६४ पेज नं , १८ नं बमोजिम

२०. तराईमा क्रियाशील समूहलाई वार्तामा आउन आह्वान गर्दै वार्तामा नआए सुरक्षा कारबाही गरिने गृहमन्त्रीको चेतावनी, मानवअधिकार वर्ष पुस्तक २००८, इन्सेक २०६४, पेज १९

२१. नेपाल सरकारले सन् २००९ जुलाईबाट विशेष सुरक्षा योजना कार्यान्वयनमा OHCHR तराईमा भएका गैर न्यायिक हत्याको आरोपहरूको अनुसन्धान उच्चायुक्तको कार्यालय नेपालका सरोकारका सार संक्षेप २०१० जुलाई, प्रकाशक, OHCHR पेज १

तत्कालीन नेकपा माओवादी २०६३ सालमा विस्तृत शान्ति सम्झौतामा हस्ताक्षर गरी शान्ति प्रक्रियामा समाहित भई मुख्य राजनीतिक दलको रूपमा समावेश भए पनि उक्त सम्झौताको पालना नभएका कारणबाट भएका मानवअधिकार उल्लङ्घनका घटनाहरूलाई सम्बोधन गर्न सरकारलाई महत्वपूर्ण चुनौती भइरहेको अवस्था एकातिर रह्यो भने अर्कोतिर तराई मधेस क्षेत्रमा क्रियाशील सशस्त्र समूहद्वारा भएका अपराधमिश्रित अधिकार उल्लङ्घनका घटनाहरूलाई सम्बोधन गरी शान्ति तथा अमनचयन कायम गर्न कठिन भइरहेको अवस्था सिर्जना भयो।

अर्कोतिर मधेसमा शान्ति बहाली तथा अपराध नियन्त्रणको नाममा विशेष सुरक्षायोजना वा अन्य तरिकाले परिचालित गरिएका सुरक्षाकर्मीहरूद्वारा गरिएका मानवअधिकार विरूद्धको घटनाहरू पनि ठूलो सङ्ख्या भइरहेका छन्।[३२] यस्ता घटनाहरूको अभिलेखीकरण, अनुसन्धान र अनुगमनमा गैरसरकारी मानवअधिकार सङ्घ संस्थालाई मात्रै होइन कि राष्ट्रिय मानवअधिकार आयोग र संयुक्त राष्ट्र सङ्घीय मानवअधिकार उच्चायोगलाई समेत कठिन र चुनौती हुँदै आएको छ।

बिना कुनै योजना तथा लक्षित समुदायको घोषणा नगरी जथाभावी रूपमा जोसुकै माथि हत्या, अपहरण, जबरजस्ती, चन्दा, धम्कीद्वारा नागरिकमा त्रास फैलाउन तराईमा सशस्त्र समूहहरू सक्रिय छन्।[३३] विशेष गरी शुरूवाती वर्षहरूमा नेपाली मातृभाषा भएका पहाडे समुदायहरूमाथि लक्षित मधेसको हतियारधारी समूहहरूको निसाना हालमा आएर मधेसी मूलका व्यापारी, कर्मचारी तथा धनी वर्गप्रति मात्र होइन कि, मधेसी मूलका राजनीतिक दलका कार्यकर्ताहरू माथि पनि केन्द्रित हुन थालेको प्रशस्त उदाहरणहरू छन्। विगत तीन वर्षको तथ्याङ्कलाई हेर्ने हो भने तराई मधेसका २० जिल्लाको मानवअधिकारको अवस्था २००८ मा कञ्चनपुर, बर्दिया र चितवनबाहेक अन्य जिल्लाहरूमा राज्य तथा गैरराज्यबाट उल्लेख्य सङ्ख्यामा नागरिकको हत्या भएको पाइयो।[३४] विगतमा २००७ को तथ्याङ्कलाई हेर्ने हो भने धनुषामा सबभन्दा बढी हत्या ४४ जना, सप्तरीमा ३७ जना, सिराहामा ३६ जना, कपिलवस्तुमा ३४ जना, मोरङमा ३३ जना अन्य बाँकी जिल्लाहरूमा १० देखि २४ जनासम्म व्यक्तिको हत्या भएको छ। यी सबै हत्याहरूको एकीकृत सङ्ख्या ५ सय ४१ छ भने त्यसमा राज्य पक्षबाट १० प्रतिशत मात्र हत्या भएको छ भने बाँकी ९० प्रतिशत हत्या गैर राज्य पक्षबाट भएको देखिन्छ। जसमा २ सय ६२ वटा हत्या सशस्त्र समूहबाट भएको तथ्याङ्कमा उल्लेख छ।[३५] यीमध्ये मधेसीको सङ्ख्या ५० प्रतिशतभन्दा बढी छ।[३६] यो तथ्याङ्कको आधारमा विश्लेषण गर्दा मधेसमा हतियार लिएर हिँडेका समुदायहरू राजनीतिक उद्देश्यबाट परिचालित छन् वा अन्य उद्देश्य भन्ने प्रश्न खडा गरेको छ।

त्यसै गरी २००८ मा इन्सेकले सङ्कलन गरेको तथ्याङ्कलाई हेर्ने हो भने तराईका २० जिल्लामा राज्यको तर्फबाट २७ जना व्यक्तिहरू मारिएका छन् भने गैर राज्यबाट २ सय १३ जनाको हत्या भएको छ।[३७] मानवअधिकार तथा ज्यादतीको घटनाबाट पीडित भएकाको सङ्ख्यालाई हेर्ने हो भने गैरराज्य पक्षबाट ७३ प्रतिशत पीडित भएका छन् ।[३८] जसमा राज्यपक्षबाट पीडित भएकाको सङ्ख्या २७ प्रतिशत मात्रै छ। विशेष सुरक्षा नीति २००९ लागू भएपछि पनि राज्यबाट २००९ मा ४१ जनाको हत्या भएको छ भने ४ सय ३२ जना गैर राज्यपक्षबाट मारिएका छन्। जसमा मधेसमा सशस्त्र समूहमा मात्र होइन, ठूला कम्युनिष्ट दल, माओवादी र एमाले पनि संलग्न रहेको देखियो।[३९] यो वर्ष पनि हत्याबाट पीडित राज्यतर्फबाट मात्र होइन, मधेसी हतियारधारी समूहबाट नै बढी भएको देखियो, जसले गर्दा मधेसी मुक्ति वा अधिकार उनीहरूको माग नभई अपराधी प्रवृत्तिले काम गरेको आशङ्का बढेको भान हुन्छ।[४०]

अझ डरलाग्दो प्रवृत्ति के देखिएको छ भने कुनै घटनामा धेरैले जिम्मेवारी लिने वा अज्ञात समूहको नामबाट हत्या गराउने प्रवृत्ति पनि बढोत्तरी भएको छ। अज्ञात समुहबाट हत्या भएको भनिएको घटनाहरूको तथा घटना भएपछि जिम्मेवारी लिएका भनिएका हत्याका घटनाहरूको लक्षित समूह तथा प्रकृति सबैमा झण्डै उस्तै देखिएको अवस्थाको विधमानताले गर्दा सबै घटनाहरू तिनै समूहहरूबाट नै गरिएको जस्तो देखिन्छ।

यसबाट मधेसमा २०६३/०६४ मा भएको मधेसवादी राजनीतिक दलहरूको नेतृत्वमा भएको आन्दोलन जसलाई "मधेस आन्दोलन" को नामले चिनिन्छ, त्यो समयमा मधेसी समुदायबाट लक्षित गरिएको संस्थामा सरकार तथा सुरक्षा निकाय र सरकारी भवन तथा सम्पत्तिहरू अधिकमात्रमा परेका थिए। तर, त्यसबीचमा विभिन्न आरोप लगाउँदै वर्सौं वर्षदेखि त्यही मधेसमा थातथलो कायम गरी बसेका नेपालीभाषी पहाडे समुदायका नागरिक तथा उनीहरूको सम्पतिलाई पनि लक्षित गरी तोडफोड गरियो। जसको परिणाम स्वरूप देशको मध्य तथा पूर्वी तराईका दक्षिणी भागमा रहेका नेपालीभाषी पहाडे समुदाय विस्थापित भई कम्तीमा पनि महेन्द्र राजमार्गबाट हैसियत अनुसार उत्तरतर्फ सरेका छन्। पहाडे सुमदायलाई "मधेस छोडो" आन्दोलनमा मधेसका हतियारधारी समुदाय मात्र होइनन्, कि मधेसमा खुला राजनीति गर्ने मधेसी दलहरूको पनि उत्साहप्रद हात रहेको सुरूको अवस्था थियो।

तर, पहाडे समुदायका व्यक्तिहरूको मधेस छाडिसकेपछि ती हतियारधारी समूहहरूको निशाना मधेसको मधेसी समुदाय

३२. तराईमा भएमा गैह्र न्यायीक हत्याका आरोपहरुको अनुसन्धान २००८ देखि २०१०, प्रकाशक OHCHR , २०१०
३३. ऐ. ऐ.
३४. मा. अ. वर्षपुस्तक, इन्सेक, २००९, पेज ३
३५. ऐ. ऐ. ५
३६. ऐ. ऐ. जिल्लागत विवरणमा आधारित
३७. मा. अ. वर्षपुस्तक, इन्सेक, २०१०
३८. ऐ. ऐ.
३९. ऐ. ऐ.
४०. ऐ. ऐ.

नै पर्न थालेको विभिन्न तथ्याङ्कहरू अध्ययन गर्दा बुझ्न सकिन्छ। मधेसी जनअधिकार फोरम नेपालका नेता जीतेन्द्रदेवका दाजु तथा जनकपुरका सञ्चार व्यवसायी अरूण सिंहानिया, महोत्तरी शिक्षा कार्यालयका नायब सुब्बा आदिको हत्या प्रकरणमा कुनै पहाडे समुदायको हात थिएन। विगत तीन वर्षमा तराईमा भएका हत्या आँकडालाई हेर्ने हो भने राज्य पक्षबाट १० प्रतिशत भन्दा पनि कम छ भने मधेसी विद्रोहीको नामबाट ९० प्रतिशत हत्याका घटना भएका छन्। त्यसमा पनि पीडितको रूपमा हेर्ने हो भने पहाडेहरूको सङ्ख्या दिनानुदिन कम भइ मधेसी पीडितको सङ्ख्या बढिरहेको देखिन्छ। यसबाट आज मधेसी सशस्त्र समूहहरू मधेस मुक्तिको लागि नभई आफ्नो व्यक्तिगत स्वार्थमा लागेका अन्य आपराधिक समूहहरूमा परिवर्तन हुने खतरा बढिरहेको छ।

डरलाग्दो तथा अचम्मको कुरा के छ भने केही मधेसी पत्रकार र स्तम्भकारलाई छाड्ने हो भने मूल प्रवाहमा रहेका मधेसवादी दलहरू मधेसमा शान्ति सुरक्षा, विकास तथा मानवअधिकार अवस्थामा सुधार ल्याउन एक शब्द पनि बोलेका छैनन् भने सशस्त्र समूह (अपराधी वा गैर राजनीतिक) हरूको विरूद्धमा कुनै कदम त चाल्ने त परै जाओस् प्रेस विज्ञप्तिसम्म पनि जारी गर्दैनन्। यसबाट कम्तीमा पनि दुईओटा कुराहरू प्रमाणित हुने देखिन्छ। पहिलो, मधेसवादी भनिएका ठूला राजनीतिक दलका नेताहरू मधेसको मानवअधिकारको अवस्था सुधार गर्न चाँहदैनन, अस्थिर हिँसात्मक अवस्थामा नै आफ्नो र दलको भविष्यको भाग्य सुधिने सम्झन्छन्। दोश्रो, हतियारधारी समूहहरू उनीहरूद्वारा कुनै न कुनै तरिकाबाट सञ्चालित वा पालित छन्। मधेसवादी दलहरूको अर्को अर्कमण्य अवस्था भने तराईको शान्ति सुरक्षाको बिग्रँदो अवस्थालाई सम्बोधन गर्न सरकारले सबै ठूला मधेसवादी दलहरू समेतको सहमतिमा कार्यक्रम ल्याएको अवस्था देखियो। २०६६ साल असारमा माधव नेपालको सरकारमा माओवादी बाहेक सबै दलका प्रतिनिधित्व रहेको अवस्थाबाट यो प्रमाणित भएको देखिन्छ।

विशेष सुरक्षा योजना २००९ लाई सरकारले मधेसको बिग्रँदो सार्वजनिक सुरक्षा स्थितिको सन्दर्भमा शान्ति सुरक्षा प्रभावकारी रूपमा कायम राख्न, दण्डहीनता अन्त्य गर्न तथा मानवअधिकारको संरक्षण गर्न जारी गरिएको बताए पनि, यो योजनाबाट शान्ति सुरक्षामा सुधार आएपनि मानव अधिकारका अवस्था गम्भीर बन्न पुगेको छ।

६) मधेसको मानवअधिकार र सरोकारवालाहरूको भूमिका

मानवअधिकारको सम्मान, संरक्षण तथा पालना गर्नु गराउनु सरकारको परम कर्तव्य हो। नागरिकको जिउधनको सुरक्षा गरी कानुन व्यवस्था बहाल बनाई कानुन बमोजिमको शासनको सुनिश्चितत्ता सरकारी तबरबाट हुनुपर्छ। कानुनलाई बहाल गराउन अत्यावश्यक भएको अवस्थामा बाहेक शक्ति तथा बलको प्रयोगलाई वर्जित गरिएको हुन्छ। राज्यबाट मानवअधिकार बहालीका लागि तथा त्यसमा राज्यको तर्फबाट कुनै कमीकमजोरी भएमा सुधार गरी दोषीलाई कानुनको दायरामा ल्याउन तथा पीडित व्यक्तिहरूलाई पुगेको हानी नोक्सानीमा क्षतिपूर्ति प्रदान गर्न राज्यबाट विभिन्न निकायहरूको स्थापना गरिएको हुन्छ। त्यसको लागि अदालत, मानवअधिकार सम्बन्धी राष्ट्रिय संस्थाहरू, सुरक्षा निकायहरू लगायत अन्य निकायहरूको स्थापना तथा गठन गरेको हुन्छ। यसको अलावा संविधान तथा घरेलु कानुनलगायत अन्तर्राष्ट्रिय मानवअधिकार कानुनहरूद्वारा नागरिकका अधिकारहरूको सुनिश्चित गरिएको हुन्छ। राज्य यिनै निकायहरू तथा आधारहरूबाट नागरिकको रक्षा गरिरहेको हुन्छ।

राज्यका यी निकायका साथै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी सङ्घसंस्थाहरूले पनि नागरिकका मानव अधिकारहरूको संरक्षण तथा सम्बर्द्धनमा उल्लेख्य भूमिका निभाएका हुन्छन्। हाम्रो देशको सन्दर्भमा भन्ने हो भने मानवअधिकारका प्राप्ती तथा बहालीका लागि गैरसरकारी क्षेत्रको महत्वपूर्ण योगदान रहेको कुरा धेरै कार्यहरूबाट प्रमाणित भएको अवस्था छ। तर दश वर्से जनयुद्धमा नेपाली नागरिकको मानवअधिकारको संरक्षण तथा सम्बर्द्धनमा अत्यधिक सक्रिय रहेका नागरिक समाज, देशी विदेशी मानवअधिकार सम्बन्धित सङ्घसंस्था तथा व्यक्तिहरू मधेसमा भएको मानवअधिकारको हनन् तथा ज्यादतीहरूका घटनामा त्यति धेरै बोलेको पाइएको छैन। तिनै मानवअधिकार सङ्घ संस्थाहरू मधेसको बिग्रँदो मानवअधिकारको अवस्थाको सम्बन्धमा त्यति धेरै चिन्तित भएको देखिएको छैन। त्यसमा धेरै कारणहरू हुन सक्छन्। जसमध्ये केही कारणहरूलाई यहाँ उल्लेख गरिएको छ।

- मधेसको राजनीतिक दलहरूको मागको सम्बन्धमा गैरमधेसी समुदायहरूमा संशय रहनु, जस्तो एक मधेस एक प्रदेश, स्वायत्त मधेस प्रदेश आदि अति नै विवादित राजनीतिक मागहरूमा आन्दोलन भएकोले त्यसमा असहमतिका विषयहरू रहेका कारण।
- विगतमा मधेसमा भएको आन्दोलनले त्यस क्षेत्रमा रहेका नेपाली भाषी पहाडे समुदायहरूलाई विस्थापित हुन बाध्य पारिएको घटनाहरूका कारण त्यो आन्दोलन मधेसका नागरिकहरूको हक अधिकार स्थापित गराउन नभइ पहाडे समुदायहरूलाई विस्थापित गराउन पनि रहेछ भन्ने धाराणाले गर्दा।
- मधेसका हतियारधारी भनिएका समूहहरूबाट सुरूमा पहाडे समुदायहरूको विरूद्ध ज्यादतीका घटनाहरू हुँदा मधेसका नागरिक समाज, पत्रकारहरू, बद्धिजीवीहहरू ती समूहका विरूद्ध त्यस्ता खालका गतिविधि रोक्नको लागि कुनै प्रयासहरू नभएको महसुस गरेर।
- मानवअधिकारको क्षेत्रमा सक्रिय रहेका सङ्घसंस्थाहरूमा प्राय: नेपाली भाषी तथा पहाडे समूहका व्यक्तिहरूको बाहुल्यता भएको कारण पनि मधेसका मानवअधिकारका विषयहरू ओझेलमा रहेका हुन सक्छन्।
- मधेसमा कार्यरत पहाडे समुदायका मानवअधिकारकर्मी तथा सङ्घ संस्थाहरूलाई मधेसी समुदायहरूबाट निष्पक्ष रूपमा काम नगरेको तथा गर्न नसक्ने भनी आरोप लागेको कारणहरूबाट पनि यो समुदाय उदासीन भएको पाइएको छ।
- मधेसका हतियारधारी समूहरूको उद्देश्य राजनीतिक बताइए पनि तिनीहरूका कार्य तथा गतिविधि अराजनीतिक तथा अपराधिक प्रकृतिको भएको कारण पनि मानवअधिकारको विषय नठानी कानुन बहालीको विषय मान्ने गरेकोले।

७) निष्कर्ष तथा सुझावहरू

तराई मधेसको मानवअधिकारको अवस्थालाई मुख्यत: कम्तीमा पनि दुई तरिकाबाट सम्बोधन गरिनुपर्छ। एउटा

परम्परागत रूपमा मधेसी समुदायहरूबाट विशेष रूपमा उठाइएका भाषिक, साँस्कृतिक तथा जातीय विभेदले मधेसलाई राष्ट्रको मुलप्रवाहीकरण मा समावेश हुन नदिई विभेद गएिको विषयसँग सम्बन्धित छ। यसमा मात्रै वर्तमान मधेसवादी राजनीतिक दलहरू, नागरिक समाज, बुद्धिजीवीलगायतको चासो र सरोकार देखिएको छ। यो चासो र सरोकार सिधै राज्यसँग सम्बन्धित विषयको रूपमा रहेको छ। यसको कुनै पनि अवस्थामा राज्यबाट सम्बोधन गरिनुपर्छ। राज्यलाई कुनै पनि आधारमा देशका नागरिकहरूमा कुनै पनि खालको विभेद गर्ने अधिकार हुँदैन केही गरी विभेद भइरहेको भए त्यसलाई प्राथमिकतामा राखी समानताको आधारमा सुधार गरिहाल्नुपर्छ। हालमा संविधान तथा कानुनहरूद्वारा जनसङ्ख्याको आधारमा समानुपातिक समावेशीको मान्यतालाई मौलिक तथा कानुनी हकको रूपमा लिपिबद्ध गरिएको र त्यसको चरणबद्ध तरिकाले प्रयोग भइरहेकाले केही वर्षपछि यसमा पक्कै सुधार देखिने अवस्था छ। तर मधेसी समुदाय एउटा कुनै निश्चित जाति तथा भाषी मात्रै नभइ एउटा समुदायको रूपमा रहेको कारण त्यसभित्र पनि ठूलो विभेद तथा असमानताका विभिन्न रूपहरू भएकोले त्यसलाई सुक्ष्म प्रकृतिबाट अध्ययन गरी समावेशी सिद्धान्तलाई लागू गर्नुपर्नेमा हाल त्यो हुन सकिरहेको छैन।

मधेसको अर्को ज्वलन्त समस्या भनेको मधेसी समुदायहरूको हकअधिकार प्राप्तीको लागि भनी हतियार उठाउँदै आएका हतियाधारी समूहहरूद्वारा गरिएका हिँसात्मक घटनाहरू र त्यसलाई सम्बोधन गर्नका लागि सरकारी पक्षबाट चालिएका सुरक्षा कारबाहीका क्रममा भएका मानवअधिकार उल्लङ्घनका घटनाहरूबाट उब्जिएका समस्याहरू रहेका छन्। उल्लेखित दुवै समूहहरूबाट भएका मानवअधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाहरूको निष्पक्ष छानबिन गरी दोषीलाई कानुनको दायरामा ल्याउनु तथा त्यसबाट प्रभावित तथा पीडित भएका व्यक्तिहरूलाई न्याय प्रदान गर्नु रहेको छ जुन ढिला भइसकेको छ।

मधेसको समस्या यतिमात्र होइन, मधेसमा वर्सौंदेखि बसोबास गरिरहेका गैर मधेसी समुदायका नागरिकहरूलाई विस्थापन गराउने घटनाहरूलाई तत्काल रोक्न आवश्यक देखिन्छ र देशको जुनसुकै भागमा बसोबास गर्न पाउने संविधानद्वारा प्रदत्त मौलिक स्वतन्त्रता तथा मानवअधिकारको प्रत्याभूति गरिनुपर्छ।

माथि उल्लेख गरिएका विषयहरूको समाधानमा सुधार ल्याउन तथा त्यसको पूर्ण पालनाको सुनिश्चितताका लागि सरकारी पक्षबाट नै यथोचित पहल हुनुपर्छ। तर, सरकारी प्रयास तथा कार्यहरूबाट मात्रै मानवअधिकारको अवस्थामा सुधार ल्याउन नसकिने भएकोले राज्यका अन्य स्वतन्त्र निकायहरू, मानवअधिकार सम्बन्धी राष्ट्रिय संस्थाहरू, राजनीतिक दलहरू, नागरिक समाजलगायत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानवअधिकार सङ्घ संस्थाहरूको महत्वपूर्ण भूमिका हुने भएकाले सबै पक्षले आआफ्ना ठाउँमा कार्य गर्नुपर्ने देखिन्छ। त्यसको लागि कम्तीमा पनि निम्नलिखित कार्यहरू गर्नुपर्ने हुन्छ।

१) हालको विशेष सुरक्षायोजनाको कार्यान्वयनमा मानवअधिकार राष्ट्रिय तथा अन्तर्राष्ट्रिय वैधानिक मापदण्डको सुरक्षाकर्मीहरूबाट अनिवार्य पालनाको निर्देशन जारी गरिनु पर्ने।

२) हालमा तथा विगतमा सुरक्षाकर्मीहरूबाट भएका मानव अधिकार उल्लङ्घनको घटनाहरूमा मानवअधिकार आयोग लगायत निकायहरूबाट अनुसन्धान गरी गरिएका सिफारिशहरूको आधारमा दोषी देखिएका सुरक्षा अधिकारीहरूलाई कानुनी दायरामा ल्याउनुपर्ने।

३) मानवअधिकार हननका घटनाहरूबाट प्रभावित तथा पीडित भएका व्यक्तिहरू तथा तिनका परिवारका सदस्यहरूलाई आर्थिक क्षतिपूर्ति लगायत परिपूरणका अन्य उपायहरूबाट सम्बोधन गरिनु पर्ने।

४) आरोपित पीडकहरू जो भए पनि मानवअधिकार उल्लङ्घन तथा अपराधका घटनाहरूको उजुरी तत्काल लिनका लागि प्रहरी कार्यालयहरूलाई स्पष्ट निर्देशन जारी गर्ने।

५) राष्ट्रिय मानवअधिकार आयोगलगायत अन्य अनुगमनकारी निकायहरूलाई मानवअधिकार उल्लङ्घनका घटनाहरूको तत्काल अनुसन्धान तथा अनुगमन गर्ने व्यवस्था मिलाउने प्रबन्ध गर्ने।

६) राजनीतिक दलहरूबाट पनि आफ्ना कार्यकर्ता तथा समर्थकहरूलाई कानुनी शासनको सम्मान गर्न तथा कुनैपनि आधारमा हिंसाजन्य कार्यहरूलाई प्रवर्धन गर्ने तथा संलग्न नहुनको लागि परिपत्र जारी गरिनुपर्ने।

७) राज्य तथा गैर राज्यपक्षबाट भए गरेका मानवअधिकार उल्लङ्घनका घटनाहरूको अनुसन्धान गर्न तथा दौषी देखिएका अधिकारीहरूलाई कानुनी कारबाहीको लागि आवश्यक दबाब सिर्जना गर्न।

८) मानवअधिकार सङ्घ संस्थाहरूले मधेसमा कार्य गर्नका लागि मधेसी समुदायहरूलाई सम्मानजनकरूपमा प्रवेश गराउनुपर्ने तथा उनीहरूको वृत्ति विकाश तथा व्यवसायिक ज्ञानसीप वृद्धि गर्न तालिम तथा अन्य कार्यक्रमहरूको आयोजना गर्ने।

९) मधेसलाई मुख्य आधार मानेर राजनीति गरिरहेका राजनीतिक दलहरूले मुख्यरूपमा मधेसको मानवअधिकार अवस्थालाई सुधार गर्न तथा उल्लङ्घनका घटनाहरूलाई रोक्ने कार्यमा महत्वपूर्ण भूमिका हुने भएकाले आफ्ना दलको एजेन्डा तथा कार्यक्रमहरूमा मानवअधिकारका विषय पनि अनिवार्य रूपमा समावेश गर्नु पर्छ।

१०) मधेसको मानवअधिकारको अवस्थालाई अलग्गैरूपमा सम्बोधन गर्ने गरी मानवअधिकार आयोगलगायत गैरसरकारी संस्थाहरूले पनि प्राथमिकताका साथ कार्यक्रम तर्जुमा कार्यान्वयन गर्नु पर्छ।

अन्त्यमा मानवअधिकार उल्लङ्घनका विषयहरू जुनसुकै समाज तथा समुदायमा जसरी भए पनि वा जसले गरे पनि त्यसको निष्पक्ष छानविन गरी दोषी देखिएका जो कोहीलाई पनि उन्मुक्ति नदिई कानुनको दायरामा ल्याउनुपर्छ। मानवअधिकार उल्लङ्घन तथा ज्यादतीबाट प्रभावित तथा पीडित भएका व्यक्ति तथा समुदायलाई परिपूरणको यथोचित व्यवस्था अनिवार्य गर्नुपर्छ। कुनै विचार, वाद तथा केही बहानामा मानवअधिकारको उल्लङ्घनबाट उन्मुक्ति पाउने व्यवस्था तथा अवस्थाको कसैले पनि वकालत नगरी दण्डहीन अवस्थाको अन्त्यमा सबै लाग्नुपर्ने आजको आवश्यकता हो।

(लेखक, राष्ट्रिय मानवअधिकार आयोगसँग सम्बन्धित छन्।)

अपहरणको अर्थराजनीति

मधेसी अधिकार बहालीको लागि गठन भएको भनिएका सशस्त्र समूहहरू हत्या, अपहरण, फिरौती, लुटपाट जस्ता आपराधिक कार्यमा संलग्न हुन थालेपछि यतिबेला मधेस र मधेसी समाज भय र त्रासमा जीउन बाध्य भएको छ । मुक्तिदाता सङ्गठनहरूको रूपमा चिनिएका सशस्त्र समूहहरूलाई मधेसी जनताले लुटेराको सङ्ज्ञा दिन थालेका छन् भने पर्याप्त शान्ति सुरक्षाको व्यवस्था गर्न नसकेकोमा मूलधारका मधेशवादी दल र सुरक्षा निकाय प्रति रूष्ट भएका छन् ।

अर्जुन थपलिया

मधेस आन्दोलनपछि मधेस र मधेसीहरूले पहिचान प्राप्त हुने र राज्यको मूलधारमा समावेशी प्रतिनिधित्व गर्न पाउने आशा गरेका थिए। मधेसवादी दलहरूलाई मधेश आन्दोलनमा सशस्त्र समूहहरू र मधेसी जनताहरूले अपार विश्वास र समर्थन दिएका थिए। जुन विश्वास र आशाका साथ उनीहरू मधेश आन्दोलमा होमिएका थिए हाल आएर त्यो आशामा तुषारापात भएको उनीहरूले महसुस गर्न थालेका छन्। मधेसी अधिकार बहालीको लागि गठन भएको भनिएका सशस्त्र समूहहरू हत्या, अपहरण , फिरौती , लुटपाट जस्ता आपराधिक कार्यमा संलग्न हुन थालेपछि यतिबेला मधेस र मधेसी समाज भय र त्रासमा जीउन बाध्य भएको छ। मुक्तिदाता सङ्गठनहरूको रूपमा चिनिएका सशस्त्र समूहहरूलाई मधेसी जनताले लुटेराको सङ्ज्ञा दिन थालेका छन् भने पर्याप्त शान्ति सुरक्षाको व्यवस्था गर्न नसकेकोमा मुलधारका मधेशवादी दल र सुरक्षा निकाय प्रति रूष्ट भएका छन्।

सिराहा जिल्लामा २०६७ सालको पुस महिनासम्म २१ वटा अपहरणका घटना भए। ती अपहरणका घटनामा ११ जना बालक पीडित भए। अपहरित बालक ईब्राहिम बाहेक हरेक अपहरितका अविभावकले ३ देखि २५ लाख फिरौती बुझाएर आफ्ना सन्तानको जीवन रक्षा गरेको बताइन्छ। एउटा पनि अपहरितलाई सुरक्षा निकायले बिना फिरौती अपहरण मुक्त गर्न सकेन। प्रहरीले अपहरणकारीको सञ्जाल भत्काउने त परै जाओस् आजसम्म एक जना अपहरणकारीलाई पनि पक्राउ गर्न सकेको छैन। सिराहाका जनता भन्छन् प्रहरी सङ्गठन र अपहरणकारी सञ्जालबीच साँठगाँठ छ। अपहरितहरूका परिवारजनहरूले पनि अपहरण कार्यमा प्रहरी संलग्नता रहेको आरोप लगाउँछन्। प्रहरीलाई यस्तो आरोप लाग्ने गरेको पनि धेरै दिन भइसक्यो तर प्रहरी सङ्गठनले आजसम्म कुनै पनि प्रकारले सङ्गठन भित्रछानबिन गरेको छैन। मानवअधिकारकर्मीहरू पनि प्रहरी सङ्गठन असक्षम र पङ्गु भएको ठान्दछन्। घटनाक्रमले पनि त्यस्तै देखाएको छ। यति बिघ्न अपहरणका घटना हुँदा पनि प्रहरीले एउटा घटनामा पनि सफलता प्राप्त गर्न सकेको छैन।

१० वर्ष अगाडि सिराहाकै लहान सहरलाई नेपालको उदीयमान वाणिज्य केन्द्रको रूपमा चिनिन्थ्यो। तर अहिले त्यही सहर बालक अपहरण हुने शहरको रूपमा बदनाम भएको छ। यहाँका बासिन्दाहरूमा एक किसिमको त्रास व्याप्त छ। धनीमानी र हुनेखानेहरू त झन त्राही त्राही छन्। स्कूलमा पढ्न पठाएको बच्चा फर्केर घर नपुगुन्जेल अविभावकहरू चिन्तामा हुन्छन्। बाटोमा अपहरणकारीहरूले गौँडा कुरेर बसेका हुन सक्छन् भन्ने भयले छोराछोरीलाई स्कूलको गेट भित्र हुलेर फर्किन्छन् र स्कूलसम्म लिन पुग्छन्। कतिपयले अपहरणको डरले लहानको स्कूलबाट बच्चालाई झिकेर बच्चाहरूलाई काठमाडौँ र विराटनगरको विद्यालयमा भर्ना गराएका छन्। चाडपर्वमा पनि बच्चाहरूलाई घर ल्याउँदैनन्। बच्चाहरू विद्यालयको गेटबाट बाहिर निस्केर साथीसङ्गीहरूसँग खेल्न पाउँदैनन्। बोर्डिङ् स्कूलहरूले गेटमा सेक्यूरिटी गार्ड राख्ने व्यवस्था मिलाएका छन्। प्राय: सबैजसो बोर्डिङ स्कूलले आफ्नो विद्यालयमा पढ्ने विद्यार्थी अपहरण हुनबाट बचाउन सशस्त्र समूहहरूलाई चन्दा दिएर मनाएका छन्। दुईपटकको सशस्त्र माओवादी आक्रमण र मधेस आन्दोलनको क्रममा भएका विस्फोटन र आगजनीले भौतिक संरचना ध्वस्त भएर विरूप भएको लहान नगरी आफ्नो पुरानो वैभवमा नफर्कँदै अपहरण र फिरौतीको त्रासले थिलथिलो भएको छ। लगातारको हत्या, अपहरण र लुटपाटले गर्दा सिरहामा हिजोआज साँझ ५ बजेपछि मानिसहरू बाहिर निस्कन सक्दैनन्। व्यापारीहरू पलायन भएका छन्। कसको बच्चा कतिबेला कहाँबाट अपरहण हुने हो भन्ने त्रास सिरहाका मानिसहरूमा व्याप्त छ।

पीडा लहानमा मात्र छैन सप्तरी र धनुषामा पनि अपहरणको त्रासले समाज त्राही त्राही छ। अपहरणकारीहरू कतिपय सहरमा डेरा लिएर बसेका छन्। १० -१५ दिन लगाएर उनीहरूले अपहरण गर्ने मानिस तथा बालकको पहिचान गर्छन्। को पैसावाल छन् , उसको बच्चा कहाँ कहाँ जान्छ र कहाँबाट अपहरण गर्न सजिलो हुन्छ ? त्यसको अभ्यास गर्छन्। तयारी पूरा भएपछि गौँडा कुरेर बस्छन् र निशाना लगाएको मानिस तथा बच्चालाई बन्दुक देखाएर मोटरसाईकलमा बसाउँछन् र टाप कस्छन्। कतिपय घटनामा अपहरण भएको १० मिनेटमै परिवारजनले थाहा पाउँछन् र प्रहरीलाई खबर गर्छन्। प्रहरीको गाडी तथा गस्ती टोलीले हरेक नाकाहरूलाई नाकाबन्दी गरेर अपहरितको उद्दार गर्न दौडधुप गरेको देखिन्छ तर, हरेक पटक प्रहरी असफल भएको एउटा नजीर थपिन्छ। अन्तत:

व्यक्तिहरू पक्राउ परेको एक साता भित्रै सजिलै छुटेर आउँछन्। प्रसाशन संयन्त्र पूरै भ्रष्टाचारमा लिप्त छ। "

मधेस यतिबेला हत्या, अपहरण, डकैती, जबरजस्ती चन्दा, अपहरण र फिरौती जस्ता अपराधले आक्रान्त छ। तर, समाजलाई सबैभन्दा थिलथिलो बनाएको छ बालक अपहरणले। अविवेकी अपराधकर्म र फिरौतीका लागि गरिने बालक अपहरणले मधेसका सशस्त्र समूहहरूलाई पनि बदनाम गराएको छ। मधेस मुक्तिका लागि गठन भएका भनिएका सशस्त्र समूहहरूका नेताहरूले मधेसी युवाहरूलाई बन्दुक बोक्न त आकर्षित गराए तर, फिरौतीको नाममा आउने अकुत धनको अगाडि समूह बाहिर गएर वा छुट्टिएर अपराध गर्नेहरूलाई नेताहरूले नियन्त्रण गर्न सकेनन्। अपहरणको अपराध कार्यलाई प्रहरीले पनि नियन्त्रणमा लिन सकेको छैन। अपराधले समाजलाई थिलथिलो बनाएको छ।

२०६१ सालबाट सुरू भएको अपहरणको सिलसिलामा गुणात्मक वृद्धि र शैलीमा पनि उच्च व्यावसायिकरण भएको छ। अपहरणकारीहरू पनि अभ्यस्त हुँदैछन्। हरेक अपहरणपछि उनीहरू उपायहरूको प्रयोग गर्न परिपक्व हुन्छन् । उनीहरूको मनोबल पनि बढ्दै गएको छ। विभिन्न समूहहरूबीच सञ्जाल बन्दैछ र सहकार्य बढ्दै छ। एउटा कटुवा बन्दुक बोकेर लुटपाट सुरू गरेका व्यक्ति र समूहहरू विस्तारै फैलिएर सङ्गठित र व्यवसायिक आपराधिक समूहमा परिणत भइरहेका छन्। भारतीय आपराधिक समूहहरूसँग उनीहरूको सम्बन्ध र सहकार्य बढ्दैछ। केही समय अगाडिसम्म सिराहामा कार्यरत रहेका प्रहरी अधिकृत दीपक रेग्मीको अनुसन्धानले एक डरलाग्दो तथ्यलाई उजागर गरेको छ। उनको प्रतिवेदन अनुसार तराईमा अपहरण गर्ने डीएम कम्पनी र वाई कम्पनी नामक प्रोफेसनल सङ्गठनहरू खुलेका छन्। सिराहा, सप्तरी र धनुषामा यी दुई समूहले हडकम्प मच्चाएका छन्। अपराध र अपहरणको सञ्जाल निर्माण र विस्तार डर लाग्दो छ।

पछिल्लो समयमा सिरहाबाट अपहरण भएकाहरू भारतीय सहर बेगुसरायबाट छुटेका कारण त्यहाँ अपहरणकारीहरूले केन्द्र बनाएर बसेको हुनसक्ने सुरक्षा निकायको ठहर छ। अपहरणकारीहरूले अपहरण गर्दा सुरूमा घर वा बाटोबाट उठाएर ल्याउने , सेल्टरमा सुरक्षित रूपमा लुकाएर राख्ने, स्थान परिवर्तन गर्ने र फिरौतीको लागि सौदाबाजी गर्ने , फिरौती प्राप्त भएपछि आफू पक्राउ नपरी अपहरितलाई आफन्तको जिम्मा लगाउने र फिरौती नदिएमा वा प्रहरी लगाएर घेराबन्दी गर्न खोजेमा बन्धकको हत्या गर्ने अलग अलग समूहहरू बनाएका छन्। उनीहरूलाई कम्पनीको तर्फबाट तालिम पनि दिइने गरिएको छ। अपहरण गर्न सजिलो छ तर, फिरौती असुल नहुन्जेल बन्धक व्यक्तिलाई लुकाएर राख्न कठिन छ । यसका लागि अपहरणकारीहरूले सीमावर्ती भारतीय गाउँहरूमा सुरक्षित सेल्टर बनाएका छन् ।

अपहरणका दुई प्रवृत्ति र प्रकृतिको देखिएको छ। एकखाले अपहरण शुद्ध फिरौतीका लागि गरिन्छ । यस्ता अपहरणमा फिरौती रकमको लागि अपहरणकारीहरूले अविभावकहरूलाई प्रशस्त दबाब दिने र सौदाबाजी गरेर मोटो रकम उठाउने गर्छन् । अपहरणकारीहरूले अपहरितको ज्यान लिँदैनन्। तर केही अपहरणहरू रिसईवी साँध्न भएको देखिन्छ । पुरानो झैं झगडाको रिसईवी साँध्न गरिएको अपहरणमा अपहिरतको हत्या गरिएको घटनाहरू पनि सामुन्ने आएका छन् । २०६५ को जेठमा सीतापुर सिराहाका १४ वर्षीय रामकुमार गुप्ताको लास भोटियाटोल नजिक माटै मुनि गाडिएको अवस्थामा फेला पन्यो । उनलाई तीन दिन अगाडि अपहरण गरेर हत्या गरी फालिएको थियो। अपहरणकारीहरूले उनका अविभावकसँग फिरौती पनि माग गरेनन् ।

सुरक्षित सेल्टर बनाउन नसकेका र प्रहरीको आँखा छल्न नसक्ने अपहरणकारीहरूले अपहरण गरिएको बन्धक व्यक्ति अर्को समूहलाई बेच्ने गरेको पनि देखिएको छ। अपहरण गर्ने एउटा समूह हुन्छ तर, भारतमा बसेर फिरौतीको लागि सौदाबाजी गर्ने र फिरौती असुल गर्ने अर्को समूहका अगुवाले गरिरहेका हुन्छन्। फिरौती डिल गर्नेले पनि फिरौती वापतको रकमबाट कमिशन पाउँछन्। एउटा जिल्लाको समूहले अपहरण गर्ने र अर्को जिल्लाको समूहले सौदाबाजी गर्ने घटनाहरू पनि सामुन्ने आएका छन्। दुई वर्ष अघिसम्म सशस्त्र समूहमा आवद्ध रहेर अहिले सामाजिक जीवन बिताइरहेका असनपुर सिरहा एक युवा भन्छन् "लिडरले पहिले अपहरण गर्ने पैसावाला धनीको बच्चाको छनौट र पहिचान गर्छ। त्यसपछि अपहरण गर्ने सदस्यहरूलाई दुई चार दिन बच्चाको घर वरिपरी आवतजावत गरेर बच्चाको गतिविधिबारे जानकारी लिइन्छ। त्यसपछि सेल्टर र त्यहाँसम्म पुग्ने रूट निश्चित गरिन्छ। अनि अपहरण गरिन्छ।"

अपहरणकारीहरूले राम्ररी बुझेका छन् बालक अपहरण गर्दा अविभावकलाई छिट्टै गाल्न सकिन्छ। सन्तान जोगाउन उनीहरू घर घडेरी बेचेर पनि फिरौती रकम तिर्न वाध्य हुन्छन्। फिरौती रकम धेरै उठ्ने, अविभावकले छिटो रकम जुटाउने ,मोटरसाइकलमा राखेर लान सजिलो हुने , सेल्टरमा लुकाउन पनि सजिलो हुने र मुक्त गरेपछि बालकले प्रहरीलाई सेल्टर र अपहरणकारीहरू बारे सूचना पनि दिन नसक्ने हुनाले अपहरणकारीहरू मुख्य रूपमा बालक अपहरणमा केन्द्रित भएका छन्।

अपहरणका दुई प्रवृत्ति र प्रकृतिको देखिएको छ। एकखाले अपहरण शुद्ध फिरौतीका लागि गरिन्छ। यस्ता अपहरणमा फिरौती रकमको लागि अपहरणकारीहरूले अविभावकहरूलाई प्रशस्त दबाब दिने र सौदाबाजी गरेर मोटो रकम उठाउने गर्छन्। अपहरणकारीहरूले अपहरितको ज्यान लिँदैनन्। तर, केही अपहरणहरू रिसईवी साँध्न भएको देखिन्छ। पुरानो झैं झगडाको रिसईवी साँध्न गरिएको अपहरणमा अपहिरतको हत्या गरिएको घटनाहरू पनि सामुन्ने आएका छन्। २०६५ को जेठमा सीतापुर सिराहाका १४ वर्षीय रामकुमार गुप्ताको लास भोटियाटोल नजिक माटै मुनि गाडिएको अवस्थामा फेला पन्यो। उनलाई

सीतापुरबाट अर्का १२ वर्षीय बालक जयनारायण यादव अपहरणमा परे। संयोगले लहानबाट पश्चिमतिर जाँदै गरेको सशस्त्र प्रहरीको गस्ती टोली र जयनारायणलाई मोटरसाइकलमा लिएर भाग्दै गरेका अपहरणकारीको जम्काभेट भयो। बालक जयनारायण चिच्याएपछि प्रहरीलाई शङ्का लागि घेरा हाल्ने प्रयास गऱ्यो। अपहरणकारीहरू बालकलाई छोडेर भागे। बालकलाई उद्धार गरेर प्रहरीले परिवारजनलाई बुझायो।

त्यसपछि पनि गत २०६७ पुस १६ का दिन सिरहा, गोलबजारस्थित सृजना इङ्गलिस बोर्डिङ् स्कूलबाट ८ वर्षीय बालक जीवन यादवको अपहरण भयो। ८ दिन पछि अपहरित बालकका पिता रामचन्द्र यादवले ३ लाख रुपियाँ फिरौती बुझाएर छोरालाई मुक्त गराए।

गत माघ ६ गते असनपुर ४ का मनि ट्रन्सफर तथा ईटा भट्टा सञ्चालक १८ वर्षीय सरोज साहको साथमा रहेको ६ लाख २७ हजार रूपियाँ सहित साँझ ७ बजे घर जाँदै गर्दा बाटैबाट अपहरण भयो। १२ दिन पछि १० लाख फिरौती बुझाएर सरोजलाई परिवारजनले मुक्त गरायो।

ईब्राहिमको अपहरणबाट प्रहरीले एउटा नयाँ तथ्य फेला पारेको छ। अपहरणकारीहरूको पहिचान भएको र उनीहरूको श्रीमतीलाई पक्राउ गरी थुनेपछि अपहरणकारीहरू दबाबमा परे। उनीहरूले बच्चालाई मुक्त गरी दिने परिवारजनलाई सन्देश पठाएर बालकलाई लिन गए। तर जहाँ लगेर बच्चालाई लुकाइएको थियो त्यो घरका र गाउँका सहयोगीहरूले फिरौती बिना बच्चा मुक्त नहुने भनेर अपहरण गरी लाने लोचनलाई फिर्ता पठाई दिए। श्रीमती प्रहरीको खोरमा रहेकोले अपहरणका नाइके लोचनले वाध्य भएर प्रहरीलाई सेल्टरबारे सूचना दियो। त्यस पछि प्रहरीले भारतीय सीमा सुरक्षा बलको मद्दत लिएर सीमापारिको गाउँ मालिन बेलहालाई घेराउ गऱ्यो। अपहरणकारीहरू त भागिसकेका रहेछन् तर अपहरित ईब्राहिमको सकुशल उद्धार गर्न प्रहरी सफल भयो।

अपहरणकारी पत्ता लगाउन प्रहरीले मोबाइल फोनको कल डिटेललाई मुख्य आधार बनाउँछ। अनुसन्धानको अन्य प्रभावकारी उपाय गरिएको देखिँदैन। अपहरणकारीहरूले अपहरितको परिवारजनलाई फिरौती माग्न फोन गरे पछि

मधेस यतिबेला हत्या, अपहरण, डकैती, जबरजस्ती चन्दा, अपहरण र फिरौती जस्ता अपराधले आक्रान्त छ । तर, समाजलाई सबैभन्दा थिलथिलो बनाएको छ बालक अपहरणले। अविवेकी अपराधकर्म र फिरौतीका लागि गरिने बालक अपहरणले मधेसका सशस्त्र समूहहरूलाई पनि बदनाम गराएको छ । मधेस मुक्तिका लागि गठन भएका भनिएका सशस्त्र समूहहरूका नेताहरूले मधेसी युवाहरूलाई बन्दुक बोवन त आकर्षित गराए तर, फिरौतीको नाममा आउने अकुत धनको अगाडि समूह बाहिर गएर वा छुट्टिएर अपराध गर्नेहरूलाई नेताहरूले नियन्त्रण गर्न सकेनन् ।

त्यही नम्बरको कल डिटेल रेकर्ड मगाइन्छ । प्रहरी प्रधान कार्यालयमा रहेको अनुसन्धान कक्षबाट ईमेल मार्फत जिल्लाका अनुसन्धान अधिकारीहरूले कल डिटेल रेकर्ड (सीडीआर) प्राप्त गरेपछि अपहरणकारी पत्ता लगाउने प्रयास सुरू हुन्छ। अपहरणकारीहरूले प्रयोग गरेको मोबाइलबाट अन्य जुन जुन नम्बरमा फोन गएको छ त्यो नम्बरका उपभोक्ताहरूलाई सोधेर अपराधी व्यक्ति को हो भनेर निर्क्यौल गरिन्छ। त्यसपछि कुन लोकेसनबाट फोन गरिएको थियो ती वरपरका गाउँ बस्तीहरूमा प्रहरीले निगरानी बढाउने र छापा मार्ने काम गर्छ।

प्रहरीले मोबाइलको सीडीआर हेरेर लोकेसन पत्ता लगाई घेराबन्दी गर्ने प्रयास गरेको थाहा पाएपछि अपहरणकारीहरूले फोन गरेको एक मिनेट मै स्थान परिवर्तन गर्न थाल्छन्। जिल्लाबाट सिधै सीडीआर हेर्ने सुविधा छैन। जिल्ला प्रहरी कार्यालयबाट अनुसन्धानमा संलग्न प्रहरी अधिकृतहरूले अपहरणकारीहरूको फोन आउनसाथ सीडीआरका लागि प्रहरी प्रधान कार्यालयमा इमेल गर्ने र उताबाट जवाफ प्राप्त भएर लोकेसनको घेराबन्दी गरून्जेल अपहरणकारीहरू त्यहाँबाट अन्यत्र सरिसक्ने स्थिति देखिएको छ। कतिपय अपहरणकारीहरूले भारतीय मोबाइलको सिम प्रयोग गरेर फिरौतीको लागि फोन गर्ने गरेका छन् वा सीमापारी भारतीय भूमिबाट नेपाली फोन प्रयोग गरेर फोन गर्छन्। पछिल्ला दिनमा आएर मलेसियाबाट पनि फिरौतीको डिल हुन थालेको छ। सिरहाको असनपुर ४ का सरोज साह अपहरणमा पर्दा अपहरणकारीहरूले मलेसियाबाट फोन गरेर फिरौती मागेका थिए। पछि इन्टरनेटबाट कल वाईपास गर्ने प्रविधिबाट फोन गरेर फिरौती माग्न थालिएपछि प्रहरीको अनुसन्धान प्रणाली नै चौपट भएको छ। प्रहरी प्रशासन अपहरणकारीहरूको सामुन्ने यति निरीह भएको छ की अपहरितका परिवारलाई "आफ्नो मानिस बचाउन आफैँ प्रयास गर्नुस" भन्छ।

लहानका बालक गौरव चौधरी अपहरण हुँदा प्रहरीले सीडीआरले देखाएको लोकेसन वरपर छापा माऱ्यो। जिल्ला प्रहरी कार्यालय सिरहामा केही समय अगाडि कार्यरत नायब प्रहरी उपरीक्षक दीपक रेग्मी भन्छन् "लोकेसन सही प्राप्त भएको रहेछ तर हामी ३० मिनेट ढिलो गरी पुग्यौँ। अपहरणकारी अन्यत्र सरी सकेका रहेछन्। अपहरित वालकलाई उद्धार गर्ने हाम्रो प्रयास असफल भयो।"

केही समय अगाडि जिल्ला प्रहरी कार्यालय सिराहामा कार्यरत प्रहरी उपरीक्षक रमेश भट्टराई भन्छन् "अपहरण बढ्नुको मुख्य कारण तराईमा सशस्त्र विद्रोह गर्ने भनी सङ्गठित भएका सशस्त्र समूहहरू फिरौतीको अर्थ राजनीतिले गर्दा अपहरणकारीमा रूपान्तरित भएका छन्। अन्यथा कुनै पनि समाजमा यति धेरै मानिस अपराध कार्यमा संलग्न भएको देखिँदैन। समाजको ठूलो हिस्सा एकैपटक अपराध कार्यमा संलग्न भएको छ। त्यसैले गर्दा यसलाई तत्काल नियन्त्रणमा लिन कठिनाइ भइरहेको छ।"

तर, मानवअधिकारकर्मी राजकुमार राउत भन्छन् "अपहरण बढ्नुको कारण दण्डहीनता र प्रहरी सङ्गठनको असक्षमता"। उनी थप्छन् "आपराधिक कृयाकलापमा संलग्न व्यक्तिहरू खुलेआम हतियार (बन्दुक) बोकेर हिँड्छन्। हतियार सहित पक्राउ परेका

व्यक्तिहरू पक्राउ परेको एक साता भित्रै सजिलै छुटेर आउँछन्। प्रसाशन संयन्त्र पूरै भ्रष्टाचारमा लिप्त छ। "

मधेस यतिबेला हत्या, अपहरण, डकैती, जबरजस्ती चन्दा, अपहरण र फिरौती जस्ता अपराधले आक्रान्त छ। तर, समाजलाई सबैभन्दा थिलथिलो बनाएको छ बालक अपहरणले। अविवेकी अपराधकर्म र फिरौतीका लागि गरिने बालक अपहरणले मधेसका सशस्त्र समूहहरूलाई पनि बदनाम गराएको छ। मधेस मुक्तिका लागि गठन भएका भनिएका सशस्त्र समूहहरूका नेताहरूले मधेसी युवाहरूलाई बन्दुक बोक्न त आकर्षित गराए तर, फिरौतीको नाममा आउने अकुत धनको अगाडि समूह बाहिर गएर वा छुट्टिएर अपराध गर्नेहरूलाई नेताहरूले नियन्त्रण गर्न सकेनन्। अपहरणको अपराध कार्यलाई प्रहरीले पनि नियन्त्रणमा लिन सकेको छैन। अपराधले समाजलाई थिलथिलो बनाएको छ।

२०६१ सालबाट सुरू भएको अपहरणको सिलसिलामा गुणात्मक वृद्धि र शैलीमा पनि उच्च व्यावसायिकरण भएको छ। अपहरणकारीहरू पनि अभ्यस्त हुँदैछन्। हरेक अपहरणपछि उनीहरू उपायहरूको प्रयोग गर्न परिपक्व हुन्छन् । उनीहरूको मनोबल पनि बढ्दै गएको छ। विभिन्न समूहहरूबीच सञ्जाल बन्दैछ र सहकार्य बढ्दै छ। एउटा कटुवा बन्दुक बोकेर लुटपाट सुरू गरेका व्यक्ति र समूहहरू बिस्तारै फैलिएर सङ्गठित र व्यवसायिक आपराधिक समूहमा परिणत भइरहेका छन्। भारतीय आपराधिक समूहहरूसँग उनीहरूको सम्बन्ध र सहकार्य बढ्दैछ। केही समय अगाडिसम्म सिराहामा कार्यरत रहेका प्रहरी अधिकृत दीपक रेग्मीको अनुसन्धानले एक डरलाग्दो तथ्यलाई उजागर गरेको छ। उनको प्रतिवेदन अनुसार तराईमा अपहरण गर्ने डीएम कम्पनी र वाई कम्पनी नामक प्रोफेसनल सङ्गठनहरू खुलेका छन्। सिराहा, सप्तरी र धनुषामा यी दुई समूहले हडकम्प मच्चाएका छन्। अपराध र अपहरणको सञ्जाल निर्माण र विस्तार डर लाग्दो छ।

पछिल्लो समयमा सिरहाबाट अपहरण भएकाहरू भारतीय सहर बेगुसरायबाट छुटेका कारण त्यहाँ अपहरणकारीहरूले केन्द्र बनाएर बसेको हुनसक्ने सुरक्षा निकायको ठहर छ। अपहरणकारीहरूले अपहरण गर्दा सुरूमा घर वा बाटोबाट उठाएर ल्याउने , सेल्टरमा सुरक्षित रूपमा लुकाएर राख्ने, स्थान परिवर्तन गर्ने र फिरौतीको लागि सौदाबाजी गर्ने , फिरौती प्राप्त भएपछि आफू पक्राउ नपरी अपहरितलाई आफन्तको जिम्मा लगाउने र फिरौती नदिएमा वा प्रहरी लगाएर घेराबन्दी गर्न खोजेमा बन्धकको हत्या गर्ने अलग अलग समूहहरू बनाएका छन्। उनीहरूलाई कम्पनीको तर्फबाट तालिम पनि दिइने गरिएको छ। अपहरण गर्न सजिलो छ तर, फिरौती असुल नहुन्जेल बन्धक व्यक्तिलाई लुकाएर राख्न कठिन छ । यसका लागि अपहरणकारीहरूले सीमावर्ती भारतीय गाउँहरूमा सुरक्षित सेल्टर बनाएका छन् ।

अपहरणका दुई प्रवृत्ति र प्रकृतिको देखिएको छ। एकखाले अपहरण शुद्ध फिरौतीका लागि गरिन्छ । यस्ता अपहरणमा फिरौती रकमको लागि अपहरणकारीहरूले अविभावकहरूलाई प्रशस्त दबाब दिने र सौदाबाजी गरेर मोटो रकम उठाउने गर्छन् । अपहरणकारीहरूले अपहरितको ज्यान लिँदैनन्। तर केही अपहरणहरू रिसईवी साँध्न भएको देखिन्छ । पुरानो झैं झगडाको रिसईवी साँध्न गरिएको अपहरणमा अपहिरतको हत्या गरिएको घटनाहरू पनि सामुन्ने आएका छन् । २०६५ को जेठमा सीतापुर सिराहाका १४ वर्षीय रामकुमार गुप्ताको लास भोटियाटोल नजिक माटै मुनि गाडिएको अवस्थामा फेला पऱ्यो । उनलाई तीन दिन अगाडि अपहरण गरेर हत्या गरी फालिएको थियो। अपहरणकारीहरूले उनका अविभावकसँग फिरौती पनि माग गरेनन् ।

सुरक्षित सेल्टर बनाउन नसकेका र प्रहरीको आँखा छल्न नसक्ने अपहरणकारीहरूले अपहरण गरिएको बन्धक व्यक्ति अर्को समूहलाई बेच्ने गरेको पनि देखिएको छ। अपहरण गर्ने एउटा समूह हुन्छ तर, भारतमा बसेर फिरौतीको लागि सौदाबाजी गर्ने र फिरौती असुल गर्ने अर्को समूहका अगुवाले गरिरहेका हुन्छन्। फिरौती डिल गर्नेले पनि फिरौती वापतको रकमबाट कमिशन पाउँछन्। एउटा जिल्लाको समूहले अपहरण गर्ने र अर्को जिल्लाको समूहले सौदाबाजी गर्ने घटनाहरू पनि सामुन्ने आएका छन्। दुई वर्ष अघिसम्म सशस्त्र समूहमा आवद्ध रहेर अहिले सामाजिक जीवन बिताइरहेका असनपुर सिरहा एक युवा भन्छन् "लिडरले पहिले अपहरण गर्ने पैसावाला धनीको बच्चाको छनौट र पहिचान गर्छ। त्यसपछि अपहरण गर्ने सदस्यहरूलाई दुई चार दिन बच्चाको घर वरिपरी आवतजावत गरेर बच्चाको गतिविधिबारे जानकारी लिइन्छ। त्यसपछि सेल्टर र त्यहाँसम्म पुग्ने रूट निश्चित गरिन्छ। अनि अपहरण गरिन्छ।"

अपहरणकारीहरूले राम्ररी बुझेका छन् बालक अपहरण गर्दा अविभावकलाई छिट्टै गाल्न सकिन्छ। सन्तान जोगाउन उनीहरू घर घडेरी बेचेर पनि फिरौती रकम तिर्न वाध्य हुन्छन्। फिरौती रकम धेरै उठ्ने, अविभावकले छिटो रकम जुटाउने ,मोटरसाइकलमा राखेर लान सजिलो हुने , सेल्टरमा लुकाउन पनि सजिलो हुने र मुक्त गरेपछि बालकले प्रहरीलाई सेल्टर र अपहरणकारीहरू बारे सूचना पनि दिन नसक्ने हुनाले अपहरणकारीहरू मुख्य रूपमा बालक अपहरणमा केन्द्रित भएका छन्।

अपहरणका दुई प्रवृत्ति र प्रकृतिको देखिएको छ। एकखाले अपहरण शुद्ध फिरौतीका लागि गरिन्छ। यस्ता अपहरणमा फिरौती रकमको लागि अपहरणकारीहरूले अविभावकहरूलाई प्रशस्त दबाब दिने र सौदाबाजी गरेर मोटो रकम उठाउने गर्छन्। अपहरणकारीहरूले अपहरितको ज्यान लिँदैनन्। तर, केही अपहरणहरू रिसईवी साँध्न भएको देखिन्छ। पुरानो झैं झगडाको रिसईवी साँध्न गरिएको अपहरणमा अपहिरतको हत्या गरिएको घटनाहरू पनि सामुन्ने आएका छन्। २०६५ को जेठमा सीतापुर सिराहाका १४ वर्षीय रामकुमार गुप्ताको लास भोटियाटोल नजिक माटै मुनि गाडिएको अवस्थामा फेला पऱ्यो। उनलाई

तीन दिन अगाडि अपहरण गरेर हत्या गरी फालिएको थियो। अपहरणकारीहरूले उनका अविभावकसँग फिरौती पनि माग गरेनन्।

अपहरणका वारदातहरूमा प्रहरीको मिलोमतो हुने गरेको गुनासोहरू प्रकाशमा आएको मात्र होइन केही तथ्यहरू पनि सामुन्ने आएका छन्। गरीब साहका छोरा विश्वास साहको अपहरण हुँदा गरीब साहले अपहरणकारीहरूसँग फोनमा भएको कुराकानीबारे प्रहरीलाई जानकारी गराउँथे। तर, अर्को पटक अहरणकारीहरूको फोन आउँदा उनीहरूले गरीब साहलाई भन्थे "तिमीले यी यी कुरा प्रहरीलाई सुनाएछौ। यस्तो नगर्नु नत्र छोरालाई मारी दिन्छौं "। गरीब साह र प्रहरीबीच भएको कुराकानी अपहरणकारीहरूले थाहा पाउँथे। लहानमा कार्यरत मानव अधिकारकर्मी विनोद विसुन्के भन्छन् गरीब दासको छोराको अपहरणमा इलाका प्रहरी कार्यालय लहानले पाँच लाख रुपियाँ कमिशन खाएको तथ्य हामीले फेला पारेका छौं। यसबारे धेरै पटक लहानका मानव अधिकारकर्मीहरूले कुरा उठाए तर, प्रहरीले त्यसबारे अनुसन्धान गरेन। शिखर लामिछाने र विश्वास साहको अपहरणमा फिरौती रकमवारे सौदाबाजी हुँदा "५ लाख रुपियाँ त प्रहरीलाई नै हामीले दिनुपर्छ, त्यसकारण १० लाख भन्दा कम फिरौती लिने कुरै आउँदैन, अपरहणकारीहरूले भनेका थिए।" अपहरणका वारदातहरूमा प्रहरीको संलग्नता छ की छैन ? प्रमाणिक आधारमा भन्नलाई उच्चस्तरको छानबिनको आवश्यकता पर्छ तर, जनताको आरोपबाट भने प्रहरी सङ्गठन मुक्त भने छैन। जिल्लास्तरमा कार्यरत प्रहरी अधिकारीहरू अफ द रेकर्डमा भन्छन् "यहाँ भित्रका प्रहरी र बाहिरका मानिसहरूबीच के सम्बन्ध छ खुट्याउन कठिन छ। हामीले पनि अप्रेसन गर्दा सँगसँगै टोलीमा लिएर जाने प्रहरीहरूलाई पनि सूचना चुहाउँदैनौं"।

प्रहरी सङ्गठन माथि जनताको विश्वासमा भने कमी आएको छ। सिराहामा भएका एक घटना बाहेक कुनै पनि वारदातमा सफल अनुसन्धान गरी अपराधीहरूलाई कानुनको दायरामा ल्याएर देखाउन प्रहरी सङ्गठन असफल छ। त्यसकारण पनि अपहरितका परिवारहरू प्रहरीलाई गुहार्नु भन्दा आफैं अपहरणकारीहरूसँग सम्पर्क गरेर सौदाबाजी गर्ने र फिरौती बुझाएर अपहरितलाई छुटाउने गर्छन्। अपहरण मुक्त भएपछि के के भयो र कसरी मुक्त भयो भनेर प्रहरीलाई सूचना दिन र उजुरी दिन पनि जाँदैनन् पीडित परिवारहरू। न त प्रहरीले नै अपहरितसँग भलाकुसारी गरी सूचना लिने प्रयास गर्छ। सिराहामा अपहरणमा परेर फिरौती बुझाएर मुक्त भएकाहरूले पनि प्रहरीमा कुनै किसिमको उजुरी दिँदैनन्। सिराहामा विगत ५ वर्षमा ५ सय भन्दा बढी अपहरणका घटना भएका छन्। तर, हालसम्म प्रहरीमा एउटा पनि निवेदन परेको छैन। अपहरणकारीहरूले समाजलाई भयभित पारेर राखेका छन्। जनतालाई प्रहरी माथि विश्वास पनि छैन।

प्रशासनयन्त्रलाई अपराध नियन्त्रणका लागि किन प्रभावकारी रूपमा काम गर्न नसकेको भनी सोध्दा भन्छन् "राजनीतिक दलका नेताहरू हतियारसहित पक्राउ परेका मानिसहरूलाई छुटाउन दबाब दिन्छन्।" राजनीतिक दवावका कारण अनुसन्धान नै प्रभावित हुन्छ। दलका नेताहरूलाई सोध्दा भन्छन् "प्रशासन भ्रष्ट छ।" आखिर यो दुवै क्षेत्रको कमजोरी भने उत्तिकै देखिन्छ। भ्रष्टाचारको कारण प्रशाशन संयन्त्र निकम्मा भएको छ। बाहुबलको रूपमा उपयोग गर्न राजनीतिक दलका नेताहरूले आपराधिक व्यक्तिहरूलाई संरक्षण दिन्छन्। यसले गर्दा मधेसमा अपराध मौलाउँदै छ। अल्झिँदो राजनीतिक विवाद, राजनीतिक दलहरूको अकर्मण्यता र भ्रष्टाचारको दलदलमा फसेको प्रशासन यन्त्रले यसलाई झन संस्थागत गर्दैछ। राजनीति र प्रशासन दुवैको आपराधीकरण हुँदैछ। अपराध र अपराधीहरूलाई मौलाउन तथा फस्टाउनका लागि मलजल गरिँदैछ।

सिराहाको प्रहरी अपहरणकारीहरू सङ्गठित समूहको रूपमा रहेको , भारतीय आपराधिक समूहहरूसँग साँठगाँठ र सहकार्य गरिरहेको, नेपालभर सञ्जाल बिस्तार गरिरहेको र उनीहरू विरूद्ध ठूलो आकारको सुरक्षा कारबाही गरेर मात्र आपराधिक सञ्जाललाई ध्वस्त पार्न सकिने ठहरमा पुगेको छ। यसको लागि सिराहामा सुरक्षा समितिको बैठक बसेर केन्द्रसँग बजेट , जनशक्ति र उपकरणहरू माग गरेको छ। तर केन्द्र र जिल्लाको प्रसाशनिक निकाय बीच तालमेल नहोउनञ्जेल सिरहा अपहरणकारीहरूको लागि भूस्वर्ग बनिरहने छ। जनता भय र त्रासमा बाँच्न बाध्य रहनेछन्।

प्रहरी भन्छ "हामी पनि राजनीतिक दबाबका अगाडि बाँधिएका छौं। एउटा सन्दिग्ध मानिसलाई पक्राउ गरेर हिरासतमा ल्याउन नभ्याउँदै दर्जनौं नेताहरूको फोन आउँछ। जिल्लाका मात्र होइन केन्द्रका नेता र मन्त्रीको पनि फोन आउँछ। अनुसन्धान नगरी छोड्नु पर्छ "। उता राजनीतिक दलका स्थानीय नेता तथा कार्यकर्ताहरू भन्छन् "प्रहरी र प्रशासन र अपराधी समूहहरू बीच नाजायज लेनदेन र साँठगाँठ छ"। सत्य के हो अनुसन्धानको विषय हुनसक्छ। तर नाङ्गो आखाले देखिने सत्य के हो भने अपहरण र फिरौतीको भयले सिरहाका जनता आक्रान्त छन्।

नेपाल स्थित संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालयले मधेसमा फर्जी भिडन्तको नाममा सन् २००८ देखि ५७ जना नागरिकहरूको गैरन्यायिक हत्या भएको प्रतिवेदन सार्वजनिक गरेको छ। प्रतिवेदनमा सशस्त्र समूहहरूको नाममा हत्या, अपहरण, फिरौती, लुटपाट र जबरजस्ती चन्दा जस्ता घटनाहरू अनगिन्ती भएको र अपराध नियन्त्रण गर्न सुरक्षा निकायहरूले कानुनको दायराभन्दा बाहिर गएर आरोपित सशस्त्र समूहका सदस्यहरूलाई फर्जी मुठभेडमा हत्या गरेको जनाएको छ। उच्चआयुक्तको कार्यालयले सुरक्षा निकायले गर्ने गैरन्यायिक हत्यालाई अपराध कार्यबाट असुरक्षित महसुस गरिरहेका मधेसी समाजले पनि समर्थन गर्ने परिपाटी देखिएको बताएको छ।

दुई वर्ष अगाडिसम्म सुरक्षा कारबाहीमा सशस्त्र समूहका मानिसहरू मारिँदा मधेस र मधेसी माथि नाङ्गो सरकारी दमन भयो भनेर विरोध गरिन्थ्यो तर अहिले स्थिति फेरिएको छ। गैरन्यायिक हत्याको विरोध गर्ने मानवअधिकार रक्षकहरू प्रति समाज आक्रमक रूपमा प्रस्तुत हुने स्थिति देखिएको छ। मधेसी जनताहरू सुरक्षा निकायलाई आग्रह गर्छन् अपराधीहरूलाई इन्काउन्टर गर्नु पर्‍यो। मानवअधिकारकर्मी राजकुमार राउत भन्छन् तराईमा यतिबेला गैरन्यायिक हत्या विरूद्ध आवाज उठाउन पनि कठिन छ। समाजलाई अपहरणकारीहरूले यतिबिघ्न उत्पीडन गराएका छन् की प्रहरीले फर्जी इन्काउन्टर गर्दा पनि समाजले खुसी व्यक्त गर्छ। मानव अधिकारकर्मीहरूले विरोध गर्दा उनीहरू माथि समाज खनिन्छन्।"

(थपलिया, सिराहा जिल्लामा पत्रकारिता गर्छन्।)

नेपालमा नागरिकता सम्बन्धी प्रावधान र यसमा रहेका विभेद

सम्झना श्रेष्ठ

नेपालका संविधानहरूमा नागरिकताको सम्बन्धमा महिलाको हकमा पहिलाको संविधानभन्दा पछिका संविधान सङ्कुचित बन्दै गएको देखिन्छ । नागरिकता सम्बन्धी उल्लेख गरिएको पहिलो संविधान नेपालको संविधान २०१९ मा आमा वा बाबु कुनै एक नेपाली नागरिक भए उनीहरूको सन्तानले वंशजको आधारमा नागरिकता पाउने व्यवस्था गरेको छ भने नेपाल अधिराज्यको संविधान २०४७ ले संविधान प्रारम्भ भएपछि जन्मेको कुनै व्यक्तिको बाबु निजको जन्म हुँदा नेपालको नागरिक रहेछ भने त्यस्तो व्यक्ति वंशजको नाताले नेपालको नागरिक हुनेछ भन्ने व्यवस्था गरी सन्तानलाई नागरिकता प्रदान गर्ने सम्बन्धमा नेपाली महिलालाई उल्लेख गरेको छैन ।

१. पृष्ठभूमि

व्यक्तिलाई पहिचान प्रदान गर्ने सबैभन्दा महत्वपूर्ण दस्तावेज नागरिकताको प्रमाणपत्र हो। कुनै पनि व्यक्तिको स्वतन्त्र अस्तित्वका लागि पहिचानको आवश्यकता हुन्छ। कानुनी पहिचान बिना व्यक्तिको वैधानिक अस्तित्व रहँदैन। पहिचानको अधिकारलाई व्यक्तिको पहिलो अधिकारका रूपमा लिइन्छ, किनभने पहिचानको आधारमा नै अन्य अधिकारहरूको सृजना र अन्त्य हुन्छ। नागरिकता एक राजनीतिक अवधारणा हो। राष्ट्र र त्यस देशका बासिन्दाबीचको राजनीतिक सम्बन्धलाई नागरिकताले परिभाषित गर्दछ। सामान्य अर्थमा नागरिक तथा राजनीतिक अधिकार प्रयोग गर्न पाउने तथा सम्बन्धित राष्ट्र प्रति विशेष कर्तव्यहरू प्रदान गरिएका राजनीतिक व्यक्तिलाई नागरिक भनिन्छ।

मानवअधिकारको विश्वव्यापी घोषणापत्र-१९४८ को धारा १५, नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र-१९६६ को धारा २४, महिलाविरूद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्ने सम्बन्धी महासन्धि-१९७९ को धारा ९, बालअधिकार महासन्धि-१९८९ को धारा ७, ले राष्ट्रियतालाई व्यक्तिको मानवअधिकारकोरूपमा आत्मसात गरेका छन्। अन्तर्राष्ट्रिय कानूनमा प्रयुक्त राष्ट्रियता सम्बन्धी व्यवस्था हाम्रो सन्दर्भमा नागरिकता सम्बन्धी व्यवस्थामा प्रयोग गरिएको छ। महिला विरूद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धि, १९७९, को धारा ९ ले महिलालाई पुरूष सरह नागरिकता लिन, कायम राख्न र परिवर्तन गर्न समान अधिकार प्रदान गरेको छ। वैवाहिक सम्बन्धको आधार महिलाको स्वेच्छा बेगर नागरिकता परिवर्तन नहुने कुराको सुनिश्चित गर्दै पुरूष र महिलालाई आफ्ना सन्तानहरूको नागरिकता निर्धारण गर्ने समान अधिकारको व्यवस्था गरेको छ।

बालअधिकार सम्बन्धी महासन्धि १९८९ को धारा ७ ले बालबालिका जन्मनासाथ दर्ता गरिने, आफ्नो नाम राख्न पाउने र राष्ट्रियताको अधिकार पाउने छन्। यदि बालबालिकाहरू राज्यविहीन हुने भएमा राष्ट्रिय कानून र अन्तर्राष्ट्रिय दस्तावेज अन्तर्गतको दायित्व समेत पालना गर्नुपर्ने कुरा उल्लेख छ। महासन्धिको दफा ८ मा पक्ष राष्ट्रले बालबालिकाको राष्ट्रियता उनीहरूको नाम, परिचय संरक्षण गर्न पाउने अधिकारलाई सम्मान गर्नुपर्ने भन्ने व्यवस्था छ।

नेपालका संविधानहरूमा नागरिकताको सम्बन्धमा महिलाको हकमा पहिलाको संविधानभन्दा पछिका संविधान सङ्कुचित बन्दै गएको देखिन्छ। नागरिकता सम्बन्धी विषय उल्लेख गरिएको पहिलो संविधान नेपालको संविधान २०१९ मा आमा वा बाबु कुनै एक नेपाली नागरिक भए उनीहरूको सन्तानले वंशजको आधारमा नागरिकता पाउने व्यवस्था गरेको छ भने नेपाल अधिराज्यको संविधान २०४७ ले संविधान प्रारम्भ भएपछि जन्मेको कुनै व्यक्तिको बाबु निजको जन्म हुँदा नेपालको नागरिक रहेछ भने त्यस्तो व्यक्ति वंशजको नाताले नेपालको नागरिक हुनेछ भन्ने व्यवस्था गरी सन्तानलाई नागरिकता प्रदान गर्ने सम्बन्धमा नेपाली महिलालाई उल्लेख गरेको छैन। त्यसैगरी नेपालको अन्तरिम संविधान २०६३ ले विदेशी नागरिकसँग विवाह गरेकी नेपाली महिला नागरिकबाट जन्मिएको व्यक्तिको हकमा निजको नेपालमा जन्म भई नेपालमा नै स्थायी बसोवास गरेको, निजले प्रचलित कानून बमोजिम नेपालको अङ्गीकृत नागरिकता प्राप्त गर्न सक्नेछ भन्ने प्रावधान राखेर नेपाली बाबुको सन्तान विश्वभरी जहाँ जन्मिएपनि वंशजको नागरिक हुने तर, नेपाली आमाको सन्तान नेपालमा नै जन्मेको हुनुपर्ने र त्यसमा पनि नीजलाई अङ्गीकृत नागरिकता दिने जस्ता विभेदकारी व्यवस्था विद्यमान रहेको छ। नयाँ बन्ने संविधानमा नागरिकताका सम्बन्धमा सम्बन्धित निकायहरूले दिएका सुझाव र उच्चस्तरीय कार्यदलले गरेको समझदारी समेत विभेदकारी रहेको छ।

२. नेपालमा नागरिकता प्राप्तीका प्रावधानहरू

नेपालको संविधान, २०१९ को धारा ७ ले नागरिकता सम्बन्धी व्यवस्था गर्दै नेपालमा जन्मेको वा आमा बाबुमध्ये एकजना नेपालमा जन्मेको, नेपाली नागरिकसँग विवाह

भएकी स्वास्नीमानिस र नेपालको कानून बमोजिम नागरिकताको प्रमाणपत्र लिइसकेको नेपालमा स्थायी वासस्थान भएको व्यक्ति संविधान प्रारम्भ हुँदाका बखत नेपालको नागरिक ठहर्ने व्यवस्था गरेको थियो। संविधान प्रारम्भ भएपछि राष्ट्रभाषा बोल्न र लेख्न जान्ने, नेपालमा कुनै व्यवसाय गरी बसेको, अन्य राज्यको नागरिकता त्याग्न कारबाही चलाएको समेतका आधारमा नागरिकता प्रदान गर्न सक्ने गरी कानून बनाउन सकिने व्यवस्था गरेको थियो। त्यस्तै अन्तर्राष्ट्रिय ख्याति प्राप्त व्यक्तिले नेपाली नागरिकताको लागि आवेदन गरेमा वा विशेष ख्याति प्राप्त व्यक्तिलाई सम्मानार्थ नेपालको नागरिकता प्रदान गर्न सकिने व्यवस्था थियो। त्यागी विदेश गएको व्यक्तिले विदेशको नागरिकता त्यागेपछि नेपालको नागरिकता प्राप्त गर्न सक्ने व्यवस्था गरियो। संविधानले अन्तर्राष्ट्रिय ख्याति प्राप्त व्यक्तिलाई सम्मानार्थ नागरिकता प्रदान गर्न सकिने व्यवस्था पनि गरेको थियो।

नेपालको अन्तरिम संविधान, २०६३ को भाग २ मा नागरिकता सम्बन्धी व्यवस्था छ। संविधान प्रारम्भ हुँदाका बखत नेपालको नागरिकता प्राप्त गरेको र भाग २ बमोजिम नागरिकता प्राप्त गर्न योग्य व्यक्तिहरू नेपालका नागरिक हुने व्यवस्था गरेको छ। नागरिकताको लागि योग्यता सम्बन्धी व्यवस्थामा संविधान प्रारम्भ हुँदाका बखत नेपालमा स्थायी बसोवास भई संविधान

वंशजको नागरिकता प्राप्त गर्न आमा र बाबु दुवै नेपाली नागरिक हुनुपर्ने प्रावधान र नेपाली पुरूषसँग वैवाहिक सम्बन्ध भएकी महिलाले तत्कालै नागरिकता पाउने प्रावधानको परिप्रेक्ष्यमा नेपाली बाबुको सन्तानले वंशजको नागरिकता पाउने र नेपाली आमाको सन्तानले अङ्गीकृत नागरिकता पाउने अवस्था छ । यसले गर्दा आफ्नो सन्तानलाई नागरिकता प्रदान गर्ने अधिकारमा समेत महिलाहरूलाई विभेद भएको छ ।

नेपाल अधिराज्यको संविधान, २०४७ ले नेपालको वंशज वा अङ्गीकृत नागरिकता प्राप्त गरेका व्यक्तिहरू संविधान प्रारम्भ हुँदाका बखत नेपालका नागरिक ठहर्ने व्यवस्था गऱ्यो। संविधान प्रारम्भ भए पछि जन्मेको कुनै व्यक्तिको बाबु निजको जन्म हुँदा नेपालको नागरिक रहेछ भने र नेपालभित्र फेला परेको पितृत्वको ठेगाना नभएको नाबालक निजको बाबुको पत्ता नलागेसम्म वंशजको नाताले नेपालको नागरिक ठहर्ने व्यवस्था गऱ्यो। नेपालमा गाभिने गरी कुनै क्षेत्र प्राप्त भएमा सो क्षेत्रभित्र बसोबास भएको व्यक्ति कानूनका अधीनमा रही नेपालको नागरिक हुने आधार तोकियो। त्यसैगरी संविधान प्रारम्भ भएपछि विदेशीलाई कानून बमोजिम नेपालको नागरिकता प्रदान गर्दा नेपालको राष्ट्रभाषा बोल्न र लेख्न जानेको, नेपालमा कुनै व्यवसाय गरी बसेको, अन्य राज्यको नागरिकता त्यागेको र कम्तीमा पन्ध्र वर्षसम्म नेपालमा बसोबास गरेको जस्ता आधारहरू तोकेको थियो। नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध भएकी विदेशी महिलाले विदेशको नागरिकता त्याग्ने कारबाही चलाएपछि र नेपालको नागरिकता प्रारम्भ हुनु अगावै वंशजको आधारमा नागरिकता प्राप्त गरेको व्यक्ति र जन्मँदाका बखत बाबु वा आमा नेपाली नागरिक भएको व्यक्ति र नेपाल सरहदभित्र फेला परेको पितृत्व मातृत्वको ठेगान नभएको नाबालक निजको बाबु वा आमा फेला नपरेसम्म वंशजको आधारमा नेपालको नागरिक ठहर्ने व्यवस्था गरेको छ। त्यसैगरी सम्वत् २०४६ साल चैत्र मसान्तसम्म नेपालमा जन्म भई नेपालमा स्थायी रूपले बसोवास गर्दै आएको व्यक्तिले एकपटकको लागि तोकिएको अवधिभित्र निवेदन दिने व्यक्ति वा नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध कायम गरेकी विदेशी महिला वा नेपालभित्र गाभिने गरी प्राप्त भएको क्षेत्रभित्र बसोवास भएको व्यक्ति साथै विदेशीसँग विवाह गरेकी नेपाली महिलाबाट नेपालमा जन्मेको, नेपालमा नै स्थायी बसोवास गरेको र बाबुको नागरिकताको आधारमा विदेशी मुलुकको नागरिकता प्राप्त नगरेको व्यक्ति कानूनको अधिनमा रही नेपालको नागरिक हुन सक्ने व्यवस्था समेत गरेको छ। नेपाल सरकारले अङ्गीकृत वा सम्मानार्थ नेपाली नागरिकता प्रदान गर्न सक्ने व्यवस्था समेत गरेको छ।

उच्चस्तरीय कार्यदलले गरेको सहमति

१. वंशजको नागरिकता प्राप्त गर्न बाबु र आमा दुवै नेपाली नागरिक हुनुपर्ने।

२. नेपाली नागरिकसँग विवाह गर्ने विदेशी पुरूषले वैवाहिक अङ्गिकृत नागरिकता लिन चाहेमा पन्ध्र वर्षसम्म नेपालमा स्थायी बसोबास गरेको हुनुपर्ने, तर नेपाली नागरिकसँग विवाह गर्ने विदेशी महिलाले नेपालको नागरिकता लिन चाहेमा निजलाई विदेशको नागरिकता परित्याग गर्ने कारबाही चलाएपछि नेपालको अङ्गीकृत नागरिकता प्रदान गर्ने।

३. नेपाली नागरिक आमाबाट नेपालमा जन्म भई नेपालमा नै बसोबास गरेको र बाबुको पहिचान नभएको व्यक्तिलाई वंशजको नागरिकता प्रदान गर्ने तर, बाबु विदेशी नागरिक भएमा त्यस्तो व्यक्तिको नागरिकता अङ्गीकृत हुने व्यवस्था गर्ने।

४. नेपालका राष्ट्रप्रमुख/उपप्रमुख, प्रधानमन्त्री, सङ्घीय व्यवस्थापिका/न्यायमालिका/सुरषा निकायको प्रमुख, प्रदेशको प्रमुख/उपप्रमुखको पदमा निर्वाचित वा मनोनित हुन अङ्गीकृत बाहेकका नागरिक हुनुपर्ने।

५. माथि उल्लेख गरिएका भन्दा बाहेकका संवैधानिक निकायको सदस्य हुन अङ्गीकृत नागरिक भए १० वर्ष र वंशजको नागरिकता पुनः प्राप्त गरेको व्यक्ति रहेछ भने ५ बर्ष बसोबास गरेको हुनुपर्ने। तर, वैवाहिक आधारमा अङ्गीकृत नागरिकता प्राप्त गरेको महिला नागरिकको हकमा १० बर्षको प्रावधान लागू हुने छैन।

साभार:समानता-संविधान निर्माणको मूल आधार, नागरिक पहिचानको पहिलो अधिकार, नेपाल ट्रेड यूनियन महासङ्घ (जिफन्ट)

३. नागरिकतामा विभेद

नागरिकता प्राप्तिका सन्दर्भमा मुलुक पञ्चायती व्यवस्था र त्यसको समाप्तिपछि प्रजातान्त्रिक व्यवस्थासम्म आइपुग्दा पनि महिला र पुरूषबीच विभेदको चपेटाबाट मुक्त हुन नसकेको यथार्थ हाम्रो सामु रहेको

छ। यसै सन्दर्भलाई हेर्दा जनआन्दोलन २०६२/६३, अन्तरिम सविधान हुँदै सविधानसभाबाट नयाँ सविधान बन्ने अवस्थामा पनि नागरिकताका प्रावधान विभेदपूर्ण बन्दै गएको पाइन्छ। नयाँ संविधान निर्माणको सन्दर्भमा रहेका विवादित विषयलाई निराकरण गर्न गठित उच्चस्तरीय कार्यदलको निर्णय र सोही निर्णयलाई संविधानसभामा प्रतिनिधित्व गर्ने २७ दलले सर्मथन गरेका छन्। सहमतिमा नेपाली नागरिकसँग विवाह गर्ने विदेशी महिलाले नेपालको नागरिकता लिन चाहेमा निजलाई विदेशको नागरिकता परित्याग गर्ने कारबाही चलाएपछि नेपालको अङ्गीकृत नागरिकता प्रदान गर्न सकिने तर, नेपाली महिलासँग विवाह गर्ने विदेशी पुरूषले वैवाहिक अङ्गीकृत नागरिकता लिन चाहेमा पन्ध्र वर्षसम्म नेपालमा स्थायी बसोबास गरेको हुनुपर्ने व्यवस्था गरेको छ जुन समानतामा आधारित छैन।

त्यसैगरी नेपाली नागरिक आमाबाट जन्म भई नेपालमा नै बसोबास गरेको र बाबुको पहिचान नभएको व्यक्तिलाई वंशजको नागरिकता प्रदान गर्ने तर, सो व्यवस्थाको प्रतिबन्धात्मक वाक्यांश बाबु विदेशी नागरिक भएको प्रमाणित भएमा त्यस्तो व्यक्तिको नागरिकता स्वत: अङ्गीकृत नागरिकतामा परिणत हुने व्यवस्थाले व्यक्तिको स्वतन्त्र पहिचानको अधिकारमाथि कुठाराघात गरेको छ।

यस्तै वंशजको नागरिकता प्राप्त गर्न आमा र बाबु दुवै नेपाली नागरिक हुनुपर्ने प्रावधान र नेपाली पुरूषसँग वैवाहिक सम्बन्ध भएकी महिलाले तत्कालै नागरिकता पाउने प्रावधानको परिप्रेक्ष्यमा नेपाली बाबुको सन्तानले वंशजको नागरिकता पाउने र नेपाली आमाको सन्तानले अङ्गीकृत नागरिकता पाउने अवस्था छ। यसले गर्दा आफ्नो सन्तानलाई नागरिकता प्रदान गर्ने अधिकारमा समेत महिलाहरूलाई विभेद भएको छ। साथै नेपाली आमाबाट जन्म भएका बाबुको पहिचान नभएका नेपाली नागरिक रहेको अवस्थाबाट यदि बाबु विदेशी प्रमाणित भएमा त्यस्ता व्यक्तिहरूका हकमा मुलुकको महत्वपूर्ण पदमा आसिन हुन नसक्ने अवस्थाले नेपाली आमाबाट जन्म भएका र नेपाली बाबुबाट जन्म भएका सन्तान बीच विभेद भएको छ।

४. नागरिकता सम्बन्धी राजनीतिक दलहरूको प्रतिबद्धता

नेपालका राजनीतिक दलहरूले

वंशजको नागरिकता सम्बन्धी दलहरूको प्रतिबद्धता

एनेकपा-माओवादी(संविधानको मस्यौदा): कुनै व्यक्तिको जन्म हुँदाका बखत निजको बाबु वा आमामध्ये एक नेपाली नागरिक रहेको व्यक्ति वा विदेशी नागरिसँग विवाह भएका नेपाली नागरिकबाट नेपालमा जन्म भई नेपालमा नै स्थायी बसोबास गरेको र आमा वा बाबुको नागरिकताको आधारमा विदेशी मुलुकको नागरिकता प्राप्त नगरेको र नागरिकता प्राप्त गर्दाका बखत निजका बाबु वा आमा मध्ये एक नेपाली नागरिक रहेको व्यक्ति वा नेपाल सरहदभित्र फेला परेको आमा वा बाबुको ठेगान नभएको व्यक्तिले वंशजको आधारमा नेपाली नागरिकता पाउने।

नेकपा-एमाले (संविधानको मस्यौदा): यो संविधान प्रारम्भ हुनुभन्दा अघि वंशजको आधारमा नागरिकता प्राप्त गर्न योग्य व्यक्ति वा व्यक्तिको जन्म हुँदाका बखत निजको बाबु वा आमा नेपाली नागरिक रहेको व्यक्ति वा नेपाल शरहदभित्र फेला परेको पितृत्व-मातृत्वको ठेगान नभएको व्यक्तिले वंशजको आधारमा नेपाली नागरिकता पाउने।

नेपाली काङ्ग्रेस (घोषणापत्र): छैन।

नेकपा- माले (अवधाणापत्र): वंशजको आधारमा नागरिकता दिने प्रचलित व्यवस्थालाई कायम राख्ने।

नेमकिपा (अवधारणापत्र): बाबु र आमा दुवै नेपाली नागरिकबाट जन्मेका व्यक्तिले वंशजको नागरिकता पाउने।

तमालोपा (अवधारणापत्र): आमा वा बाबु कुनै एकको आधारमा नागरिकता दिने।

सद्भावना (अवधारणा): बाबु वा आमामध्ये कुनै एकको नाताबाट निजका सन्तानले नागरिकता प्राप्त गर्न सक्ने

साभार: समानता-संविधान निर्माणको मुल आधार, नागरिक पहिचानको पहिलो अधिकार, नेपाल ट्रेड यूनियन महासङ्घ (जिफन्ट)

वैवाहिक अङ्गिकृत नागरिकता सम्बन्धी दलहरूको प्रस्ताव

एनेकपा-माओवादी (संविधानको मस्यौदा): नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध भएका विदेशीले चाहेमा नेपालमा कानूनीरूपमा पन्ध्र वर्ष बसोबास गरेको र विदेशी मुलुकको नागरिकता त्याग गरेपछि अङ्गिकृत नेपाली नागरिकता प्राप्त गर्न सक्नेछ।

नेकपा-एमाले (संविधानको मस्यौदा): नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध कायम गरेका विदेशीले कानूनीरूपमा दश वर्ष स्थायीरूपमा नेपालमा बसोबास गरेपछि नेपाली नागरिकता लिन सक्नेछन्। त्यस्तो व्यक्तिलाई उक्त समयसम्म विशेष पहिचानपत्र उपलब्ध गराइनेछ।

नेपाली काङ्ग्रेस (घोषणापत्र): महिला विरूद्धको भेदभावपूर्ण सम्पूर्ण कानुनहरूको अन्त्य गरिनेछ।

तमलोपा (अवधारणापत्र): नेपालमा बसोबास गरी राखेका विदेशी पति/पत्नीले नेपाली पति/पत्नीको आधारमा वैवाहिक नाताले नागरिकता प्राप्त गर्न सक्नेछन्। महिला विरूद्धको विभेदकारी कानुन अन्त्य गरी सबै प्रकारको विभेदको समाप्त गर्ने।

मधेशी जनअधिकार फोरम (अवधारणापत्र): नागरिकता समस्याको समाधान हुने गरी संविधानमा नागरिकता सम्बन्धमा सरल र सुलभ संवैधानिक प्रावधानको व्यवस्था। वर्तमान नागरिकताको प्रमाणपत्र दिने प्रणालीको स्थानमा राष्ट्रिय पहिचानपत्र (National ID card) को वैज्ञानिक व्यवस्था गर्ने।

सद्भावना (अवधारणापत्र): नेपालीसँग विवाह गरेको विदेशी पुरूष वा महिलाले चाहेमा नागरिकताको प्रमाणपत्र लिन सक्नेछन्।

साभार: समानता-संविधान निर्माणको मुल आधार, नागरिक पहिचानको पहिलो अधिकार, नेपाल ट्रेड यूनियन महासङ्घ (जिफन्ट)

आफ्नो दस्तावेजहरूमा नागरिकताको विषयमा विभिन्न ढङ्गले उल्लेख गरेको पाइन्छ। दलहरूको दस्तावेजमा वंशजको आधारमा र अङ्गीकृत नागरिकता सम्बन्धी विभिन्न व्यवस्था गरेका छन्। वंशजको आधारमा दिइने नागरिकता सम्बन्धमा एकीकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी), नेपाल कम्युनिष्ट पार्टी (एमाले), तराई मधेश लोकतान्त्रिक पार्टी(तमोलोपा) र सद्भावना पार्टीले आमा वा बाबु कुनै एक नेपाली नागरिक भए उनीहरूका सन्तानलाई वंशजको नागरिकता दिने व्यवस्था उल्लेख गरेको छन्। नेपाल मजदुर किसान पार्टीले आमा र बाबु दुवै नेपाली नागरिक भएको अवस्थामामात्र वंशजको नागरिकता प्रदान गर्ने उल्लेख गरेको छ। बैबाहिक अङ्गिकृत नागरिकता सम्बन्धी व्यवस्थामा एनेकपा-माओवादी ले नेपाली नागरिकसँग बैबाहिक सम्बन्ध भएका विदेशीले चाहेमा नेपालमा कानूनीरूपमा १५ वर्ष बसोबास गरेको हुनुपर्ने व्यवस्था गरेको छ। नेकपा(एमाले) ले नेपाली नागरिकसँग बैबाहिक सम्बन्ध भएका विदेशीले १० वर्ष नेपालमा बसोबास गरेको हुनुपर्ने उल्लेख गरेको छ।

५. नागरिकतामा भएको विभेद कम गर्न केही सुझाव

नागरिकतामा महिला र पुरूषबीच भएको विभेदको अन्त्य गरी नयाँ समानता, न्यायपूर्ण र सबै नागरिकको स्वतन्त्र पहिचानसहितको समाज निर्माणमा नागरिकतासम्बन्धी विवादित विषयलाई निराकरण गर्न गठित उच्चस्तरीय कार्यदलको सुझावहरूमा पुनविचार गर्न आवश्यक देखिन्छ।

- वंशजको नागरिकता प्राप्त गर्नको लागि बाबु वा आमामध्ये दुवै नेपाली नागरिक हुनुपर्ने प्रावधानको बदलामा बाबु वा आमा मध्ये कुनै एक नेपाली नागरिक हुनुपर्ने व्यवस्था गर्नुपर्ने। नेपाली नागरिक आमाबाट जन्मिएको छोरा वा छोरीको बाबुको पहिचान नभएको अवस्थामा आमाको नागरिकताको आधारबाट वंशजको नागरिकता प्रदान गर्ने।
- आमा नेपाली नागरिक र बाबु विदेशी भएको अवस्थामा नेपालमा नै जन्मेको सन्तान मात्र नेपाली नागरिक हुने प्रावधान परिमार्जन गर्न आवश्यक छ। वैदेशिक रोजगार वा कुनै कामको सिलसिलामा विदेशमा छुँदा जन्मेका बालबालिकाको हकमा आमा नेपाली नागरिक भएमा जहाँ जन्मिए पनि नेपालमा बसोबास गरेमा वंशजको आधारमा नेपाली नागरिक हुने व्यवस्था गरिनुपर्छ।
- विदेशी नागरिकसँग नेपाली महिलाले विवाह गरेको अवस्थामा विदेशी पुरूषले १५ वर्षपछिमात्र अङ्गिकृत नागरिकता प्राप्त गर्ने प्रावधान सच्याउनुपर्ने।
- १५ वर्षको अवधि कम गर्नुपर्ने।
- विदेशी नागरिकसँग विवाह भएका विदेशी महिला वा पुरूषले विवाह भएको दुई वर्षभित्र विदेशको नागरिकता त्याग्ने कारबाही चलाएपछि अङ्गीकृत नेपाली नागरिकता प्राप्न गर्न सक्ने व्यवस्था गर्नुपर्ने।

सन्दर्भ सामग्री

- संविधानसभा, मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समिति संविधानसभा नियमावली, २०६५ को नियम ७३ (१) (घ) अनुसार तयार पारिएको अवधारणापत्र
- नेपाल सरकार वैधानिक कानून- २००४
- नेपाल अधिराज्यको संविधान- २०१५
- नेपालको संविधान- २०१९
- नेपाल अधिराज्यको संविधान- २०४७
- नेपालको अन्तरिम संविधान- २०६३
- समानता-संविधान निर्माणको मुल आधार, नागरिक पहिचान पहिलो अधिकार, जिफन्ट
- "नागरिकतामा समान अधिकारको लागि सहकार्य सञ्जाल" का तर्फबाट पेश गरिएको सुझावपत्र
- "सहमतिमा उठेका असमानताका प्रश्न", सपना प्रधान मल्ल, २०६७ पुस २५ कान्तिपुर दैनिक
- मानवअधिकार घोषणापत्र- १९४८
- महिला विरूद्ध हुने सबै भेदभाव उन्मुलन महासन्धि (सिड)- १९७९
- बाल अधिकार महासन्धि- १९८९
- नागरिक तथा राजनीतिक प्रतिज्ञापत्र- १९६६
- नेपालको विभिन्न ऐन कानूनहरू

(लेखक, इन्सेकमा कार्यरत छिन्।)

मुलुकको मानवअधिकार स्थितिबारे वास्तविक जानकारी लिन इन्सेकद्वारा प्रकाशित

- मानवअधिकार वर्षपुस्तक (नेपाली र अंग्रेजी)
- मानवअधिकार संगालो
- मानवअधिकारको ऐतिहासिक अवधारणा
- मानवअधिकार-प्रहरी-कानुन
- मानवअधिकार घोषणापत्र (सचित्र)
- नेपालमा जातीय छुवाछूत
- राजनीतिक महिला परिचय
- प्राची द्वैमासिक
- इन्फर्मल
- मानवअधिकार स्थितिसूचक (त्रैमासिक)
- इन्सेक अभियान (त्रैमासिक)
- अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधान
- सुरक्षासम्बन्धी कानुनी प्रावधान
- मानवअधिकार : ठूला ६ महासन्धि
- इन्सेक अनलाईन (www.inseconline.org)

लगायत् अन्य सामयिक प्रकाशनहरू खोजी-खोजी पढौं ।

'वास्तविकता पत्ता नलागुञ्जेलसम्म खोजी जारी राख्नुपर्छ'

*अनौपचारिक भ्रमणका क्रममा नेपाल आउनु भएका जबरजस्ती बेपत्ता पार्ने कार्य सम्बन्धी संयुक्त राष्ट्रसङ्घीय कार्य समूहका अध्यक्ष **जेरेमी जे. सर्किन** (Jeremi J. Sarkin) सँग नेपालको नागरिक समाजले यही मङ्सिर २८ गते भेटघाट गऱ्यो । सो भेटघाटमा धेरै मानिसहरूले बेपत्ता नागरिकहरूसँग सम्बन्धित विभिन्न प्रश्नहरू राखेका थिए । उनले व्यक्त गरेका विचारहरूलाई सम्पादन गरी अर्न्तवार्ताको रूपमा यहाँ प्रकाशित गरिएको छ । यसअघि इन्सेकबै अङ्ग्रेजी प्रकाशन INFORMAL मा प्रकाशित यो अन्तर्वार्ताको नेपाली रूपान्तरण **बिनोद गौतमले** गर्नुभएको हो ।*



जेरेमी जे. सर्किन

नेपालको सर्वोच्च अदालतले विक्रम सम्वत २०६४ जेठ १८ गते बेपत्ता नागरिक सम्बन्धी अधिकार सम्पन्न आयोग बनाउन आदेश दिए तापनि सो आयोग अहिलेसम्म बनिसकेको छैन । संयुक्त राष्ट्रसङ्घमा करिब ४ सय ५८ बेपत्ता नागरिकहरूका मुद्दाहरू दर्ता भइसकेका छन् । यो अवस्थामा संयुक्त राष्ट्रसङ्घबाट हामी के अपेक्षा गर्न सक्छौं ?

एउटा तथ्य के हो भने घटना सङ्कलन गर्न समस्या परिरहेको सन्दर्भमा समय बित्दै जाँदा अझ बढी मुद्दाहरू थपिन सक्दछन्। हामीसँग ४ सय ५८ मुद्दाहरू मात्रै दर्ता भए तापनि अन्य धेरै मुद्दाहरू थपिने छन् भन्ने कुरामा हामी विश्वस्त छौं। हामी बाँकी रहेका ४ सय ५८ वटै मुद्दाहरूले निकास पाएको हेर्न चाहन्छौं। यो समस्या समाधान गर्नका लागि कति समय लाग्छ र के के प्रयासहरू गर्नुपर्दछ भन्ने कुरा राज्यहरूमा भरपर्ने भए तापनि उनीहरूले यो समस्या समाधान गर्नका लागि पाइला चाल्नुपर्ने आवश्यकता देखिन्छ। समय बित्दै जाँदा यी मुद्दाहरूले निकास पाउने कुरामा हामी विश्वस्त छौं। तर, यसको अर्थ यो होइन की एक एक मुद्दाको समाधान हुनेछ। धेरै देशहरूमा सयौं मुद्दाहरू समाधान नभएका पनि हामीले देखेका छौं। केही ठाउँहरूमा बेपत्ता नागरिकहरू पत्ता लागेका छन् त्यसैले प्रत्येक देश यो कुरामा सकारात्मक छ भन्ने कुरामा हामी आशावादी छौं। मैले नेपालले लिनुपर्ने विशिष्ट कदमहरूमा बारेमा बोलिरहेको होइन। देशहरूले लिनुपर्ने कदमहरूका बारेमा सामान्य भनाइ मात्र राखेको हुँ। नेपालले यो गर्नुपर्छ त्यो गर्नुपर्छ भन्यो भन्ने टिप्पणी नगर्नुहोला किनभने मैले त्यो भन्न खोजेको हैन।

बेपत्ता नागरिकहरूको खोजी र बेपत्ता सम्बन्धी समस्याको समाधान गर्न के कस्ता उपायहरूको खोजी गर्नुपर्दछ ? बेपत्ता नागरिकहरू अगाडि नै मारिसकिएको थाहा पाइएमा तिनीहरूको शवलाई कसरी उत्खनन् गर्न सकिन्छ ?

सामान्यतया: बेपत्ता नागरिकहरूका लागि कानुनी संरचना हुनुपर्दछ। बेपत्ता सम्बन्धी समस्या निर्मूल र निस्तेज गर्ने कानुन बनाइनुपर्छ। उनीहरूको मृत शरीरलाई अनुसन्धान गरी दोषीलाई कानुनी कारबाही चलाउनेलगायत सबै मुद्दाहरूको सत्य तथ्य पत्ता लगाउने संरचना हुनुपर्दछ। अनि अन्तिम काम भनेको उत्खनन् गर्ने हो। यी सबै मुद्दाहरूलाई नियन्त्रण गर्नका लागि वैधानिक प्रणालीको आवश्यकता पर्दछ। प्रमाण चाहिँ सुरक्षित रहुनपर्दछ। ती प्रमाणहरूका माध्यमबाट पीडकहरूलाई कारबाहीका लागि अदालतमा प्रयोग गर्न सकिन्छ। तसर्थ, संरचना तथा बेपत्ता नागरिक सङ्घ संस्थाको निर्माण विधि विज्ञहरूलाई तालिम बाहिरी सहायताहरू बेपत्ता नागरिकहरूको समस्या समाधान गर्ने महत्वपूर्ण निकायहरू हुन्। सत्यको अधिकार पनि एउटा महत्वपूर्ण भाग हो। यी सबै प्रक्रियाहरू पीडितहरूको सहभागितामा हुनुपर्दछ। यदि तपाईंले अवलम्बन गर्ने प्रक्रियामा प्रत्यक्ष प्रभावितहरूको सहभागिता रहन्न भने जनताले उक्त प्रक्रिया स्वीकार गर्दैनन्। त्यसैले ती व्यक्तिहरूसँग छलफल गर्नु उनीहरूलाई समावेश गराउनु र उनीहरूलाई आफू समाहित भएको आभास दिनु महत्वपूर्ण कुरा हो। नत्र भने आफ्नो होइन भन्न लागेको प्रक्रियालाई जनताले अस्वीकार गर्दछन्। बलपूर्वक बेपत्ता पार्ने कार्यका सम्बन्धमा सबैभन्दा महत्वपूर्ण समूह भनेका बेपत्ता पारिएका व्यक्तिका परिवार हुन्।

बेपत्ता नागरिकहरूका लागि कानुनी संरचना हुनुपर्दछ । बेपत्ता सम्बन्धी समस्या निर्मूल र निस्तेज गर्ने कानुन बनाइनुपर्छ । उनीहरूको मृत शरीरलाई अनुसन्धान गरी दोषीलाई कानुनी कारबाही चलाउनेलगायत सबै मुद्दाहरूको सत्य तथ्य पत्ता लगाउने संरचना हुनुपर्दछ । अनि अन्तिम काम भनेको उत्खनन् गर्ने हो । यी सबै मुद्दाहरूलाई नियन्त्रण गर्नका लागि वैधानिक प्रणालीको आवश्यकता पर्दछ । प्रमाण चाहिँ सुरक्षित रहुनपर्दछ ।

उनीहरू समावेश हुन चाहन्छन्, मैले अघि नै भने झैं सत्य थाहा पाउन चाहन्छन्। हामीले परिभाषित गर्न खोजेको, सत्य थाहा पाउने अधिकार भनेको के हो भने पीडितका परिवारले प्रक्रियाको अवधिभर के भइरहेको छ सो थाहा पाउनुपर्दछ। खाली उनीहरूलाई अनुसन्धान जारी छ भनेर मात्र हुँदैन। अपराध सम्बन्धी अनुसन्धान भइरहेका बेला केही अपवादहरू हुन सक्दछन् र प्रमाण सार्वजनिक नगर्न पनि सकिन्छ। तर पीडित अदालतसम्म पुगेर 'सूचना उपलब्ध नगराउने निर्णयप्रति म असहमत छु, कृपया स्वतन्त्र रूपले मध्यस्थता गरिदिनु पर्‍यो सरकारले मलाई आवश्यक सूचना उपलब्ध गराएन' भन्न पाउने अधिकार चाहिँ हुनुपर्दछ। त्यसैले पीडित अथवा पीडित परिवारको भूमिका महत्वपूर्ण हुन्छ र यस्तो भूमिका बढाउनु पर्दछ।

द्वन्द्वको समयमा यदि राज्यको अधिनमा यसका क्षेत्रहरू छैनन् भने त्यस्तो अवस्थामा बेपत्तासम्बन्धी राज्यको कस्तो उत्तरदायित्व हुनुपर्दछ ?

यदि कुनै देशले द्वन्द्वको क्रममा निश्चित जातीय सीमाको नियन्त्रण गर्न सक्दैन भने त्यस क्षेत्रमा कुनै खास समयमा के हुन्छ भन्ने कुरा पनि नियन्त्रण गर्न नसकिने अवस्थामा हुन्छ। यस्को अर्थ द्वन्द्व सिद्धिएपछि ती निश्चित मुद्दाहरूको बारेमा छलफल गर्नुपर्दैन भन्ने होइन। कुनै एक देशको उत्तरदायित्व अर्को कुनै देशले बलपूर्वक बेपत्ता पार्ने घटनामा पनि आउन सक्दछ। जब तपाईंसँग अनुसन्धानका बारेमा केही गर्ने सामर्थ्य छ त्यो बेला तपाइको उत्तरदायित्व काम लाग्न सक्दछ। तपाईंको उत्तरदायित्व तपाइसँग अनुसन्धान गर्न सक्ने वास्तविक क्षमता भएको बखत आउन सक्छ त्यसैले राज्यको उत्तरदायित्व भनेको कुनै एक निश्चित समयमा शुरू भएर कुनै अर्को निश्चित समयमा अन्त्य हुँदैन। यदि पीडक अर्को देशबाट आएर सक्रिय भई कुनै खास देशका जनता बेपत्ता पार्दछ भने राज्यको उत्तरदायित्व परिवर्तन हुनसक्दछ। राज्यको उत्तरदायित्व त रहन्छ नै तर आफ्नो नियन्त्रणमा नभएको भू-भागमा भएको बेपत्ताका सम्बन्धमा खोजी कार्य नगरेकोमा उसलाई उत्तरदायी बनाउन चाहिँ सकिन्न। तर राज्यले आफूले सकेसम्म प्रयास चाँहि गर्नुपर्दछ। यदि राज्यले उक्त क्षेत्रमा अन्य शक्तिहरूसँग बेपत्ता सम्बन्धी विषयमा अनुसन्धान गर्न सक्दछ भने उक्त कार्य

यदि कुनै देशले द्वन्द्वको क्रममा निश्चित जातीय सीमाको नियन्त्रण गर्न सक्दैन भने त्यस क्षेत्रमा कुनै खास समयमा के हुन्छ भन्ने कुरा पनि नियन्त्रण गर्न नसकिने अवस्थामा हुन्छ । यस्को अर्थ द्वन्द्व सिद्धिएपछि ती निश्चित मुद्दाहरूको बारेमा छलफल गर्नुपर्दैन भन्ने होइन । कुनै एक देशको उत्तरदायित्व अर्को कुनै देशले बलपूर्वक बेपत्ता पार्ने घटनामा पनि आउन सक्दछ । जब तपाईंसँग अनुसन्धानका बारेमा केही गर्ने सामर्थ्य छ त्यो बेला तपाइको उत्तरदायित्व काम लाग्न सक्दछ। तपाईंको उत्तरदायित्व तपाइसँग अनुसन्धान गर्न सक्ने वास्तविक क्षमता भएको बखत आउन सक्छ त्यसैले राज्यको उत्तरदायित्व भनेको कुनै एक निश्चित समयमा शुरू भएर कुनै अर्को निश्चित समयमा अन्त्य हुँदैन ।

बेपत्ताको समस्या समाधान गर्न सहयोगी हुन्छ।

कुनै एक निश्चित बेपत्ता नागरिकको समस्या समाधान कसरी गर्न सकिन्छ ?

प्रत्येक देशले आफ्ना देशका मुद्दाहरूका बारेमा के गर्ने भनेर निर्णय लिनैपर्छ। तर, हामीले काम गरेका आधारमा हामी के भन्न सक्दछौं भने समाधानका दुईओटा उपायहरू छन्। यदि मानिस जीवितै छ भने हामी त्यसलाई स्वीकार गर्न सक्छौं। यदि सरकार आएर उनले मानिसलाई बन्धक बनाएर राखेको छ भन्यो भने सत्यतथ्य बुझ्नका लागि परिवारका सदस्यहरूले निरीक्षण गर्नुपर्दछ। यो त मानिस जीवितै रहँदाको कुरा भयो। यदि मानिसको मृत्यु भइसकेको अवस्थामा हामी सरकारबाट मृत्यु प्रमाणपत्र (Death Certificate) लिन्छौं र परिवारका सदस्यहरूले उनीहरूको मानिसको मृत्यु भइसकेको कुरामा सहमत छन की छैनन् भन्ने थाहा पाउनका लागि उनीहरूकहाँ मृत्यु प्रमाण पत्र (Death Cettificate) पठाउँछौ। यदि परिवारका सदस्यहरू आफ्नो मान्छेको मृत्यु भइसकेको कुरा स्वीकार गर्दैनन् भने हामी सरकारले दिएको (Death Certificate) लिँदैनौं। कहिलेकाहीं मानिसहरू आएर मुद्दालाई निरन्तरता दिन इन्कार गर्दछन् र मुद्दाको टुङ्गो नलागी त्यत्तिकै बन्द गर्न चाहन्छन्। कहिलेकाहीं कुनै विशिष्ट परिस्थितिका कारण मुद्दाहरूले निरन्तरता नपाउन सक्छन्। तर हामी वास्तविकता पत्ता नलाग्दासम्म अनुसन्धान जारी राख्नुपर्दछ भन्छौं। २५ वर्ष पछि आएर सरकारले हामीले केही सूचना प्राप्त गर्न सकेनौं भन्न सक्दैन। हामी खोजी कार्य जारी राख्न भन्छौं।

नेपाल सरकारले बेपत्ता नागरिकहरूका लागि केही गरेको छैन । बेपत्ता नागरिकहरूका परिवारहरूले संयुक्त राष्ट्रसङ्घबाट के अपेक्षा राख्न सक्दछन् ?

म सामान्य रूपमा हामीले के गर्दछौं भनेर भनिरहेको छु। धेरै मानिसहरूले कार्यसमूह (Working Group) बाट धेरै कुराको अपेक्षा गरिरहेका हुन्छन्। तर कार्य समूहहरूसँग ज्यादै सीमित क्षमता हुन्छ। पूरा विश्वमा हामीसँग दुई जना कर्मचारी सदस्यहरू छन्। दुई कमचारी र हामीले सत्यतथ्य बाहिर ल्याउन असमर्थ छौं। हामीसँग अनुसन्धानकर्ताहरू, पुलिस अफिसर र सेना कर्मचारीहरू छैनन्। हामीसँग कुनै श्रोतहरू छैनन्। हामी देशहरूमा गई अनुसन्धान गर्न सक्दैनौं। तर, हामी ती देशहरूको भ्रमण गर्छौं। हामीसँग पत्र मञ्जुषा (Letter Box) मा जनता, सरकार र परिवारका सदस्यहरूले जानकारी पठाउँछन्। हामी सरकारसँग काम गरी प्रतिवेदन निकाल्छौं। विभिन्न देशमा बेपत्ता सम्बन्धी विविध आरोपहरू लगाइएको छ। हामी ती आरोपबारे सरकारलाई आफ्नो भनाइ राख्न भन्छौं र वार्षिक प्रतिवेदनमा प्रकाशित गर्दछौं। जहाँ परिवारका सदस्य तथा गैरसरकारी संस्थाहरूको दुर्व्यवहार वा अपमान भइरहेका छन् हामी त्यो देशको सरकारलाई त्यस्ता घटनाहरू रोक्नका लागि पत्र पठाउँछौ। हामीसँग त्यस्तो धेरै केही गर्छौं भनेर बढी आशावादी नहुनुहोला। निश्चय नै हामी प्रतिवेदन तयार पार्ने र सिफारिस गर्ने देशहरूको भ्रमण गर्दछौं। हामीले नेपाललाई सिफारिस गर्नुअघि यहाँको भ्रमण गरेका थियौं। ती सिफारिस अनुसार के कति कामहरू भए हामी त्यसको अनुगमन गरी हेर्न चाहन्छौं। हामी फेरि आउन चाहन्छौं।

शान्ति र पुनर्मिलन आजको आवश्यकता

चम्फासिं भण्डारी

कैलाली जिल्लाको पवेरा गाविस-९ फल्कापुर गोवरैला बस्ने खडकवीर चौधरीको बटैयामा लगाइएको ८ बिगाहा जमिनको धान यसपाली पनि उनले भित्र्याउन पाएनन। कात्तिकको अन्तिम साता नेकपा (माओवादी) का कार्यकर्ताहरूले खेतबाटै उक्त धान काटेर लगे। माओवादी कार्यकर्ताहरूले जमिन्दारको धान किसानले काटेर लगेको बताए पनि जबरजस्ती अर्काको व्यक्तिगत सम्पत्ति लुटेर लैजाने कामलाई स्थानीय बासिन्दाले मन पराएका छैनन्। उनीहरूको तर्क छ -यो मुलुकका कानुनी शासन छ कि छैन ? यदि भूमिको हदबन्दी लगाएर कानुन बमोजिम जग्गा वा उक्त जग्गामा लगाइएको खेती राज्यले लिएको भए कुनै आपत्ति थिएन। तर, विगत लामो अवधिदेखि निरन्तर रूपमा व्यक्तिगत सम्पत्ति यसरी जिम्मेवार राजनीतिक दलका कार्यकर्ताले लुटेर लैजाने कामलाई जायज भन्न सकिँदैन

देश नयाँ संविधान निर्माण प्रक्रिया र शान्ति प्रक्रियामा रहेको छ। नेकपा माओवादी संविधानसभामा सबैभन्दा ठूलो राजनीतिक दलका रूपमा स्थापित भएको तर, उसका कतिपय व्यवहारहरू हिजोका जस्तै छन् रूपान्तरण हुन सकेका छैनन्।

कैलाली जिल्लाकै रतनपुर गाविसमा माओवादी कार्यकर्ताहरूले आफ्नो आमसभामा सहभागी हुनपर्ने उर्दी जारी गर्दै नगए चार दिन बाटो खन्ने काममा लाग्नुपर्ने बताएपछि गाउँका मानिसहरू क्रुद्ध बने। रतनपुर गाविस-६ का प्रभु चौधरी भन्छन्- हालै माओवादीले सबैलाई भजनी र डुडेभारीमा हुने आमसभामा सहभागी हुन गाउँमा खबर गरे। एउटा राजनीतिक पार्टीले आफ्नो आमसभामा सहभागी हुनका लागि अपिल, अनुरोध र प्रचारप्रसार गर्नु लोकतान्त्रिक प्रक्रिया नै हो। तर, आमसभामा नआउने मानिसहरूले चार दिन बाटो खन्नुपर्ने उर्दीले मानिसहरूलाई जबरजस्ती गर्ने पुरानै कार्यशैलीको प्रयोग दुनियाको कुन लोकतान्त्रिक प्रणाली भित्र पर्दछ ? प्रश्न गम्भीर छैन र ?

रतनपुर गाविस-८ का जगत चौधरी भन्छन् "यो देशमा कहिले शान्ति हुने ? जहिले पनि डरत्रास र आतङ्कमा बस्नुपर्ने यो अवस्थाको अन्त्य नभएसम्म नयाँ संविधान बने पनि त्यस्को कुनै अर्थ छैन। विगतको सशस्त्र द्वन्द्वको समयमा पीडित बनेका मानिसहरू, आफन्त गुमाएका मानिसहरू र शारीरिक तथा मानसिक यातना पाएका मानिसहरूको छानबिन गरी उनीहरूको आवश्यक क्षतिपूर्ति, राहत पुर्नस्थापना र पुनर्मिलन जस्ता कामहरू अगाडि बढेका छैनन्। यस्तो अवस्थामा कसरी शान्ति प्रकृया अघि बढन सक्छ ? "

सामाजिक सशक्तिकरणका लागि शान्ति तथा पुनर्मिलन प्रयास कार्यक्रमका स्थानीय शान्ति सहजकर्ता निर्मला चौधरीको विचारमा विगतको सशस्त्र युद्धको बेलामा पीडित बनेका मानिसहरूले अहिले पनि राहत तथा क्षतिपूर्ति पाउन सकेका छैनन्। राज्यका तर्फबाट विभिन्न प्रयासहरू जारी रहे पनि त्यसको प्रक्रिया सरल र सहज हुन नसक्दा पीडितहरूले न्याय पाउन सकेका छैनन्। गाउँमा मेलमिलापको वातावरण निर्माण गर्नका लागि विगतमा भएका गल्ती कमजोरीहरू स्वीकार गर्दै त्यसप्रति पश्चाताप हुनुपर्थ्यो तर, अहिले पनि राजनीतिक दलका क्रियाकलापहरू त्यतातिर लक्षित हुन सकेका छैनन्। न्यायिक शान्तिका लागि सबैको प्रयास र प्रयत्न आवश्यक छ।

रतनपुर-५ कि ३३ वर्षीया सीता चौधरीका पति सशस्त्र युद्धमा मारिए। उनी माओवादी कार्यकर्ता थिए। अहिले सीतासँग सानी छोरी छन्। एकल महिलाको जीवन कति गाह्रो हुँदो रहेछ भन्ने पीडाको महसुस आफूले गरिरहेको बताउँदै उनी भन्छिन् "सशस्त्र युद्धमा मारिएका परिवारका आश्रितहरूको अवस्था कस्तो छ भन्ने कुराको लेखाजोखा कसैले गर्न चाहेका छैनन् "। आफन्तको अभावमा भौँतारिएका आश्रित परिवारहरूको विचल्ली भएको छ।

रतनपुरकै पेपुराम चौधरी भन्छन- शान्ति र मेलमिलाप बिना कुनै पनि काम गर्न सकिँदैन। गाउँमा मेलमिलाप नभए कुनै पनि विकास निर्माणका कामहरू हुन सक्दैनन्। हामीले सशस्त्र युद्धको बेलामा भएका ज्यादतीहरूको लेखाजोखा गर्नेपर्छ। गल्ती गर्नेलाई छुट दिएकै कारण अहिले पनि उनीहरूको मनोवल उच्च छ र मुलुकमा दण्डहीनता बढेको छ।

पबेरा-५ का प्रेमलाल चौधरी, पबेरा-१ कै फूलमाया चौधरी,पवेरा-४ की लाहिया चौधरी-८ की ज्योति चौधरीका साझा विचारहरू संयोजन गर्ने हो भने शान्ति र पुनर्मिलनका लागि विगतको शसस्त्र द्वन्द्वको अवस्थामा पीडित भएका मानिसहरूलाई न्याय दिनु जरूरी छ। विगतबाट पाठ सिक्दै आगामी दिनहरूमा गैरसैनिक नागरिकहरूलाई कुनै पनि सशस्त्र समूहहरूद्वारा बचाउने अभियानको थालनी हुनु पर्छ।

पबेरा-३ का शान्ति सहजकर्ता विष्णु चौधरी भन्छन्- 'अहिले पनि गाउँमा एकखालको डरत्रास समाप्त भएको छैन। सरकारी सेवा सुविधाहरू आम जनताका लागि सहज र सरल छैनन्।' कहिले सरकारी कार्यालय बन्द, स्वास्थ्य क्षेत्र अस्तव्यस्त छ। गाउँमा स्वास्थ्यकर्मी बस्न मान्दैनन्। विद्यालय तथा सामुदायिक वनहरू राजनीतिक अखडा बनेका छन्। किसानहरूले उत्पादन गरेका कृषि उत्पादनले बजारको अभावमा उचित मूल्य पाउँदैन। मानिसहरूको जीवन सहज होइन, असहजतातिर अघि बढ्दैछ। न्यायिक शान्ति र पुनर्मिलनका लागि सबै राजनीतिक दलहरू स्थानीय समुदायसँगको सम्बन्ध सुधारमा लाग्नु जरूरी छ।

(भण्डारी, सुदूरपिश्चमाञ्चलमा क्रियाशील शान्ति कार्यकर्ता हुन्।)

खानतलासी

डा. राजेन्द्र विमल

यस डोमटोलमा पुलिसको जत्था रातिराति खानतलासी गर्न आउँछ। एकै छिनअघि रक्सीले मात्तिएका पुलिसहरूको एउटा बगाल गुटुटुटु आएर लङ्गडो बुढोको जीर्ण शरीर जस्तै रहेको जीर्ण झुपडीको खानतलासी गरी फिर्ता भइसकेको थियो। उनीहरूको जीउमाथि निर्ममतापूर्वक बज्रिएका बुट र लाठीको चोटले थिलथिलिएका अङ्ग-अङ्गमा अहिलेसम्म असह्य पीडा भइरहेको छ। बुढा र बुढीको शरीरभन्दा पनि मनमा जुन पीडा छ, त्यो बुझिनसक्नु छ। उनीहरूको आँखाअगाडि नै पुलिसहरूले उसकी भर्खर बिहा गरेर ल्याइएकी बुहारीका संवेदनशील अङ्गमा लाठीले हिर्काएर भनेका थिए-"यसैले हो, लोग्नेलाई यसैभित्र लुकाएर राखेकी छ। खोइ, खोलेर देखा त !" बुलोजमा वक्षस्थलमाथि केही भुक्क उठेको देखियो। "हेर, हेर, यो पठ्ठीले पेस्तोल लुकाएर राखेकी छे।" अनि उसले बुलोजभित्र हात घुसाऱ्यो। त्यहाँ राखेको मोबाइल झिक्यो। "यो मेरो लोग्नेले " बुहारीले प्रतिरोध गरी।

"चुप, साली चोरीको माल ल्याएर ....." पुलिसले कड्कियो। "ए, अर्कोतिर पनि छ ..... ही.. ही..ही...ही "-अर्कोले पनि हात घुसाऱ्यो। त्यहाँ केही पनि थिएन, तर जे थियो त्यो बुहारीको सर्वस्व थियो। पुलिस एकछिन त्यसैसित मनपरी खेल्यो। त्यसपछि एकएक गरी सबै पुलिसले उनको वक्षस्थलसित जथाभावी खेल्न थाले, खेल्दै गरे। बुढाबुढी टुलुटुलु हेरिराखे। बुढो शरीरमा प्रतिरोध गर्ने क्षमता थिएन। एक पटक अस्पष्ट र मधुरो स्वरमा केही बोल्न खोज्दा एउटा मात्तिएको पुलिसले एक लात हिर्कायो- "ए मुख छोडछस् ? साले, जँड्याहा, लौ जाँड खाएर हल्लीखल्ली मच्चाएको अभियोगमा यसलाई थानामा लगेर थुन्दे।" बुहारी कस्तो माया लाग्दो कातर दृष्टिले सासू- ससुरातिर हेरेकी थिई। तर पुलिसहरूको डरले कसैले केही बोलेन, मात्र आँधीमा पीपलको पात कामेझैं उनका ओठ र जीउ कामिरहेका थिए। सत्तरी कटाइसकेको लङ्गडो बुढो काटेको रूखझैं अकस्मात् डङग्रङ्ग लड्यो र बिचेत भयो। कुटाइले बुढो मऱ्यो कि भन्ने भयले होला, पुलिसहरू फेरि आउँला भन्दै निस्किएका थिए। "ए बुढी चटाइ बाहिर झिकीदे। म बाहिरै गएर लेटछु।" बुढोले कन्दै भऱ्यो।

बुढी झर्की- "यो बुढाले छिनछिनमा किन बाहिर जान खोजेको होला ? एकै छिन अगाडि त मुर्दा झैं लडेको थियो। घरमा यत्रो रूवाबासी मच्चियो र अहिले....."

बुढी रून थाली। उता बाँसको चोयाले बनाएको खोर भित्र कल्याङकङुलङ गरिरहेको

सुँगुरहरूमध्ये एउटाले विचित्रको अवाज निकाल्यो-"हुँडहुड हवा.. ङ्ग....!"

"ए बुहारी, मलाई गुम्म भो, सासै फेर्न गाह्रो भो !"

म तिमीलाई चिन्दिन र, बुढा ! 'यो सबै हविगत तिम्रो छोरोले गर्दा न भयो ?... राति-राति बन्दुक बोकेर हिँडछ, मान्छे मार्छ। के जाति मधेशमुक्ति भन्छ।"

- "हो, बुढी, मान्छे मारेर मदेशमुक्ति के भनेको होला ?" -अबोध बालकले झैं बुढाले प्रश्न गऱ्यो। "जबरजस्ती पैसा असुल्छ, भन्छन ?" खै ! पुलिसहरूको दिनरातको तलासीले मलाई दिक्कै लागिसक्यो। बरू मर्न पाए हुन्थ्यो।" "मर्न आफ्नो हातमा भए त अहिल्यै मरिसक्थें। छारोलाई कसैले काट्यो कि पुलिसले गोली हान्यो कि भन्ने पिरमा रातारातभरि आँखा टट्याएर ढक्क फुलेको मुटु लिएर जागा त बस्नु पर्ने थिएन ?" "यस्तो छोरो पाउनुभन्दा त बरू नपाउन जाति।"-बुढीले दिक्क मानेर भनी। यो कुरा सुनेर कुनामा घुम्टो आढेर टुक्रुक्क बसेकी बुहारीले के सोची, कुन्नि, सुँक्कसुँक्क गरी रून थाली। बुढीको दिमागमा बिजुली चम्कियो-"छोरोकै दाँवलका दीपुवा थियो, कलिलै उमेरमा मारियो।...उसका दौँतरहरू त कति मारिए, कति। हे भगवान "मेरो छोराको रक्षा गर।" बुढोले पनि भन्यो-"हे भगवान छोरोको रक्षा गर । "हे गहिल, काली, बन्नी गोरैया, सुँगुर, चढाउँला। "बुढियाले बुहारीतिर हेरी ऊ अझै रूँदै थिई। पोहोरै साल त छोरोको बिहा गरेकी थिई। बहुत ठूलो भोज-भतेर भएको थियो। आफ्नो डोम जातिको परम्पराअनुसार निम्ता मानेर आएका कुटुम्बहरूलाई ओखलमा हालेको पानीमा गोडा चोपल्न लगाई गम्छाले पुछेकी थिई। ताडीको खोलो बगाइदिएकी थिई। खैनी पीनीले सबैको यथोचित स्वागत गरियो। सुँगुरको मासु र भात अर्थात "भतमसिया" दिइयो, कलेजो भुटेर "सतघेरो", झोल भएको मासुको "कोहराकोहरी", हाडभएको "सोहरी" र "हरसरिया", पिठ्युँको मासुको "पिठिया", कलिला पाहुर (सुँगुरको पाठो)- को मासुको "चरिछन्ना" जस्ता व्यञ्जन पाएर कुटुम्बहरू दङ्ग परेका थिए। आफ्नै खोरमा सत्रवटा "पाहुर", अलिक छिपिएका बाह्र ओटा "ढोका",तेह्र ओटा बर्ष दिन उमेर पुगेका "पाडर" दुई- दुई वर्ष पुगेका नौ ओटा "डहरा" र पाँच ठूला सुँगुर थिए। स्वागतमा सबै रित्याइदिए। "भौरी", "बक्खी" र कलेजो भुटेर सुँगुरको रगत मिसाई बनेको "सोहरी" त दिनहुँ जलपानमा पस्किइन्थ्यो। दुई- तीन वर्षदेखि श्मसानमा खोच्चाई- खोच्चाई गई मुर्दा जलाएर बाँकी रहेको दाउरा-मरकाठी- बिहाकै भोजका परिकार पकाउन थुपारेर राखेको थियो।

साँचै भनूँ भने, पुलिसहरू आउनुभन्दाअगाडि छोरा साथीहरूसँग आएर गइसकेको थियो- लगभग एक बजेतिर। हात-हातमा टर्च लिएर तथा काँधमा बन्दुक लिएर आउने दस-एघार जनाको फौज थियो होला। चार जना मिलेर एउटा गह्रौं, रगत चुहिने बोरा घिसार्दै आएका थिए। बुढवा-बुढियाको सातोपुत्लो गयो। बोरा रगतले निथ्रुक्क भिजेको थियो। आत्तिएर बुढीले छाती ठटाउन थाल्दा एक जनाले बुढीको मुखमा आफ्नो हत्केलाको बुजो हालिदिएको थियो। उनीहरूको कुरा- कानीबाट थाहा पाइयो- बोराभित्र जोगी साहुको लाश रहेछ। युवाहरूको जमातले जोगियासित एक लाख रूपियाँ मधेशमुक्तिका लागि चन्दा मागेको

थियो। त्यसले हुकुम मानेन। फलत: यिनीहरूमध्येबाट एउटाले बाह्र बजे दिउँसो गएर जोगीलाई भनेछन्-" परधान जी, लौ हिँड्नोस्। मेरो फैसला गरिदिनु पऱ्यो । फेकनाले मेरो खेतको आली काटेर पानी बगाइदियो। यस्तो अन्याय त नगनुपर्ने हो। हजुर भनेको पुरानो पञ्च। निसाफ पाऊँ।"

जोगीले हातमा लौरो समात्यो र गाउँबाहिर रहेको खेतको आलीमा पुग्यो। सबै ठिटाले उसलाई झ्याप्प घेरे। तीस बर्षे युवाको गोरो, चिल्लो देह, कानतिर फर्काएको बाक्लो, कालो जुँगाका तीखा झुप्पाहरू। रगतका टाटा जस्ता देखिने राता आँखा. चार जनाले मिलेर जोगीलाई पछारे अनि फेरि जसरी बाँसको भाटाको सुइरो घाँटीमा जबर्दस्ती रोपी सुँगुरको श्वासनली भाँचिन्छ, उसको घाँटीमा पनि तीखो छुरी रोपियो। कसरी छटपटायो होला जोगिया ! रगतको फोहोरा छुटेको देख्ता, यी ठिटाहरूको खित्काको फोहरा छुटेको थियो रे। मज्जा आयो भन्छन यी राक्षसहरूले। जोगियाको जवान शरीरलाई छटछटी टुक्राटुक्रा पारी बोराभित्र हालेर त्यहाँ बसी आफूहरूले बोकेर ल्याएका मासु र दारू खाएर मोजमज्जा गरे। राति एक बजेतिर जब त्यो जोगियाको टुक्रा-टुक्रा पारिएको शरीरबाट तपतप चुहिने रगत सहितको बोरा घिसार्दै र मात्तिएका युवाहरू आए। बुहारी पनि झण्डै बेहोस भएकी थिई। त्यसै बेलादेखि बहुरिया (बुहारी) को जीउ रही-रही केराको पातझैँ हलिन्छ।

मिर्मिरे हुन लागेको छ। पुरानो फूलबारीमा चराहरूको च्याउँच्याउँ सुनिन्छ- चिरबिर चिरबिर। जब सबै केटाहरू त्यस बोरालाई घिसार्दै बाहिर निस्किए, बुहारीले सासुलाई बिस्तारै सोधी-"आमा, यो जोगिया को हो ?"बुढियाको मुटु अरू जोड-जोडले ढुक्ढुक् गर्न थाल्यो- "चुप लाग !.... पहिले परधान थियो, यसको डरले तीन- तिरभुवन काम्थ्यो।"

"त्यसकी स्वास्नी अब के गरी बाँच्छे ?.. लाला- बालाको के होला ?"-बुहारीको मुखबाट खुस्कियो।

"यो लुटेरा, हत्यारा, गुन्डाहरूको देश हुँदैछ। यी ठीटाहरूले देश जोगाउनु पो पर्थ्यो त ! -बुढाले नबुझैँ गरी बोल्यो। "यिनीहरूले गर्दा यिनको परिवारलाई कत्रो सास्ती भो, यिनले किन सोच्तैनन् ! .... छोरोलाई केही भै दियो भने यी तरूनी बुहारीको के होला, छोराले किन सोच्तैन्।" बुढो फत्फताउँदै थियो। बुहारीको सुँक्कसुँक्क डाँकोमा परिवर्तित हँदै थियो।

बुढो आफ्नो लङ्गडो खुट्टा हावामा हल्लाउँदै लौरौ समातेर जुरूक्क उठ्यो। - "चार दिन भयो। घरमा एक दाना छैन।..... सबैजना भोकभोकै मर्न लागे। जवान छोरोलाई चेत छैन। यस्तो छोरो लिएर के गर्नु ?..... थुक्क मेरो रगतलाई -"बुढो स्याँस्याँ गर्दै बोल्दै थिए, अकस्मात खोक्न थाले-ख्वाक...ख्वाक....ख्वाक....। यसैको सुर्ताले हो, मलाई मुटुको व्यथाले गाँज्यो।"

"बाबुले यो राम्रो गरेन।" बुढियाले थपी - "दुई माहिनापछि जोगियाकी छोरीको बिहाको साइत जुराएको छ। चेलीबेटी त समाजकी हुन्छे।.... यी पापीहरूले कि मन्त्री खानलाई, कि धन कुम्ल्याउनलाई यस्तो खूनी खेल खेल्छन्,। जनतालाई नयाँ नेपालको सपना देखाउँछन।"

"थुक्क मोरा हो !" -बुढाले पनि एउटा बाक्लो खकार भुइँमा फुत्त फाल्यो। तर त्यहाँ जोगियाकी छोरीको विवाहका लागि त्यसले बाँसका कप्टेराहरूले तयार पारेका रङ्ग-विरङ्गी डालाहरू ,पनपथिया, पेटारा, चँगेरा आदि कोसेलीहरूमा उसका आँखा टाँसिए। गहभरि आँसु टल्बलायो।

"छन त जोगिया चन्डालै थियो।" - बुढो फेरि फत्फताउन थाल्यो-" हामी गरीबलाई धैरै सताउँथ्यो। ब्याजको स्याज जोर्थ्यो र थातबास समेत हडप गर्थ्यो। राम्री छोरी बुहारी त हेर्नै नहुने पातरले। तर, यहाँ त गाँउदेखि राजधानीसम्म, चपरासीदेखि मन्त्रीसम्म म त खाली जोगिया नै जोगिया देख्छु । ठूलो जोगियाले सानो जोगियालाई मात्र मारेको हो। "

खोरहरूभित्र सुँगुरहरूले फेरि क्याङल्याङ- क्याङल्याङ गर्न थाले। बाँसका भाटाहरूले बनाइएको फाटकमा कुनै मान्छे जोरजोरले मुड्की हान्दै थियो-" काकी, काका !" तीनजना छिटो- छिटो फाटकनेर पुगे। तीनै जनाको मुटु जोरजोरले ढुक्ढुक् गर्दै थियो मानौँ बाहिर निस्कन बल गर्दै थिए। फाटक खोले। मङरूआ थियो। भोरको मिरमिरे उज्यालोमा तीनै जनाले प्रश्न सूचक आँखामा हेरे -जवाफ खोज्न।

"काका, तिम्रो छोरो आएको छ?"

"छैन!" -तीनैको मुखबाट एकै पटक निस्कियो।-" किन, के भएको छ?

"मङरूले केही जवाफ दिएन। धामन सर्पझैँ हान्निएर बाहिर निस्कियो। छिमेकमा ठूलो कोकोहलो मच्चिएको सुनियो। स्वास्नी मान्छेहरू, लोग्नेमान्छेहरू, बच्चा- बच्चाहरू कङ्कला शब्द गरी रून थालेका थिए। यो के को हल्लीखल्ली हो भन्ने बुझ्न तीनै जना बाहिर निस्किए। मान्छेहरू कुद्दै थिए, कराउँदै थिए। टोल करूण चित्कारमा डुब्यो।

"के भयो, हँ ?" -बुढाले एक जनासित सोध्यो।

"सबै मारिए ! " छाती पिट्दै कुदिरहेको एउटा अधबैंसेले भन्यो र कोकोहलो मच्चिएको दिशातिर हान्नियो। बुढोको हातको लौरो भ्यात्त झऱ्यो र बुढो ढालेको रूखझैँ ढल्यो। केही कुरा बुझ्दै नबुझी तीनै जना क्वाँ क्वाँ रूँदै जमिनमा लोट्न थाले।

कसैले आएर बुढोलाई सहारा दियो। बुढो सम्हालिँदै बस्यो। सबैले सुन्ने गरी त्यसले भन्यो-" काकी, तपाईहरू चुप लाग्नोस्। डोमटोलका सबै ठिटा मारिए, तर तिम्रो छोरो जिउँदै छ। "

सबैको छाती एकै चोटी- ढक्क फुल्यो, मानौँ कसैले नगडामा कस्सेर घन हान्यो। बुहारीका प्रत्येक रोमछिद्रबाट कान उम्रिए।

नवागन्तुक बोल्दै थियो -" तिम्रो छोरोलाई भर्खर पुलिसले समातेर लगेको छ। ऊसको तलासी लिँदा हतियार फेला परेन रे। पुलिसको कुटाइले उसको मुखबाट भलभल्ती रगत निस्किरहेको थियो, तैपनि ऊ कुनै पनि भूमिगत मधेसी मोर्चासँग आफ्नो सम्बन्ध नरहेको कुरा बताउँदै थियो।... काका, अहिले नेपाललाई शान्ति र एकता पो चाहिएको हो त? होइन र?"

बुढिया र बुहारीलाई यी कुरासित केही मतलब थिएन। बुहारीले हिम्मत गरेर सोधी-"उनलाई पुलिसले गोली त हान्ने त होइन।"

"होइन, होइन। अदालतमा मुद्दा चल्ने छ रे।

"पक्राउ हुने बेला बाबुको अनुहार कस्तो थियो ?"- बुढियाको स्वर ममताको पानीले भिजेको थियो।

"जाति भो, जाति भो।" -बुढोले भन्यो-" हद भए बाँचुन्जेल जेलमा बस्नु पर्ला, ज्यान त मारिँदैन।" बुढो एक छिन अड्कियो र कन्दै बोल्यो-"अनि...अनि.. राति- राति पुलिसले खानतलासी गरी छोरी-बुहारीको इज्जत त लिने छैन, मरलात्तक पारी कुट्ने त छैन। " समर्थनमा सबैले मुन्टो हल्लाए।

प्रस्तावित फौजदारी कार्यविधि संहिताको मस्यौदा माथि टिप्पणी र सुझाव

- विद्या चापागाईं र पुष्पा पोखरेल

नेपाल सरकार, मन्त्रिपरिषद्द्वारा मिति २०६५ मङ्सिर १८ गते नेपालको फौजदारी कानुनमा समयसापेक्ष सुधार गरी परिमार्जन गर्ने, नेपाल कानुनलाई संहिताकरण गर्ने र अपराध संहिता तथा फौजदारी कार्यविधि संहिताको मस्यौदा तयार गर्ने तथा नेपालको दण्डनीतिको सुधारको सम्बन्धमा नेपाल सरकारसमक्ष सुझाव सहितको प्रतिवेदन प्रस्तुत गर्न नेपाल सरकार, मन्त्रिपरिषद्बाट फौजदारी कानुन सुधार तथा परिमार्जन गर्न गठित कार्यदलले अपराधसंहिता, फौजदारी कार्यविधि संहिता तथा फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐनको मस्यौदाको तयार गरेको थियो । सो कार्यदलको संयोजन माननीय कल्याण श्रेष्ठ, न्यायधीश, सर्वोच्च अदालतबाट भएको थियो भने बद्रीबहादुर कार्की, पूर्वमहान्यायाधिवक्ता तथा वरिष्ठ अधिवक्ता, प्रतिनिधि, नेपाल बार, डा. रामकृष्ण तिमल्सेना, रजिष्ट्रार, सर्वोच्च अदालत, माधव पौडेल, सचिव, कानुन तथा न्याय मन्त्रालय, मोहनप्रसाद बन्जाडे, सचिव, नेपाल कानून आयोग, डा. गोविन्दप्रसाद कुसुम, सचिव, गृहमन्त्रालय, डा.त्रिलोचन उप्रेती, सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, श्री सूर्यप्रसाद कोइराला, नायब महान्यायाधिवक्ता, महान्यायाधिवक्ताको सदस्य कार्यालय, श्री कल्याणकुमार तिम्सिना, प्रहरी अतिरिक्त महानिरीक्षक, नेपाल प्रहरी, प्रा.डा. रञ्जितभक्त प्रधानाङ्ग, नेपाल ल क्याम्पस, इन्दिरा दाहाल उपसचिव, कानुन तथा न्याय मन्त्रालय र श्री राजुमानसिं मल्ल, सहसचिव, कानुन तथा न्याय मन्त्रालय यसका सदस्यहरू संलग्न थिए ।

नेपाल सरकारले व्यवस्थापिका संसद्मा यो मस्यौदा पेश हुनु अगावै यसमा टिप्पणी र सुझावहरू भए सरोकारवालाहरुद्वारा पेश गर्न गरेको माग बमोजिम विभिन्न गैरसरकारी सङ्घ संस्थाहरूबाट निश्चित विषयमा टिप्पणी तथा सुझावहरू प्रस्तुत गर्ने क्रममा साक्षी सुरक्षासम्बन्धी व्यवस्थाका सम्बन्धमा निम्नलिखित टिप्पणी तथा सुझावहरू प्रस्तुत गरिएको छ:

हाल भएको व्यवस्था	संशोधन प्रस्ताव	संशोधन गर्नुपर्ने कारण
बयान लिने र सोधपुछ गर्ने: नं १६ (६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्ति शारीरिक अस्वस्थताको कारणले अनुसन्धान अधिकारी समक्ष उपस्थित हुन नसक्ने भएमा वा त्यस्तो व्यक्तिको सुरक्षाको कारणले निजलाई त्यस्तो अधिकारी समक्ष उपस्थित गराउन उपयुक्त नदेखिएमा अनुसन्धान अधिकारीले श्रव्य दृष्य सम्वाद (भिडियो कन्फरेन्स) को माध्यमबाट त्यस्तो व्यक्तिसँग बयान लिन वा सोधपुछ गर्न सक्नेछ।	नम्बर १६ मा थप गर्नुपर्ने। (६) कुनै व्यक्ति शारीरिक अस्वस्थताको कारणले अनुसन्धान अधिकारी वा अदालत समक्ष उपस्थित हुन नसक्ने भएमा वा त्यस्तो व्यक्तिको सुरक्षाको कारणले निजलाई त्यस्तो अधिकारी समक्ष उपस्थित गराउन उपयुक्त नदेखिएमा अनुसन्धान अधिकारी वा अदालतले श्रव्य दृष्य सम्वाद (भिडियो कन्फरेन्स) को माध्यमबाट त्यस्तो व्यक्तिसँग बयान लिन वा सोधपुछ गर्न सक्नेछ। त्यस्तो श्रव्य दृष्य सम्वाद मार्फत बयान लिँदा अनुहार प्रष्ट नदखिने र आवाज परिवर्तन हुने प्रविधि अपनाउनु पर्नेछ।	श्रव्य-दृश्य सम्वादमार्फत बयान लिइए तापनि अनुहार देखिने हुँदा साक्षीलाई डर र त्रास हुने अवस्था कायम नै रहन्छ। तसर्थ अनुहार प्रष्ट रूपमा नदेखिने प्रविधि अपनाउनु पर्ने देखिन्छ। यसोगर्दा अनुहार प्रष्ट देखिँदैन र सम्बन्धित अन्य पक्षहरूबाट सम्भावित धम्की आउने अवस्था निर्मूल हुन्छ। अन्तर्राष्ट्रिय फौजदारी अदालतको साक्षी सुरक्षाको प्रावधान अनुसार पनि साक्षीको श्रव्य-दृश्यमार्फत बयान लिँदा वा सोधपुछ गर्दा अनुहार प्रष्ट नदेखिने र आवाज परिवर्तन गर्ने (image and voice distortion) प्रविधि अपनाउने गरिन्छ।
विशषेज्ञको राय : नं २३ विशेषज्ञको राय लिन सकिन (१) अनुसन्धान अधिकारीले अनुसन्धानका सन्दर्भमा आवश्यक ठानेमा कुनै विशेषज्ञलाई साथमा लैजान वा अपराधसँग सम्बन्धित कुनै कुराको सम्बन्धमा विशेषज्ञको राय लिन सक्नेछ।	नं. २३ मा थप गर्नु पर्ने। (७) उपदफा (१) बमोजिम राय माग गरिने विशेषज्ञलाई राय दिएको कारणबाट हुन सक्ने सम्भावित खतराबाट जोगाउनु सम्बन्धित अधिकारीको कर्तव्य हुनेछ।	अन्य साक्षीहरूलाई मुद्दाको अर्को पक्षबाट जति जोखिम हुन सक्छ त्यति नै जोखिम विशषेज्ञलाई पनि हुन सक्छ। संयुक्त राष्ट्रसङ्घीय भ्रष्टाचारविरूद्धको महासन्धि २००३ ले विशेषज्ञसहितको साक्षीलाई सम्भावित डर तथा प्रतिशोधबाट बचाउनको लागि र उपयुक्त सुरक्षा प्रदान गर्नको लागि सम्बन्धित पक्षराष्ट्रले घरेलु कानुन तथा आफ्ना क्षमता अनुरूप उचित उपायहरू अपनाउनु पर्ने बन्दोबस्त गरेको छ।
सनाखत गराउनु पर्ने : नं २४, सनाखत गराउँदा सनाखत गर्नु पर्ने व्यक्तिलाई देख्न र हेर्न नपाउने ठाउँमा राख्नु पर्ने व्यवस्था गरेको छ।	नं. २४मा थप गर्नु पर्ने। तर, साक्षी वा पीडितको सुरक्षा खतरामा पर्न सक्ने मुद्दा वा अवस्थामा भने त्यस्ता पीडित वा साक्षीलाई अरू कसैले पहिचान गर्न नसक्ने गरी सनाखत गर्ने बन्दोबस्त मिलाउनु पर्ने छ।	साक्षीलाई हुनसक्ने सम्भावित जोखिमबाट बचाउन यसको आवश्यकता पर्दछ।
४४. पोल उजूर गरेबापतको सजायमा छुट हुने : (२)(क) झुठा कुरा लेखिदिने वा बनावटी	नं. ४४(२) (क) यो व्यवस्था पूरै हटाउनु पर्ने।	साक्षीलाई सजाय गर्ने व्यवस्थाले साक्षीहरूले अनावश्यक मुद्दा खेप्नु पर्ने झञ्झटबाट बच्न साक्षी हुन नचाहने हुँदा।

बकपत्र व्यहोराको बकपत्र गर्ने साक्षीलाई ३ हजार रूपियाँसम्म जरिवाना वा तीन महिनासम्म कैद वा दुवै सजाय, तर त्यसरी सजाय गर्दा कसूरदारलाई हुने सजायको आधाभन्दा बढी जरिवाना वा कैद गर्न सकिने छैन		तर, सबै साक्षीहरूको सही नियत नै हुन्छ भन्ने पनि हुँदैन। तसर्थ त्यस्तो अवस्थामा निजहरूलाई जवाफदेही कसरी बनाउने भन्ने प्रश्न पनि उठ्न सक्छ। यो छलफलको विषय हुन सक्छ।
५८. पक्राउ पूर्जी जारी गर्ने कार्यविधि : (१) अदालतले यस परिच्छेदबमोजिम पक्राउ पूर्जी जारी गर्दा पक्राउ गर्नुपर्ने व्यक्तिको पूरा नाम र ठेगाना तथा पक्राउ गर्नुपर्ने कारण स्पष्ट रूपमा उल्लेख गरी अभियुक्तको सम्बन्धमा भए अनुसूची-२३ मा तोकिएको ढाँचामा र साक्षी तथा अन्य व्यक्तिको सम्बन्धमा भए अनुसूची-२४ मा तोकिएको ढाँचामा पक्राउ पूर्जी जारी गर्नुपर्छ।	नं ५८ मा भएको व्यवस्थामा निम्नानुसार संशोधान गर्नुपर्ने। (१) अदालतले यस परिच्छेदबमोजिम पक्राउ पूर्जी जारी गर्दा पक्राउ गर्नुपर्ने व्यक्तिको पूरा नाम र ठेगाना तथा पक्राउ गर्नुपर्ने कारण स्पष्ट रूपमा उल्लेख गरी अभियुक्तको सम्बन्धमा भए अनुसूची-२३ मा तोकिएको ढाँचामा र साक्षी तथा अन्य व्यक्तिको सम्बन्धमा भए अनुसूची-२४ मा तोकिएको ढाँचामा सूचना जारी गर्नु पर्नेछ।	साक्षीले दिने सूचना निजको स्वेच्छाको विषय भएकाले साक्षीलाई पक्राउ पूर्जी जारी गर्न वाञ्छनीय हुँदैन।
नं १०८ बकपत्र इजलाशमा गराउनु पर्ने: (१) यस संहिता बमोजिम साक्षीको बकपत्र गराउँदा न्यायाधीशको इजलासमा गर्नुपर्नेछ। तर शारीरिक असमर्थताले गर्दा अदालतमा उपस्थित हुन नसक्ने साक्षीको बकपत्र लिनु पर्दा त्यस्तो साक्षी रहे बसेको ठाउँमा न्यायाधीश आफैँ गई वा आफ्नो मातहतको अधिकृत कर्मचारी खटाई बकपत्र गराउन लगाउन सकिनेछ। (२) उपदफा (१) बमोजिम वकपत्र गराउँदा मुद्दाका सम्बन्धित पक्षहरूलाई सो कुराको सूचना दिई दफा १०७ को उपदफा (५) बमोजिम परीक्षण गर्ने मौका समेत दिनु पर्नेछ।	नं. १०८ मा निम्नलिखित प्रतिबन्धातमक वाक्यांश थप गर्ने। तर साक्षीको सुरक्षा जोखिममा पर्ने सम्भावना भएको मुद्दा वा अवस्थामा भने अदालतले साक्षीको पहिचान गोप्य राख्ने प्रवन्ध गरी परीक्षण गर्ने व्यवस्था मिलाउनु पर्नेछ। यस प्रयोजनका लागि अदालतले कार्यविधिगत सुरक्षा रणनीति अपनाउन सक्नेछ।	यस्तो व्यवस्थाले साक्षीलाई थप जोखिममा पार्ने काम गर्छ । जसकारण गम्भीर प्रकृतिका मुद्दामा अभियुक्तको रोहबरमा बकपत्र गर्न साक्षीहरू डराएर नआउने गरेको प्रशस्त उदाहरणहरू छन्।
नं १०९. श्रव्य-दृश्य सम्वाद (भिडियो कन्फरेन्स) मार्फत साक्षी बुझ्न सकिने: (१) यस परिच्छेद बमोजिम बुझ्नु पर्ने साक्षी शारीरिक रूपमा अशक्त भएको वा नाबालक भएको वा सुरक्षाको कारणले गर्दा निजलाई अदालतमा उपस्थित गराउन नसकिने भएमा सम्बन्धित पक्षले सोही व्यहोरा खोली श्रव्य-दृश्य सम्वाद (भिडियो कन्फरेन्स) मार्फत त्यस्तो साक्षी बुझ्नका लागि अदालतमा निवेदन दिन सक्नेछ।	नं. १०९ मा थप गर्नु पर्ने। त्यसरी श्रव्य दृश्य सम्वाद मार्फत बयान लिँदा अनुहार प्रष्ट नदेखिने र आवाज परिवर्तन हुने प्रविधि अपनाउनु पर्नेछ।	श्रव्य-दृश्य सम्वाद मार्फत बयान लिए तापनि अनुहार देखिने हुँदा साक्षीलाई डर र त्रास रहिरहने अवस्था कायम रहन्छ। अनुहार प्रष्ट नदेखिने र आवाज परिवर्तन हुने प्रविधि अपनाउँदा सम्बन्धित पक्षहरूबाट सम्भावित धम्की आउने अवस्था कम हुन्छ।
नं ११३ साक्षीलाई दैनिक तथा भ्रमण भत्ता तथा सुरक्षा दिनु पर्ने : (१) अनुसूची-१ वा अनुसूची-२ अन्तर्गतका मुद्दामा नेपाल सरकारका तर्फबाट अदालतमा	नं. ११३ मा थप गर्नुपर्ने। र, त्यस्तो रकमको भुक्तानी साक्षी बकपत्र भएको मितिले ७ दिन भित्र गरिसक्नु पर्नेछ।	हालसम्मको अभ्यास हेर्दा कसैले पनि यो सुविधा पाएको देखिएको छैन। स.मु.स नियमावली २०५५ मा भएको यो व्यवस्थाको कार्यान्वयन किन हुन नसकेको भन्ने

उपस्थित भएका साक्षीलाई राजपत्र अनङ्कित प्रथम श्रेणीका सरकारी कर्मचारीले प्रचलित कानुनबमोजिम पाएसरहको दैनिक तथा भ्रमण भत्ता सम्बन्धित प्रहरी कार्यालयले उपलब्ध गराउनु पर्नेछ।		सम्बन्धमा सम्बन्धित निकायहरूसँग बुझ्दा यसमा सरकारले बजेट विनियोजन नभएकाले गर्न नसकिएको भन्ने धारणा रहेको पाइएको छ।
नं ११४ साक्षीको संरक्षण गर्न आदेश दिन सक्ने : (१) अनुसूची-१ वा अनुसूची-२ अन्तर्गतको कुनै मुद्दामा साक्षी रहेको कुनै व्यक्तिलाई अदालतसमक्ष उपस्थित हुन वा अदालतमा बकपत्र गरिसकेपछि आफ्नो सुरक्षामा खतरा रहेको छ भन्ने लागेमा निजले सोको कारण खुलाई सुरक्षाको प्रबन्ध गरिदिन अदालतसमक्ष निवेदन दिन सक्नेछ। (२) उपदफा (१) बमोजिमको अनुरोध भएमा अदालतले त्यस्तो साक्षीको सुरक्षाको प्रबन्ध गर्न सम्बन्धित निकायलाई आदेश दिन सक्नेछ।	नं. ११४ निम्नानुसार संशोधन तथा थप व्यवस्था गर्नु पर्ने। (१) अनुसूची-१ वा अनुसूची-२ अन्तर्गतको कुनै मुद्दामा साक्षी रहेको वा साक्षी हुन योग्यता पुगेको कुनै व्यक्तिलाई निजको सुरक्षामा खतरा रहेको छ भन्ने साक्षी, मुद्दाको पक्ष वा निजका कानुनव्यवसायीले अनुरोध गरेका वा अदालतलाई लागेमा अदालतले त्यस्ता साक्षीको सुरक्षाको प्रबन्ध गर्नु पर्ने छ । (२) उपदफा (१) बमोजिमको अनुरोध भएमा वा अदालत स्वयम्ले साक्षीलाई सुरक्षा प्रदान आवश्यक छ भन्न लागेमा सम्बन्धित अदालतले त्यस्तो साक्षीको सुरक्षाको प्रबन्ध गर्न आवश्यक आदेश जारी गर्न सक्ने छ। (३) साक्षीको सुरक्षा सम्बन्धी व्यवस्था गर्न हरेक अदालतमा एउटा साक्षी संरक्षण शाखाको व्यवस्था गरिनेछ र सो इकाईले सुरक्षा दिनुपर्ने साक्षीको सम्बन्धमा विभिन्न सुरक्षा योजनाहरू जस्तो : गोप्य अनुसन्धान प्रणाली, बन्द सुरक्षा, कार्यविधिगत सुरक्षा वा साक्षीको स्थानानतरण जस्ता सुरक्षाको नीतिहरू अवलम्बन गर्न सक्नेछ ।	सुरक्षाको प्रबन्ध गरिदिन सम्बन्धित पक्षले अदालत समक्ष निवेदन दिनुपर्ने व्यवस्थाले राज्य साक्षीहरूलाई प्रदान गर्नुपर्ने दायित्वबाट पन्छिन खोजेको देखिन्छ। साक्षी संरक्षण सम्बन्धित निकायलाई आदेश दिन सक्नेछ भनिए तापनि त्यो संरक्षण कार्यक्रममा के के हुन्छ र त्यों कसरी सञ्चालन गरिन्छ भन्ने व्यवस्था नगरिएकोले यो कार्यक्रम प्रभावकारी बन्न नसक्ने सम्भावना बढी देखिएको छ। तसर्थ प्रक्रियागत स्पष्टता र साक्षी संरक्षण उपलब्ध हुने अवस्था तोकिएमा साक्षीहरूलाई विश्वस्त हुने आधार प्राप्त हुन्छ र साक्षीहरू डराएर मुद्दाको कारबाहीमा उपस्थित नहुने मात्रा घट्छ।
नं १२६ कैद वा थुनामा परेको पक्ष वा साक्षीलाई उपस्थित गराउनु पर्ने: (३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो पक्ष वा साक्षीलाई सुरक्षाको कारणले वा शारीरिक अशक्तताको कारणले अदालत समक्ष उपस्थित गराउन नसकिने मनासिव कारण भए त्यस्तो कार्यालयले अदालतको अनुमति लिई श्रव्य-दृश्य सम्वाद (भिडियो कन्फरेन्स) मार्फत निजलाई अदालतसमक्ष उपस्थित गराउने व्यवस्था गर्न सक्नेछ।	नं . १०९ र नं. १२६(३) लाई एकै ठाउँमा राख्न मानासिव होला। त्यसरी श्रव्य-दृश्य सम्वाद मार्फत बयान लिँदा अनुहार प्रष्ट नदेखिने र आवाज परिवर्तन हुने प्रविधि अपनाउनु पर्नेछ।	श्रव्य-दृश्य सम्वाद मार्फत बयान लिइए तापनि अनुहार देखिने हुँदा साक्षीलाई डर र त्रास रहिरहने अवस्था कायम नै रहन्छ। अनुहार प्रष्ट नदेखिने र आवाज परिवर्तन हुने प्रविधि अपनाउँदा सम्बन्धित पक्षहरूबाट सम्भावित धम्की आउने अवस्था कम हुन्छ।
नं १८४ पीडित वा साक्षीको परिचय गोप्य राख्न सकिने : (१) यस संहितामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै खास कसूरबाट पीडित व्यक्ति वा साक्षीको परिचय सार्वजनिक गर्दा त्यस्तो व्यक्ति वा साक्षीको	नं. १८४ (१) मा भएको अन्तिम वाक्यांशको सट्टा निम्नलिखित वाक्यांश राखी संशोधन गर्नुपर्ने। (१) यस संहितामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै खास कसूरबाट	यसो गर्नाले सजायको भयले पनि गोप्यता भङ्ग हुने काम हुँदैन।

सामाजिक प्रतिष्ठा वा इज्जत उपर प्रतिकूल प्रभाव पर्न सक्ने वा निजउपर अभियुक्त वा अन्य कुनै पक्षबाट अनुचित डर, त्रास वा भय हुन सक्ने वा निजको जीउ, ज्यानको सुरक्षामा प्रतिकूल हुन सक्ने देखिएमा त्यस्तो व्यक्ति वा साक्षीको नाम, थर, वतन वा निजको बाबुको नाम वा निजको परिचय हुन सक्ने अन्य कुनै हुलिया गोप्य राख्न अनुसन्धान अधिकारीले सरकारी वकिल मार्फत अदालतलाई अनुरोध गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम अनुरोध भएकोमा अदालतले त्यस्तो पीडित व्यक्ति वा साक्षीको नाम, थर, वतन, निजको बाबुको नाम वा निजको परिचय गोप्य राख्ने गरी आदेश दिन सक्नेछ।

(३) कुनै खास कसूरबाट पिडीत व्यक्ति वा कुनै मुद्दाको साक्षीको रूपमा रहेका व्यक्तिले साक्षीका रूपमा रहेको कारणले आफूलाई पक्षबाट अनुचित डर त्रास वा भय हुन सक्ने वा आफ्नो जिउ ज्यानको सुरक्षामा प्रतिकूल प्रभाव पर्न सक्ने भनि प्रहरी एवं अदालतमा सूचना दिएमा प्रहरीले त्यस्ता साक्षीको संरक्षण गरि दिनु पर्नेछ।

(४) उपदफा (२) बमोजिम गोप्य राखिएको व्यक्तिको नाम, थर, वतन वा बाबुको नाम सम्बन्धित मुद्दाको सुनुवाइका बखत वा सो सम्बन्धी विवरण प्रकाशन गर्दाका बखत अदालतको आदेशबमोजिम छद्म नाम, थर, वतन वा बाबुको छद्म नाम राखी प्रकाशन गर्नुपर्नेछ।

पीडित व्यक्ति वा साक्षीको परिचय सार्वजनिक गर्दा त्यस्तो व्यक्ति वा साक्षीको सामाजिक प्रतिष्ठा वा इज्जत उपर प्रतिकूल प्रभाव पर्न सक्ने वा निज उपर अभियुक्त वा अन्य कुनै पक्षबाट अनुचित डर, त्रास वा भय हुन सक्ने वा निजको जीउ, ज्यानको सुरक्षामा प्रतिकूल हुन सक्ने देखिएमा त्यस्तो व्यक्ति वा साक्षीको नाम, थर, वतन वा निजको बाबुको नाम वा निजको परिचय हुन सक्ने अन्य कुनै हुलिया गोप्य राख्न अनुसन्धान अधिकारीले सरकारी वकील मार्फत वा साक्षी स्वयम्ले अदालतलाई अनुरोध गर्न सक्नेछ।

(३) कुनै खास कसूरबाट पीडित व्यक्ति वा कुनै मुद्दाको साक्षीको रूपमा रहेका व्यक्ति साक्षी रहेको कारणले निजलाई कुनै पक्षबाट अनुचित डर त्रास वा भय हुन सक्ने वा निजको जीउ ज्यानको सुरक्षामा प्रतिकूल प्रभाव पर्न सक्ने देखिएमा प्रहरी वा अदालतबाट त्यस्ता साक्षीको संरक्षणको व्यवस्था मिलाउनु पर्नेछ।

नं. १८४ (५) निम्नानुसार थप गर्नुपर्ने।

(५) साक्षी सुरक्षा अन्तर्गत रहेको साक्षी वा सो सम्बद्ध तथ्य वा गोप्यता भङ्ग गर्ने कार्य मा संलग्न व्यक्तिलाई कम्तीमा १ वर्ष र बढीमा ५ वर्षसम्म कैदको सजाय हुनेछ।

साक्षीको सुरक्षाको प्रश्न सामान्यतया त्यस्तो अपराधको अनुसन्धान र तहकिकातको क्रममा अनुसन्धान अधिकारीसमक्ष नै पहिला उपस्थित हुने हुँदा अनुसन्धानमा संलग्न निकाय यो कार्यक्रममा कुनै न कुनै हिसाबले सहभागी हुनुपर्ने हुन आउँछ। जुन अपराधको अनुसन्धान जसले गर्दछ, साक्षीको सुरक्षाको जिम्मेवारी पनि त्यसैलाई नै दिनु व्यवहारिक पनि हुन जान्छ।

साक्षीको गोपनीयता कायम राख्न सजाय गर्न आवश्यक भएकाले।

थप गर्नुपर्ने अन्य व्यवस्था

- बयान, बकपत्र वा जानकारी दिन उपस्थित हुने कुनै व्यक्ति, पीडित वा निजको पविारका सदस्यको सुरक्षाको लागि पूर्ण व्यवस्था गर्ने।
- साक्षी बकपत्र, पीडितको पहिचान वा सोही विषयको फौजदारी मुद्दा वा पीडित पक्षलाई क्षतिपूर्ति उपलब्ध गराउने प्रयोजनको लागि बाहेक अन्यत्र प्रयोग नगरिने कुरा सुनिश्चित गरिनु पर्छ।
- साक्षीको संरक्षणका लागि साक्षी संरक्षण इकाई गठन गर्ने। यसो गर्नाले मानवअधिकारका कतिपय उलङ्घनहरूको हकमा प्रहरीहरू नै सामेल हुँदा पनि निष्पक्षता रहने अधिकतम अवस्था रहन्छ।
- आघातित साक्षीको आवश्यकता सम्बोधन गर्नका लागि मानोचिकित्सक र मनोपरामर्शदाता नियुक्त गर्ने।
- साक्षी संरक्षण कस्तो अवस्थामा स्थायी वा अस्थायी हुने प्रष्ट छैन। यसको निश्चितताको आवश्यकता देखिन्छ।

केही सैद्धान्तिक सवाल र सुझावहरू

- यो संहिताले साक्षी सुरक्षासम्बन्धी अवधारणालाई पूर्णरूपमा आत्मसात गर्न सकेको पाईंदैन। किनकी यसमा साक्षी सुरक्षा सम्बन्धी कार्यक्रम, त्यसको प्रक्रिया र कार्ययोजना बारे कुनै विषय समावेश छैन।
- साक्षी संरक्षण सम्बन्धी व्यवस्था सारवान र कार्यविधि दुवै प्रकृतिको हुने भएकाले यस सम्बन्धी व्यवस्था संहितामा नै गर्नु भन्दा अलग कानून द्वारा गर्न वाञ्छनीय हुन्छ। किनकि ती सबै कुराहरू यसमा समेट्न गाह्रो हुन सक्छ।
- साक्षी संरक्षण सम्बन्धी संस्थागत संरचनाको स्थापना र कार्यक्रमको तर्जुमा बिना कानुनी व्यवस्थाले मात्र साक्षीको प्रभावकारी संरक्षण हुन नसक्ने भएकाले पनि यसलाई अलग कानूनको रूपमा प्रस्ताव गर्न वाञ्छनीय हुन्छ।
- यो संहिता अरू सवालमा समेत समस्यामूलक रहेकाले यसको व्यापक पुनरावलोकन हुनुपर्ने देखिन्छ।

नेपालमा सूचनाको हक

दक्षिण एसियामा नेपाल मात्र जुन देशको संविधानमा सूचनाको हकलाई मौलिक हकको रूपमा व्यवस्था गरिएको छ भने सूचनाको हक सम्बन्धी छुट्टै कानुनहरू समेत व्यवस्था गरिएको छ । नेपाल अधिराज्यको संविधान २०४७ को धारा १६ मा सूचनाको हक सम्बन्धमा व्यवस्था गरिएको थियो भने नेपालको अन्तरिम संविधान २०६३ को धारा २७ मा सूचनाको हकलाई व्यवस्था गरिएको छ । त्यसैगरी सूचनाको हक सम्बन्धी ऐन २०६४ र सूचनाको हक सम्बन्धी नियमावली २०६५ समेत लागू गरिएको छ ।

टङ्क अर्याल

१. परिचय

सार्वजनिक निकायमा रहेको सूचना तथा जानकारीमा व्यक्तिको सहज पहुँच हुनु नै सूचनाको हक हो । यसअर्न्तगत व्यक्तिलाई सार्वजनिक निकायमा रहेका सूचना वा जानकारी माग्ने र पाउने अधिकार निहीत छ । त्यस्तै, सार्वजनिक निकायका अधिकारीहरूलाई व्यक्तिले कानुन बमोजिम मागेको सूचना उपलब्ध गराउनु पर्ने कानुनी बाध्यता पनि यस हक अर्न्तगत पर्दछ । सूचनाको हकलाई थाहा पाउने अधिकार, जान्न पाउने अधिकार तथा सूचनामा पहुँचको अधिकार पनि भनिन्छ ।

सूचनाको पहुँचले मानिसलाई सशक्त हुन मद्दत गर्ने हुँदा सूचनालाई ज्ञान तथा शक्तिको स्रोतका रूपमा समेत लिने गरिन्छ । सूचनाको हकले सार्वजनिक निकायका काम कारबाही, गतिविधि, सूचना तथा जानकारीमा नागरिकको पहुँच बढाउँछ । सूचनामा हुने पहुँचले सुशासन तथा पारदर्शी सरकार सञ्चालनमा जोड पुग्दछ । यसले गर्दा पनि सूचनाको हकलाई सुशासन तथा पारदर्शिता प्रवर्धन गर्ने साधनका रूपमा पनि हेर्ने गरिन्छ ।

सरकारका काम र व्यवहार जनताप्रति उत्तरदायी हुनु पर्दछ । सरकारी कामको प्रक्रिया र व्यवहार पारदर्शी तथा जवाफदेही हुनपर्दछ भन्ने मुल मर्म सूचनाको हकले लिएको छ । तसर्थ, सूचनाको हक पारदर्शिता र जवाफदेहीता स्थापनाका लागि एक सशक्त औजारको हो।

२. सूचनाको हकसम्बन्धी आधारभूत विशेषता

सूचनाको हकको प्रयोग र प्रचलनका हिसाबले केही आधारभूत विशेषताहरू छन् । यी विशेषताले यस हकको प्रयोगको सीमा र सम्बन्धको बारेमा जानकारी दिने गर्दछन् । अर्न्तराष्ट्रिय कानुनमा भएका प्रावधान र संविधानहरूमा गरिएको व्यवस्थाको आधारमा यस हकको विशेषताहरू पहिचान गरिएको हो ।

(क) निरपेक्ष अधिकार होइन : सूचनाको हक निरपेक्ष अधिकार होइन । अन्य व्यक्तिको अधिकार तथा गोपनीयता संरक्षण गर्न यो अधिकारमाथि मनासिव प्रतिबन्ध लगाउन सकिन्छ । राष्ट्रिय सुरक्षा र अपराध तहकिकतमा असर पार्ने विषय लगायतका सूचनाहरू प्रवाह नगर्न सकिन्छ।

(ख) राज्य विरूद्धको अधिकार : सूचनाको हक व्यक्ति विरूद्धको अधिकार नभई राज्य विरूद्धको अधिकार हो । राज्यका कामकारबाही र त्यससँग सम्बन्धित विषयमा मात्र सूचना माग्न पाइन्छ । राज्य अर्न्तगत राज्यको तीनैओटा अङ्गहरू व्यवस्थापिका, कार्यपालिका र न्यायपालिका पर्दछन् । अरूको व्यक्तिगत सूचनामा कसैको अधिकार हुँदैन । तर नेपालको सन्दर्भमा गैर राज्यपक्षको रूपमा रहेका गैरसरकारी सङ्घ संस्थाहरू र राजनीतिक दलहरू पनि सूचनाको हकको दायरा भित्र पर्दछन् ।

(ग) कानुनको कार्यान्वयनमा राज्यको दायित्व : सूचनाको हकको प्रचलन गराउने कार्यमा राज्यको गहन भूमिका हुन्छ । सूचनाको हक स्थापित हुने गरी कानुनहरू बनाउनु तथा कानुनको कार्यन्वयनमा आवश्यक आर्थिक तथा प्रशासनिक व्यवस्था गर्नु राज्यको दायित्व हो ।

(घ) सूचनाको अधिकार तथा गोपनीयता : अधिकार प्रचलनको हिसाबले सूचनाको हकले व्यक्तिको गोपनीयताको अधिकारसँग एकदमै नजिकको सम्बन्ध राख्दछ । गोपनीयताको अधिकार र सूचनाको अधिकारको दायरा र क्षेत्र अन्तरविरोधी सम्बन्धमा आधारित रहन्छ ।

३. सूचनाको हकको अन्तर्राष्ट्रिय मापदण्ड

सूचनाको हकलाई अन्तर्राष्ट्रिय दस्तावेजरूले अभिव्यक्ति स्वतन्त्रताको अन्तरवस्तुको रूपमा व्यवस्था गरेका छन् । सूचना बिना अभिव्यक्ति स्वतन्त्रताको पूर्ण प्रयोग हुन सक्दैन त्यसैले सूचनाको हकलाई अभिव्यक्ति स्वतन्त्रताको रूपमा हर्ने गरिएको हो । तर, हालका दिनमा सूचनाको हक एक छुट्टै विषयको रूपमा स्थापित भएको छ । यो अधिकार जनताको शासन व्यवस्थामा सहभागिता तथा सार्वजनिक निकायहरूलाई पारदर्शी र जवाफदेही बनाउने साधनको रूपमा स्वीकार गरिएको छ ।

संयुक्त राष्ट्रसङ्घद्वारा जारी गरिएका बिभिन्न दस्तावेजहरूमा सूचनाको हकको पहिचान गरिएको छ ।

(क) संयुक्त राष्ट्रसङ्घको प्रतिज्ञापत्र : सन् १९४६ भएको सूचनाको स्वतन्त्र सञ्चारसम्बन्धी सम्मेलनमा संयुक्त राष्ट्र सङ्घको प्रतिज्ञापत्र नं. ५९ (i) मार्फत जारी

गरिएको प्रतिज्ञा सूचनाको हकको पहिचानको दृष्टिले महत्वपूर्ण छ । जसमा "सूचनाको स्वतन्त्रता आधारभूत मानव अधिकार हो र अन्य सम्पूर्ण स्वतन्त्रताहरूको मुख्य कडी हो ।" भनी सूचनाको हकको महत्वलाई दर्शाइएको छ।

(ख) मानवअधिकारको विश्वव्यापी घोषणापत्र १९४८ : संयुक्त राष्ट्र सङ्घद्वारा जारी गरिएको मानवअधिकारको विश्वव्यापी घोषणापत्रको धारा १९ मा "प्रत्येक व्यक्तिलाई विचार तथा अभिव्यक्तिको स्वतन्त्रता छ । यस अधिकारमा बिना कुनै हस्तक्षेप आफ्ना मत राख्ने र बिना रोकतोक कुनै भौगोलिक सीमाको अधिनमा नरही जुनसुकै सञ्चार माध्यमद्वारा सूचना तथा विचार प्राप्त गर्ने, खोजी गर्ने र प्रसार गर्ने अधिकार समेत समावेश छ ।"

(ग) नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी महासन्धि १९६६ : यस महासन्धिको धारा १९ मा पनि मानवअधिकारको विश्वव्यापी घोषणपत्र १९४८ को धारा १९ ले व्यवस्था गरे बमोजिम नै सूचनाको हकको व्यवस्था गरिएको छ ।

(घ) अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी महसन्धी २००६ : यस महासन्धिको धारा २१ ले अपाङ्गता भएका व्यक्तिका लागि सूचनामा पहुँच सृजना गर्न पक्ष राष्ट्रले विशेष तथा आवश्यक कदमहरू चाल्नु पर्ने भनी राज्यको जिम्मेवारी तोकेको छ ।

(ङ) बालअधिकार सम्बन्धी महासन्धि १९८९ : यस महसन्धिको धारा १७ ले बालबालिकाको समग्र अधिकारको प्रयोगका सन्दर्भमा सूचनामाथिको पहुँचको महत्वलाई मनन गरी उनीहरूलाई सूचनामा पहुँच सृजना गर्न राज्यले उचित तथा आवश्यक कदम चाल्नु पर्ने भनी उल्लेख गरिएको छ ।

(च) महिला विरूद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन सम्बन्धी महासन्धी १९७९ : यस महासन्धिको धारा १० र १६ महिलाको स्वास्थ्य तथा शिक्षाको अधिकार सुनिश्चित गर्न तथा प्रजनन अधिकारको उपयोगमा सूचनाको हक महत्वपूर्ण हुने पहिचान गरी सूचनामा पहुँच हुनु पर्ने उल्लेख गरेको छ ।

माथि उल्लेखित सबै दस्तावेजहरूमा नेपाल पक्ष राष्ट्र भएकाले ती दस्तावेजमा उल्लेख गरे बमोजिम सूचनाको हकको व्यवस्था गर्नु नेपाल सरकारको जिम्मेवारी हो ।

मानवअधिकार तथा मौलिक स्वतन्त्रताको संरक्षणसम्वन्धी युरोपेली महासन्धी १९५० को धारा १० ले सूचनाको अधिकारलाई अभिव्यक्ति स्वतन्त्रताको एक भागको रूपमा पहिचान गरेको छ । यसअर्न्तगत 'कुनै भौगोलिक सीमाको अधीनमा नरही विचार प्राप्त गर्ने, खोजी गर्ने, र प्रवाह गर्ने अधिकार हो' भनेर उल्लेख गरेको पाइन्छ ।

त्यसैगरी क्षेत्रीय स्तरमा व्यवस्था गरिएका बिभिन्न दस्तावेजहरूमा पनि सूचनाको हकको महत्व र आवश्यकता महसुस गरी सूचनाको हकको प्रत्याभुति गरिएको छ । ती दस्तावेजहरूमा मुख्यतया युरोपियन, अफ्रिकन र अन्तरअमेरिकन महासन्धिहरू पर्दछन् ।

मानवअधिकार तथा मौलिक स्वतन्त्रताको संरक्षणसम्वन्धी युरोपेली महासन्धी १९५० को धारा १० ले सूचनाको अधिकारलाई अभिव्यक्ति स्वतन्त्रताको एक भागको रूपमा पहिचान गरेको छ । यसअर्न्तगत "कुनै भौगोलिक सीमाको अधिनमा नरही विचार प्राप्त गर्ने, खोजी गर्ने, र प्रवाह गर्ने अधिकार हो" भनेर उल्लेख गरेको पाइन्छ । त्यसैगरी **मानवअधिकार सम्बन्धी अर्न्तअमेरिकी महासन्धि** १९६९ को धारा १३ ले सूचनाको हकलाई आधारभूत अधिकारको रूपमा व्यवथा गरेको छ । **मानवअधिकार सम्बन्धी अफ्रिकी बडापत्र** १९८१ को धारा ९ मा सूचनाको हकलाई पहिचान गरी संरक्षणको लागि व्यवस्था गरिएको छ ।

४. सूचनाको हकको इतिहास र व्यवस्था

सूचनाको हक विकासको इतिहास हेर्ने हो भने लगभग २ सय ४५ वर्ष पछाडि जानुपर्ने हुन्छ । सर्वप्रथम सन् १७६६ मा स्वीडेनमा सूचनाको हकलाई कानुनी संरक्षण प्रदान गरियो । सन् १९५३ मा फिनल्यान्डले सूचनाको हक सम्बन्धी कानुन निर्माण गऱ्यो । त्यसपछि सन् १९६६ मा संयुक्त राज्य अमेरिकाले सूचनाको हकसम्बन्धी कानुन निमार्ण गऱ्यो । नर्वेले सन् १९७० मा यस सम्बन्धी कानुन बनायो । क्यानडा, अष्ट्रेलिया र न्युजिल्यान्डले सन् १९८२ मा सूचनाको हकसम्बन्धी कानुन निमार्ण गरे । इटलीमा सन् १९९० मा सूचनाको हकलाई कानुनी संरक्षण प्रदान गरियो ।

हाल विश्वका लगभग ५० वटा मुलुकमा सूचनाको हकलाई संवैधानिक प्रत्याभूति प्रदान गरिएको छ भने । वि.सं २०६७ माघ मसान्तसम्म विश्वका ८७ वटा मुलुकमा सूचनाको हकको व्यवस्था गर्न छुट्टै कानुनको पनि निमार्ण गरिएको छ । कानुन प्रत्याभूतिको हिसाबले सूचनाको हक छिटो विकास भएको अधिकार हो । धेरै देशहरू सूचनाको हकको कानुन निमार्ण गर्ने प्रक्रियामा छन् । सूचनाको हकको कानुन निमार्ण गर्ने प्रक्रियामा लागेका राष्ट्रको तथ्याङ् हेर्ने हो भने एक दुई वर्ष भित्रमा सूचनाको हक सम्बन्धी कानुन निमार्ण गर्ने राष्ट्रको सङ्ख्या १ सयको हाराहारीमा पुग्ने अनुमान गर्न सकिन्छ ।

५. दक्षिण एसियामा सूचनाको हकको अवस्था

दक्षिण एसियाका सार्कसँग आवद्ध रहेका आठ राष्ट्रहरू मध्ये भुटान, माल्दिभ्स र अफगानिस्तानका संविधानमा सूचनाको हकको प्रत्याभुति गरिएको छ । भुटानको संविधानको धारा ७(२), माल्दिभसको संविधानको धारा २७ र अफगानिस्तानको संविधानको धारा ५० मा सूचनाको हकसम्बन्धी व्यवस्था गरिएको छ । तर, ती देशहरूमा सूचनाको हक कार्यान्वयनको लागि छुट्टै ऐन तथा कानुनको व्यवस्था गरिएको छैन । पाकिस्तान, भारत र बङ्गलादेशमा सूचनाको हक प्रत्याभुतिको लागि सूचनाको हक सम्बन्धी कानुन लागू गरिएको छ तर, यी देशको संविधानमा सूचनाको हकको प्रत्याभूति गरिएको छैन । सर्वप्रथम पाकिस्तानमा सन् २००२ मा सूचनाको हकसम्बन्धी कानुन पारित गरियो । त्यसपछि सन् २००५ मा भारतले राष्ट्रियस्तरमा सूचनाको हकसम्बन्धी कानुन पारित गऱ्यो भने बङ्गलादेशमा सन् २००९ मा सूचनाको हकसम्बन्धी कानुन पारित भयो ।

दक्षिण एसियामा नेपाल मात्र जुन देशको संविधानमा सूचनाको हकलाई मौलिक हकको रूपमा व्यवस्था गरिएको छ भने सूचनाको हक सम्बन्धी छुट्टै कानुनहरू समेत व्यवस्था गरिएको छ । नेपाल अधिराज्यको संविधान २०४७ को धारा १६ मा सूचनाको हक सम्बन्धमा व्यवस्था गरिएको थियो भने नेपालको अन्तरिम संविधान २०६३ को धारा २७ मा सूचनाको हकलाई व्यवस्था गरिएको छ । त्यसैगरी सूचनाको हक सम्बन्धी ऐन २०६४ र सूचनाको हक सम्बन्धी नियमावली २०६५ समेत लागू गरिएको छ ।

सार्क राष्ट्रहरूमा श्रीलङ्कामा सूचनाको हकको बारेमा कुनै कानुनी व्यवस्था छैन नत त्यहाँको संविधानमा नै सूचनाको हकका सम्बन्धमा व्यवस्था गरिएको छ ।

६. नेपालमा सूचनाको हकको अवस्था

६.१ ऐतिहासिक पृष्ठभूमि

२०४६ सालको राजनीतिक परिवर्तन पछिको खुल्ला राजनीतिक अवस्थामा मात्र सूचनाको हकले मौलिक हकको रूपमा स्थान पाएको हो । नेपाल अधिराज्यको संविधान २०४७ को धारा १६ सूचनाको हकको लागि प्रथम संवैधानिक व्यवस्था हो । यो संविधान भन्दा पहिला केवल सरकारी कागजको नक्कल लिने सम्बन्धमा केही कानुनी व्यवस्था गरिएको थियो । जसअनुसार मुलुकी ऐन २०२० को अदालती बन्दोबस्तको महलको २११ नं. मा मुद्दा हेर्ने अड्डामा रहेको मिसिल कागजपत्रको नक्कल सरोकारवाला जोसुकैले मागे पनि दिनुपर्छ भन्ने व्यवस्था थियो । त्यसैगरी कागज जाँचको महलको १७ नं. मा "अड्डामा रहेको सरकारी कागजपत्रको नक्कल सरोकार परेका जोसुकै पनि लिन पाउँछ ।" भन्ने कानुनी व्यवस्थाका आधारमा अड्डामा रहेका कागजातहरूको नक्कल लिन सकिने अवस्था भएको पाइन्छ ।

नेपालमा सुरक्षा, शान्ति तथा व्यवस्था कायम राख्न सरकारी र सार्वजनिक कार्यालयमा रहेका महत्वपूर्ण र गोप्य कागजातहरू, अभिलेखहरू, संरक्षित लिखतहरू आदि संरक्षण गर्ने हेतुले गोप्यता सम्बन्धी ऐन, २०३९ जारी भएको थियो । यो ऐन सूचनाको हकको लागि बाधक बन्न सक्दथ्यो तर, सो ऐन भने लागू भएन ।

सूचनाको हक सम्बन्धी कुनै छुट्टै कानुन बन्न नसके पनि संवैधानिक रूपमा प्रत्याभूत सूचनाको हकको सम्बन्धमा भने सर्वोच्च अदालतबाट महत्वपूर्ण निर्णयहरू भएको पाइन्छ । सर्वोच्च अदालतले २०५० सालमा गोपाल सिवाकोटी विरूद्ध अर्थमन्त्रालय समेत भएको मुद्दामा *(अरूण तेस्रो जलविद्युत परियोजनासँग सम्बन्धित)* सरकारको काम कारवाहीलाई पारदर्शी बनाउन; सार्वजनिक महत्वका र सरकारी काम कारवाहीका विषयमा नागरिकको पहुँचको लागि; देशको सुरक्षा, शासन व्यवस्था, शिक्षा, स्वास्थ्य आदि कुरामा जनताको पहुँच पुऱ्याउन सूचनाको हकको महत्व भएको कारणले गर्दा सूचनाको हकलाई संरक्षण गर्नु पर्दछ भनी निर्णय गरेको थियो ।

हाल विश्वका लगभग ७० ओटा मुलुकमा सूचनाको हकलाई संवैधानिक प्रत्याभूति प्रदान गरिएको छ भने । वि.सं २०६७ माघ मसान्तसम्म विश्वका ८७ वटा मुलुकमा सूचनाको हकको व्यवस्था गर्न छुट्टै कानुनको पनि निमार्ण गरिएको छ । कानुन प्रत्याभूतिको हिसाबले सूचनाको हक छिटो विकास भएको अधिकार हो । धेरै देशहरू सूचनाको हकको कानुन निमार्ण गर्ने प्रक्रियामा छन् । सूचनाको हकको कानुन निमार्ण गर्ने प्रक्रियामा लागेका राष्ट्रको तथ्याङ्क हेर्ने हो भने एक दुई वर्ष भित्रमा सूचनाको हक सम्बन्धी कानुन निमार्ण गर्ने राष्ट्रको सङ्ख्या १ सयको हाराहारीमा पुग्ने अनुमान गर्न सकिन्छ ।

सरकारको तर्फबाट सूचनाको हक सम्बन्धी कुनै छुट्टै कानुन बन्ने कार्य नभएपछि पहिलो पटक २०५६ सालमा नेपाल पत्रकार महासङ्घ र नेपाल प्रेस इन्स्टिच्युटको सामूहिक प्रयासमा सूचनाको हक विधेयक तर्जुमा गर्ने जनस्तरको प्रयास भयो । वि सं २०५९ सालमा संसद्मा विधेयक दर्ता भएपनि लगतै संसद् विघटन भएपछि ऐन जारी हुन सकेन । त्यसपछि राजाले शासन हातमा लिए, सूचनाको हकको कानुनको कुनै विकास हुन सकेन ।

२०६२/६३ सालको राजनीतिक परिर्वतन पछि नागरिक समाजबाट सूचनाको हक सम्बन्धी ऐनका बारेमा पुनः आवाज उठ्यो । जनस्तरको माग र दबाबपछि सरकारले सूचनाको हक विधेयक मस्यौदाका लागि कार्यदल गठन गऱ्यो र ऐनको मस्यौदा निमार्ण कार्य अघि बढ्यो । यस प्रक्रियामा नागरिक समाजको सक्रियता, सुझाव र परामर्श महत्वपूर्ण थियो । परिणाम स्वरूप साउन २, २०६४ मा व्यवस्थापिका संसदद्वारा सूचनाको हकसम्बन्धी व्यवस्था गर्न बनेको विधेयक पारित भयो ।

६.२ संवैधानिक तथा कानुनी व्यवस्था

सूचनाको हकसम्बन्धी संवैधानिक व्यवस्थाको इतिहास लामो छैन । २०४७ सालको संविधान भन्दा पहिलाका संविधानमा सूचनाको हकको सम्बन्धा स्पष्ट व्यवस्था थिएन । नेपालमा सूचनाको हक सुनिश्चित गर्ने पहिलो दस्तावेज नेपाल अधिराज्यको संविधना २०४७ हो । सार्वजनिक सरोकारका विषयहरूबारे नागरिकले आफूले चाहेको सूचना माग्ने र पाउने संवैधानिक प्रत्याभूति सो संविधानको धारा १६ ले गरेको थियो ।

नेपालको अन्तरिम संविधान २०६३ ले पनि सूचनाको हकलाई नागरिकको मौलिक हकका रूपमा स्वीकारेको छ । संविधानको धारा २७ ले "प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने वा पाउने हक हुनेछ" भनी उल्लेख गरेको छ ।

सूचनाको हकसम्बन्धी ऐन अन्तरिम व्यवस्थापिका संसदबाट २०६४ साल साउन २ गते पास भयो र २०६४ साल साउन ५ गते सभामुखबाट प्रमाणिकरण भयो । ऐनको दफा १(२) मा यो ऐन प्रमाणिकरण भएको मितिले तीसौं दिनमा प्रारम्भ हुने छ भनी उल्लेख भएको छ र यस अनुसार सूचनाको हकसम्बन्धी ऐन २०६४ भदौ ३ गते देखि नेपालभरी नै

लागू भयो । यस ऐनमा ३८ वटा दफा र १ अनुसुचि छ । त्यसैगरी २०६५ माघ २७ गते सूचनाको हकसम्बन्धी नियमावली २०६५ नेपाल सरकारले जारी गऱ्यो । यो नियमावली सोही मिति देखि लागू भएको छ । यस नियमावलीमा २५ वटा नियम र १ अनुसचि रहेको छ ।

सूचनाको हकसम्बन्धी ऐन २०६४ केही निश्चित उद्देश्यहरूसहित लागू गरिएको थियो । ऐनका उद्देश्यहरू राज्यका काम कारबाही लोकतान्त्रिक पद्धति अनुरूप खुला र पारदर्शी बनाउने ; नागरिकप्रति जवाफदेही र जिम्मेवार बनाउने; सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्वको सूचनामा आमनागरिकको पहुँचलाई सरल र सहज बनाउने ; राज्य र नागरिकको हितमा प्रतिकूल असर पार्ने संवेदनशील सूचनाको संरक्षण गर्ने; र नागरिकको सुसूचित हुने हकलाई संरक्षण र प्रचलन गराउने थियो ।

६.३ सूचनाको हक सम्बन्धी ऐन कानुनका मुख्य व्यवस्था

नेपालको कानुनी व्यवस्थालाई हेर्ने हो भने सूचनाको हक सम्बन्धमा निम्न उल्लेखित व्यवस्था भएको पाइन्छ ।

- सूचनाको हक नागरिकको लागि मात्र पहिचान गरिएको छ । विदेशी नागरिक वा सङ्घ संस्थालाई सूचनाको हक छैन । सूचना माग गर्न लिखित निवेदन दिनुपर्ने र सूचना प्राप्त गर्दा निश्चित दस्तुर (प्रति पेज रू ५) लाग्ने व्यवस्था छ । तर ५ पेजसम्मको सूचना भने निःशुल्क पाइन्छ । सूचनाको हक भित्र सार्वजनिक महत्वको निमार्ण स्थलको भ्रमण र प्रयोग गरिएको सामग्रीको नमुना लिने अधिकार समेत प्रर्दछ । -(ऐनको दफा २ र ८ र नियमावलीको दफ ४)
- सार्वजनिक निकायहरूलाई सूचना प्रवाह गर्ने प्रयोजनका लागि सूचना अधिकारीको नियुक्ति गर्नुपर्ने जिम्मेवारी ऐनको दफा ६ मा तोकिएको छ । ती सूचना अधिकारीसँग नागरिकले सूचना माग गरी निवेदन दिनु पर्दछ । सूचना अधिकारी नभएको अवस्थामा सम्बन्धित कार्यालयका प्रमुखसँग पनि सूचना माग गर्न सकिन्छ ।
- सार्वजनिक निकायहरूले आफ्नो कार्यालयसँग सम्बन्धित प्रशासनिक तथा आर्थिक जानकारी अद्यावधिक गरी तीन तीन महिनामा नागरिकको जानकारीको लागि प्रकाशन तथा प्रशारण गर्नु पर्दछ । जसअर्न्तगत बजेट र खर्च विवरणहरू समेत भनी दफा ५ मा व्यवस्था गरिएको छ ।
- सार्वजनिक निकायभित्र सरकारी निकाय मात्र नभइकन राजनीतिक दल र गैरसरकारी संस्था पनि पर्दछन् भन्ने व्यवस्था दफा २ (क) ५ र ८ मा गरिएको छ । । तसर्थ यी निकायहरूले पनि पारदर्शी तबरबाट कार्य गर्नुपर्दछ र सूचनाको हकसम्बन्धी ऐनले सार्वजनिक निकायलाई तोकेका जिम्मेवारी पूरा गर्नुपर्दछ ।
- सूचनाको हकको कार्यान्वयका लागि एक स्वतन्त्र निकायको रूपमा राष्ट्रिय सूचना आयोगको व्यवस्था दफा ११ मा गरिएको छ । यस निकायको मुख्य कार्य भनेको सूचना नदिने गरी सार्वजनिक निकायले गरेको निर्णको विरूद्धमा उजुरी सुन्नु हो । साथै सूचनाको हकको संरक्षण, सर्वद्धन र कार्यान्वयनका लागि आवश्यक कार्य गर्ने अधिकार आयोगलाई दिइएको छ । आयोगले विभागीय कारबाहीको सजायको लागि सिफारिस, जरिवाना गर्न सक्दछ र पीडितलाई क्षतिपूर्ति दिलाउन सक्दछ ।
- राज्य तथा सार्वजनिक निकायमा भएको, भइरहेको वा हुनसक्ने भ्रष्टाचार अनियमितता र प्रचलित कानुन बमोजिम अपराध मानिने कुनै त्यस्ता कार्यको सूचना दिनु त्यसकार्यलयका कर्मचारीको जिम्मेवारीको रूपमा व्यवस्था गरिएको छ भने सूचना प्रवाह गर्न हुन सक्ने जोखिमबाट बचाउनको लागि सूचनादाताको संरक्षण सम्बन्धी व्यवस्था ऐनको दफा २९ मा गरिएको छ ।
- बदनीयतका साथ सूचना नदिने सूचना अधिकारी र कार्यालय प्रमुखलाइ सजाय र पीडितलाई क्षतिपूर्तिको व्यवस्था दिने गरी ऐनको दफा ३२ र ३४ मा व्यवस्था गरिएको छ । त्यस्तो सजाय र क्षतिपूर्तिको आदेश राष्ट्रिय सूचना आयोगले मात्र गर्न सक्दछ
- सूचनाको हक निरपेक्ष अधिकार होइन । केही गम्भीर प्रकृतिका सूचनाको संरक्षण गर्नु आवश्यक छ भन्ने कानुनी व्यवस्था छ । सूचना संरक्षणको सम्बन्धमा ऐनको दफा ३, २७ र ३१ मा स्पष्ट व्यवस्था गरिएको छ ।

कुनै एक व्यापार गर्ने व्यक्तिले आफ्नो दैनिक व्यापार गर्नको लागि राजश्व विभाग, वाणिज्य विभाग आदि निकायमा गई आफूले व्यापार गर्ने सर–सामानको बारेमा सरकारद्धारा निर्धारित मूल्य, कर आदिको बारेमा आवश्यक सूचना प्राप्त गरी व्यापार प्रवर्धन गर्न समेत सक्दछ । सोही व्यक्तिले सूचनाको हकको प्रयोगबाट आवश्यक सूचना प्राप्त गरी आफ्नो व्यापारलाई व्यवस्थित गर्न भावी योजना तर्जुमा गर्न सक्दछ ।

७. राष्ट्रिय सूचना अयोग र भूमिका

प्रत्येक नेपाली नागरिकको सूचनाको हकको सुनिश्चतता गर्न तथा सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच बढाउन सबै सार्वजनिक निकायहरू उत्तरदायी र जिम्मेवार हुनु पर्दछ । यी निकायहरूलाई सूचनाको हकको कार्यान्वयनका सम्बन्धमा आवश्यक सहयोग गर्न तथा नागरिकको सूचनाको हकको संरक्षण, सम्वर्द्धन तथा प्रचलन गराउनको लागि ऐनले एक स्वतन्त्र निकायको व्यवस्था गरेको छ । सूचनाको हकको संरक्षण, सम्वर्द्धन र प्रचलन गर्नका लागि ऐनको दफा ११ बमोजिम स्थापित स्वतन्त्र निकाय राष्ट्रिय सूचना आयोग हो । आयोगले सार्वजनिक निकायले सूचना नदिएको अवस्थामा उनीहरूका विरूद्ध उजुरी सुन्न सक्ने अधिकार राख्दछ । उजुरी उपर ६० दिन भित्र निर्णय गर्नुपर्ने जिम्मेवारी अयोगमा छ । साथै सूचनाको हकको संरक्षण तथा प्रचलनमा सार्वजनिक निकायहरूलाई विभिन्न निर्देशन समेत जारी गर्न सक्दछ । यसरी हेर्दा राष्ट्रिय सूचना आयोग अर्धन्यायिक स्वतन्त्र निकाय हो ।

यही सन्दर्भमा सूचनाको हकको संरक्षण, सम्वर्द्धन र प्रचलन गर्ने कामका लागि एक जना प्रमुख सूचना आयुक्त र अन्य दुई जना सूचना आयुक्तहरू भएको एक स्वतन्त्र राष्ट्रिय सूचना आयोग रहने व्यवस्था सूचनाको हकसम्बन्धी ऐनले गरेको छ ।

सूचनाको हक सम्बन्धी ऐनले सूचनाको हकको संरक्षण, प्रवर्द्धन तथा प्रचलनका लागि आयोगको निम्न काम, कर्तव्य र अधिकार तोकिएको छ । ऐनको दफा १९ मा यस सम्बन्धमा स्पष्ट व्यवस्था गरिएको छ ।

- सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्वको सूचनासम्बन्धी अभिलेख, लिखत तथा अन्य सामग्रीको अध्ययन तथा अवलोकन गर्ने ।
- नागरिकको जानकारीको लागि सूचना सार्वजनिक गर्न सम्बन्धित सार्वजनिक निकायलाई आदेश दिने ।
- समय किटान गरी निवेदकले माग गरेको सूचना दिन सम्बन्धित सार्वजनिक निकायलाई आदेश दिने ।
- नेपाल सरकार तथा सूचना सञ्चारसँग सम्बन्धित विभिन्न निकायहरूलाई सूचनाको हकको संरक्षण र सम्वर्द्धनका लागि आवश्यक सुझाव दिने वा सिफारिस गर्ने ।
- सूचनाको हकको संरक्षण, सम्वर्द्धन र प्रचलन गर्नको लागि आवश्यकता अनुसार उपयुक्त आदेश दिने, आदि

८. सूचनाको हकको महत्व र विभिन्न क्षेत्रमा प्रयोग

सूचनाको हक एक साधन हो । यदि सूचनाको हकको प्रयोग गरिएन भने यसको कुनै अर्थ रहन्न । सूचनाको हक एउटा सर्वसाधारण देखि लिए समाज र समग्र देशको लागि भिन्ना-भिन्नै प्रकारले उपयोग गर्न सकिने हक हो । एउटा व्यक्तिको लागि सूचनाको हक आफ्नो व्यक्तिगत चासोको लागि उपयोगमा आउन सक्दछ भने समग्र देशको र समाजको लागि सूचनाको हक सुशासन कायम गर्न, राज्यका निकायहरूलाई पारदर्शी बनाउन र प्रजातान्त्रिक मूल्य मान्यताहरूलाई संस्थागत गर्न उपयोगमा आउन सक्दछ ।

सूचनाको हक एक साधन भएको कारणले गर्दा यदि यो साधनलाई प्रयोग गरिएन भने व्यक्तिगत, सार्वजनिक सरोकारको महत्व वा सर्वसाधरणका चाहनाहरू पूरा हुन सक्दैनन् । कुनै सार्वजनिक निकायमा भएको सूचनामा नागरिकको पहुँच भएमा उसले आफ्नो व्यक्तिगत वा सार्वजनिक हितको लागि धेरै फाइदा उठाउन सक्दछ । तर यदि सूचना नमाग्ने हो भने उसले ती फाइदा गुमाउन सक्दछ । त्यसैले सूचनाको हकलाई उपयोग गरिएन भने यो हक अक्षरमा मात्र सिमित हुन्छ ।

सूचनाको मुख्य उपयोग उपभोक्ता वा नागरिकले गर्ने हो । आफ्नो वडा, नगरपालिकाको बजेटको बारेमा, बाटो - घाटो निर्माण आदि विषयका बारेमा वडा कार्यालय, नगरपालिका, मन्त्रालय आदिबाट सूचना मागी सूचनाको उपयोग गर्न सकिन्छ । साथै आफूसँग सम्बन्धित सूचना जस्तै :- सरकारी सुविधा र शर्त, पेशा - व्यवसाय, अध्ययन प्रयोजन आदिको लागि समेत सूचना माग गरी आफ्नो अधिकार सुनिश्चित गर्न सकिन्छ ।

यातना विरूद्धको अधिकारमा जस्तो सूचनाको हकको संरक्षण र प्रचलनमा राज्य मात्र जिम्मेवार हुँदैन । यातना विरूद्धको अधिकारमा राज्यले कुनै व्यक्तिलाई यातना पाउनबाट बचाउन जुनसुकै अवस्थामा पनि संरक्षण गरेको हुन्छ । व्यक्ति जागरूक नभए पनि यातना विरूद्धको अधिकार संरक्षित र प्रचलित भएको हुन्छ । तर, सूचनाको हकको प्रचलनको लागि भने नागरिक जागरूक हुन जरूरी छ र सूचनाको हकको प्रयोग गरिनु पर्दछ ।

सूचनाको हकको प्रयोग व्यक्तिगत तथा सार्वजनिक प्रयोजनका लागि गरेर दुई भागमा विभाजन गर्न सकिन्छ ।

(क) व्यक्तिगत प्रयोजन

सूचनाको हकले एक नागरिकको व्यक्तिगत चाहनालाई संरक्षण गर्न ज्यादै महत्वपूर्ण भूमिका खेलेको हुन्छ । व्यक्तिगत रूपमा आफ्नो ज्ञान बढाउन र आफ्नो सीप विकास गर्न, सूचना प्रयोगमा आउन सक्दछ ।

कुनै एक व्यापार गर्ने व्यक्तिले आफ्नो दैनिक व्यापार गर्नको लागि राजश्व विभाग, वाणिज्य विभाग आदि निकायमा गई आफूले व्यापार गर्ने सर-सामानको बारेमा सरकारद्वारा निर्धारित मूल्य, कर आदिको बारेमा आवश्यक सूचना प्राप्त गरी व्यापार प्रर्वद्धन गर्न समेत सक्दछ । सोही व्यक्तिले सूचनाको हकको प्रयोगबाट आवश्यक सूचना प्राप्त गरी आफ्नो व्यापारलाई व्यवस्थित गर्न भावी योजना तर्जुमा गर्न सक्दछ ।

त्यसैगरी कुनै व्यक्तिले स्थानीय निकायद्वारा सञ्चालित आयोजनाको लागत इष्टिमेट, विनियोजित वजेट, सहभागिता लागत, दररेट, कार्य प्रक्रिया, आयोजना शुरू र सम्पन्न हुने समय, आयोजना संचालन हुने स्थान, आयोजनाबाट लाभान्वित हुने समुदाय तथा परिवार संख्या, संचालन व्यवस्थापन आदि बारे जानकारी प्राप्त गरी ज्ञान हासिल गर्न सक्छ । त्यसैले हरेक नागरिकले सूचनाको हकको व्यवहारिकतालाई मध्यनजर गर्दै सूचनाको हकको प्रचलन गर्न आवश्यक छ ।

(ख) सार्वजनिक प्रयोजन

सूचनाको हकले सार्वजनिक हक हितको लागि समेत धेरै महत्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । सार्वजनिक निकायलाई खुल्ला, पारदर्शी र जनताप्रति जवाफदेही बनाउन सूचनाको हकको प्रयोग गर्न सकिन्छ । सार्वजनिक निकायमा रहेको महत्वपूर्ण तथा जानकारीमा नरहेका सूचनाहरू माग गरी सार्वजनिक हितको लागि सूचना प्रयोग गर्न सकिन्छ । उदाहरणको लागि कुनै वडा कार्यालयमा रहेको बजेटको रकमबारे सूचना मागगरी वडा कार्यालयलाई पारदर्शी बनाउन र बजेट अनुसारको कार्य गर्न लगाउन सकिन्छ ।

सूचनाको हकको एउटा प्रमुख व्यवहारिक पक्ष भनेको यसले नागरिकलाई शासन प्रक्रियामा सहभागी गराउँछ र सार्वजनिक निकायले गर्न सक्ने भ्रष्टाचार अनियमितता आदि जस्ता गलत क्रियाकलापलाई रोक्न सक्दछ । सूचनाको हकको सार्वजनिक प्रयोजनबाट खुल्ला समाज तथा शासन प्रणालीको विकास गर्न समेत मद्दत पुग्छ । कुनैपनि सार्वजनिक निकायमा रहेका सूचनाहरू माग गरी समग्र रूपमा समाज र देशलाई खुल्ला, पारदर्शी बनाई सुशासन कायम गराउन सहयोग तथा योगदान गर्न सकिन्छ ।

९. कार्यान्वयनका मुख्य समस्या

नेपालमा सूचनाको हकलाई

संवैधानिक र कानुनी संरक्षण प्रदान गरिएको भएता पनि त्यसको सफल कार्यान्वयन भने हुन सकेको छैन । कार्यान्वयनमा कानुनी तथा व्यवहारिक कठिनाइहरू आइपरेका छन् । मुख्य समस्या भनेको सरकारी निकाय वा सार्वजनिक निकायहरूले यस ऐनले दिएको जिम्मेवरी पूरा नगर्नु हो । त्यसैगरी सूचनाको उपभोक्ताहरू पनि ऐन र कानुनले दिएको अधिकार, त्यसको प्रयोग र उपयोगिताको बारेमा अनभिज्ञ रहेको अवस्था छ । यस हकको सही उपयोग नहुनु वा ऐन र कानुनको उचित कार्यान्वयन हुन नसक्नुमा निम्नलिखित समस्याहरू विद्यमान छन् ।

- नेपाली संस्कृति गोपनीयतामा विश्वास राख्दछ । सूचनाको हक कार्यान्वयनमा आउन सकेको छैन । घरको मुली घरका सदस्यसँग कुराहरू बाँड्न चाहँदैन । सरकारी कार्यालयका कर्मचारीहरू भएका सूचनाहरू सकभर गोप्य राख्न चाहन्छन् । उनीहरूलाई गोप्य संस्कृति प्रवर्धन गर्न पद तथा गोपनीयताको सपथ खुवाइएको छ ।
- देशको कानुनले सुचनाको हकको प्रत्याभूति दिएको छ । जसलाई नागरिकले प्रयोग गर्न सक्दछन् । सूचनाको हकको प्रयोगको यस्तो उपयोगिता छ भन्ने गरी सर्वसाधारण नागरिकमा जानकारी पुगेको छैन । सूचनाको हकसम्बन्धी कानुन र यसको हकका बारेमा व्यापक जनचेनता नभएकोले पनि सूचना माग्ने पक्ष निस्कृय छ भने सूचना प्रवाह गर्नुपर्ने पक्ष गैरजिम्मेवार छ ।
- राज्यले कानुन बनाउनु नै सूचनाको हकको कार्यान्वयनको जिम्मेवारी पूरा गरेको ठानेको छ त्यो सरासर गलत हो । आवश्यक भौतिक संरचनाको व्यवस्था गर्नु, कर्मचारीहरूलाई आवश्यक तालिमको व्यवस्था गर्नु, सूचना व्यवस्थापन र अद्यावधिक गर्न अवाश्यक स्रोतको व्यवस्था गर्नु, राज्य संयन्त्र पारदर्शी हुने गरी व्यवहार नगर्नु राज्य पक्षबाट सूचनाको हक कार्यान्वयनका समस्याको रूपमा रहेका छन् ।
- सूचनाको हक कार्यान्वयनको लागि महत्वपूर्ण निकायको रूपमा रहेको राष्ट्रिय सूचना अयोगले प्रभावकारी भूमिका निर्वाह गर्न सकेको छैन । नागरिक र सरकारका बीचमा सेतुको रूपमा रहेको आयोगले नत यसको सफल कार्यानवयनको लागि सरकारलाई अवाश्यक दवाव दिन सकेको छ नत जनताहरूलाई यस हकको बारेमा आवश्यक जानकारी दिई उपयोगको लागि प्रेरित गर्न सकेको छ ।
- सूचनाको हकको सन्दर्भमा भएमा कानुनी व्यवस्थाहरू प्रष्ट छैनन् । वर्गीकरणको नाममा धेरै सूचनाहरू गोप्य राख्ने गरी व्यवस्था गरिएको छ भने देशमा भएका कानुनहरू मध्ये सूचनाको हक प्रधान वा अन्य सूचना लुकाउने गरी व्यवस्था भएका कानुन प्रधान भन्ने अन्योल छ । सूचना प्राप्त गर्ने र प्रवाहगर्ने सम्बन्धमा सूचनाको हक प्रधान रहन्छ भन्नेगरीको कानुनी व्यवस्था हुन सकेको छैन ।

१०. निष्कर्ष

सूचनाको हकलाई संविधान र कानुनले संरक्षण गर्नु अति महत्वपूर्ण कुरा हो । यसरी कानुनी रूपमा संरक्षित अधिकारको उचित कार्यान्वयनका लागि आवश्यक पहल र प्रयासहरू गर्नु आवश्यक छ ।

नागरिक समाज, गैरसरकारी क्षेत्रबाट यस हकको प्रयोगको थालनी गर्नु पर्दछ साथसाथै नागरिकलाई यस हकको बारेमा व्यापक जनचेनता दिलाउनु अवाश्यक छ । साथै हाम्रो गोप्य संस्कृति र व्यवहार परिवर्तन गरी पारदर्शी र जवाफदेही हुने प्रयास गर्नुपर्दछ । सरकारले सूचना व्यवस्थापन गरी सूचनालाई अद्यावधिक गर्ने र डिजिटलाइज गरी सार्वजनिक गर्नुपर्दछ । पोकामा बाँधेर राखेको सूचना प्रवाहमा जति बाधा रहन्छ विद्युतीय स्वरूपमा राखेको सूचना प्रवाह गर्नु उत्तिकै सहज हुन्छ ।

सर्वाजनिक निकायहरूलेपनि ऐन र कानुनले तोकेका जिम्मेवारीहरू जस्तै सूचना अधिकारी तोक्ने, ती कर्मचारीलाई अवाश्यक तालिमको व्यवस्था गर्ने, तीन तीन महिनामा कार्यालयसँग सम्बन्धित सूचनाहरू सार्वजनिक गर्ने, सूचनाहरू अद्यावधि गरी राख्ने गर्नु पर्दछ । राष्ट्रिय सूचना आयोगको प्रभावकारी भूमिका यस सन्दर्भमा एकदमै ठुलो महत्व राख्दछ ।

प्रचलित कानुनी व्यवस्थाको आवश्यक परिमार्जन गरी सूचनाको हकलाई स्थापित गराउने, सूचनाको हक कार्यान्वयनको लागि आन्तरिक व्यवस्थापन र सहयोगको लागि एक संयन्त्रको समेत अवाश्यकता देखिन्छ । यी सबै प्रकृयामा आमसञ्चारको सकारात्मक तथा सहयोगी भुमिका आवश्यक र महत्वपूर्ण रहन्छ ।

(लेखक, सूचनाको हकका लागि नागरिक अभियानका महासचिव हुन् ।)

सन्दर्भ सामग्री

वार्षिक प्रतिवेदन-२०६५-२०६६, राष्ट्रिय सूचना आयोग

सूचनाको हकको कार्यान्वयनमा आवश्यकता मूल्याङ्कन प्रतिवेदन- २०६७, सूचनाको हकको लागि नागरिक अभियान

सूचनाको हकको कार्यान्वयनको लागि सरोकारवालाहरूको आवश्यकता मुल्याङ्कन प्रतिवेदन- २००९, विश्व बैंक

नेपालको सूचनाको हकसम्बन्धी कानुनमाथिको टिप्पणी, आर्टिकल १९, फ्रिडम फोरम, नेपाल पत्रकार महासङ्घ- २००८

अन्तर्राष्ट्रिय मानवअधिकार सन्धीहरू, कानुन मन्त्रालय (२०६४) काठमाडौँ, नेपाल

थाहा पाउने अधिकार राष्ट्रिय सूचना आयोग (२०६६) काठमाडौँ, नेपाल

टङ्कराज अर्यालसमेत मानवअधिकार प्रशिक्षण सहयोगी पुस्तिका, राष्ट्रिय शान्ति अभियान, (२०६६) काठमाडौँ, नेपाल

टङ्कराज अर्यालसमेत सूचनाको हक स्रोत पुस्तक, सूचनाको हकका लागि नागरिक अभियान, (२०६७) काठमाडौँ, नेपाल

नेपाल अधिराज्यको संविधान २०४७ र नेपालको अन्तरिम संविधान २०६३

सूचनाको हक सम्बन्धी ऐन २०६४ र नियमावली २०६५

www .ccrinepal .org

www .freedominfo .org

www .access-info .org

बर्बर हिंसाको स्वरूप

नेपालको मेचीदेखि महाकालीसम्म बोक्सीको नाममा महिलाहरू पीडित हुने गरेको पाइन्छ । यसो त यस्तै आरोपमा यदाकदा पुरुष पनि महिलाहरूसँगसँगै प्रताडित नभएका होइनन् । तर अधिकांश महिला नै कथित बोक्सीको आरोपमा अमानवीय ज्यादतीका शिकार हुने गरेका छन् । कसैले नसिकाए पनि आफ्नो संस्कृतिमा रहेको लैङ्गिक विभेदका कारण महिलालाई बोक्सी भएको आरोप लगाउने गरिन्छ ।

गीता माली

पृष्ठभूमि

"सहरमा पो बोक्सी र डङ्किनी हुँदैन गाउँमा त हुन्छ, सिस्नुपानी लगाएर र फलामले डाम्नुपर्छ।" निरमायाको हत्याका आरोपितमध्ये हरिबहादुरको यो भनाइले नेपालको ग्रामीण भेगमा यो अन्धविश्वासले कति जरा गाडेको छ भन्ने सहजै अनुमान गर्न सकिन्छ।[१]

राजधानीसँग जोडिएको मकवानपुर जिल्ला डाँडाखर्क गाविस-७ की ३५ वर्षीया निरमाया स्याङ्तान बोक्सी भएको आरोपमा ०६७ जेठ २ गते उनलाई सोही ठाउँका ४५ वर्षीय हरिबहादुर विक, ४१ वर्षीया साहिँलीमाया विक, ४० वर्षीया देवमाया लामा, २४ वर्षीय राजकुमार विक, २१ वर्षीय प्रेमबहादुर स्याङ्तान, २४ वर्षीय जोगबहादुर स्याङ्तान, १८ वर्षीय जीवन मोक्तान र ४० वर्षीय इन्द्रबहादुर मोक्तानले अभक्ष खुवाए, सिस्नुपानी लगाए, कमाल काटेर फलामले डामेर र निर्घातसँग कुटपिट गरी उनको हत्या गरेका थिए। हरिबहादुर धामी झाँक्री हुन्।

सिङ्गो गाउँ उल्टेर एउटी दुब्ली र पातली महिलालाई बोक्सीको आरोप लगाउँदै हत्या गरिएको थियो। मध्ययुगीन समाजमा प्रचलित कथित बोक्सीको आरोपमा प्रताडित गर्ने कुप्रचलनबाट आजको समाज पनि मुक्त हुन सकेको छैन। यो मध्ययुगीन हिंसाबाट विकसित र आधुनिक मानिने मुलुकलगायत गरिब अफ्रिकी तथा एसीयाली मुलुक अछुतो रहन सकेको छैन। मध्ययुगीन कालको युरोपमा बोक्सीको अरोपमा महिलाहरूको ज्यानै लिइन्थ्यो। सन् १३५० देखि १६५० सम्मको अवधिमा मारिएका ५ लाख मानिसमध्ये प्रायजसो महिला थिए।[२] नेपाल जस्तै धार्मिक, सांस्कृतिक परिवेश रहेको भारतमा वर्षेनी २ सय जनाको हाराहारिमा कथित बोक्सीको आरोपमा मारिएको तथ्यांक रहेको छ।" यसरी विगत १५ वर्षभित्र भारतमा २ हजार ५ सय महिलाहरू बोक्सीको आरोपमा मारिएका छन्।[३]

नेपालको मेचीदेखि महाकालीसम्म बोक्सीको नाममा महिलाहरू पीडित हुने गरेको पाइन्छ। यसो त यस्तै आरोपमा यदाकदा पुरुष पनि महिलाहरूसँगसँगै प्रताडित नभएका पनि होइनन्। तर अधिकांश महिला नै कथित बोक्सीको आरोपमा अमानवीय ज्यादतीका शिकार हुने गरेका छन्। कसैले नसिकाए पनि आफ्नो संस्कृतिमा रहेको लैङ्गिक विभेदका कारण महिलालाई बोक्सी भएको आरोप लगाउने गरिन्छ।[४]

बोक्सीको आरोपमा प्रताडित गर्ने काम एसिइन, अफ्रिकन मुलुकमा बढी रहेको पाइन्छ। शरणार्थीको लागि सन् २००९ मा युएन हाइकमिशनको प्रतिवेदनमा यो समस्यालाई बढी महत्वका साथ उठाइएको थियो। हाइकमिशनले आयोजना गरेको सेमिनारमा आठ जना विशेषज्ञहरूले विश्वभरि रहेका यस समस्याको दुईओटा प्रकृति खुलाए: पहिलो बोक्सी प्रथाले विभिन्न संस्कृति र महादेशहरूमा बढ्दो असर र यस विश्वासलाई मानिसहरूले दिएको महत्व जुन हरेक धर्म क्रिश्चयन, इस्लाम, हिन्दु र परम्परागत विश्वासमा बारम्बार पाइँदै आएको छ।[५]

इन्सेकको अभिलेख अनुसार पीडित

इन्सेकको अभिलेख अनुसार सन् २०१० मा कथित बोक्सीको आरोपमा ५८ जना महिला पीडित भए। उनीहरू सबैलाई कुटपिट र यातना दिनुका साथै केहीलाई

---

१. http://www.ekantipur.com/qatar/news/news-detail.php?news_id=201497
२. पूर्ववत्
३. Rebecca Vernon, Editor, Cornell University International Law Journal
http://www.wunrn.com/news/2010/03_10/03_22_10/032210_india.htm
४. Control of Uppity Women Behind Witchcraft Accusations?
http://www.sott.net/articles/show/149529-Control-of-Uppity-Women-Behind-Witchcraft-Accusations-
५. http://www.iheu.org/witchcraft-united-nations

कथित बोक्सीको आरोपमा पीडित सङ्ख्या (१० जनवरी २०१०- ३१ डिसेम्बर २०१०)

जात	घटना सङ्ख्या	महिला	जम्मा
वैश्य	२	३	३
ब्राम्हण	२	२	२
क्षेत्री	४	४	४
दलित	९	११	११
जनजाति	१६	२०	२०
कायस्थ	१	१	१
कोइरी	१	१	१
मण्डल	२	२	२
मुश्लिम	३	३	३
थाहा नभएको	४	६	६
तेली	१	१	१
यादव	४	४	४
जम्मा	**४९**	**५८**	**५८**

अभक्ष समेत कोच्याइएको थियो। सिस्नुपानी लगाउने, तातो फलामले शरीरका विभिन्न अङ्गमा डाम्ने, उनीहरूलाई कथित बोक्सी हो भन्न साबिती गर्न लगाएर अभक्ष खुवाउने, लुगाहरू च्यातिदिने, खुर्सानी पोलेर सुँघ्न लगाउने त्यति मात्र नभई उनीहरूलाई मार्ने धम्कीको साथै मार्न पनि पछि नपरेको देखिन्छ। पीडितहरू डरले घर, गाउँ र समाजबाट अपहेलित र तिरष्कृत भई विस्थापित हुन समेत बाध्य हुने गर्छन्। यहाँ समेत कि आफ्नै परिवारजनबाट समेत तिरस्कृत हुन पुग्छन्।

कथित बोक्सीको अरोपमा महिलाहरूलाई प्रताडित गर्ने कारण अन्धविश्वासमात्र हुन्छन् कि यसका अन्य कारण पनि हुन सक्छन् भन्ने विषयमा नेपालमा अध्ययन गरिएको पाइँदैन। तर, भारतका समाजशास्त्रीहरू भने यस विषयमा गम्भीर देखिएका छन्, "महिलाले आफ्ना छिमेकी पुरुषहरूको यौन प्रस्तावको उपेक्षा गर्नु पनि बोक्सीको आरोप लगाइने एक प्रमुख कारण हो। महिलालाई कुनै अति नै लोभी धामीले आरोप लगाउने छिमेकीसँग मिलेर बोक्सी भएको दोष लगाउँदा ती महिलाले पुरुषलाई तिरस्कार गरेको ठूलो मूल्य चुकाउँदै गाउँमा प्रताडित र बहिष्कृतसमेत हुनुपर्दछ। श्रीमान्को सम्पत्तिमा हक दाबी गर्ने विधवा महिलालाई त्यसरी नै धम्क्याउने र बोक्सीको आरोप लगाउने कार्य हुन सक्छ। यस्तो आरोपले ती महिलालाई सम्पत्तिमाथिको आफ्नो दाबी छोड्न बाध्य गराउँछ।"[६]

बोक्सीको आरोप लागेका महिलाहरूको सामाजिक मानसिक अवस्था र उनका परिवारमाथि परेको प्रभावलाई नेपालमा गहिरो अध्ययन गरेको पाइँदैन। प्रसिद्ध साहित्यकार माया ठकुरीको कथा बोक्सीमा यस्तो समस्याबाट पीडित महिलाको अवस्थाको साङ्गोपाङ्गो चित्रण गरिएको छ। कथाकी मूल पात्र विधवा भएपछि उनीमाथि लागेको आरोप र त्यसबाट आक्रान्त उनको मनोव्यथा कथाका माध्यमले उजागर गरिएको छ। डाँडाखर्ककी ठूलीमाया आफू पीडित भएपछि महिनौसम्मघरबाट निस्किनन्।

बोक्सीको आरोपमा आफ्नै छिमेकीहरूद्वारा प्रताडित सिराहाकी रासोदेवीका छोरा विद्यालय जान समेत मन गर्दैनन्। उनका दौंतरिले उनलाई होच्याउने र दुर्व्यवहार गर्ने त्रासले गर्दा उनी विद्यालय जान हिचकिचाउँछन्। यस्ता घटनाहरू गाउँघरमा बारम्बार दोहोरिरहने र गाउँघरमा राम्रै जानकारी हुने भए पनि महिलालाई झुटो आरोप लगाउँदा गाउँलेहरू यस्ता कारण षडयन्त्रपूर्वक भइरहेको छ भनी उनीहरू सार्वजनिक रूपमा भन्न सक्दैनन्। किनभने समाजमा बलियो हैसियत राख्नेहरूको विरुद्ध हतपति कोही बोल्न चाहँदैन।

जो जसबाट यस्ता घटना भए पनि त्यसलाई नियन्त्रण गर्नु र रोकथामका लागि आवश्यक हरेक कदम उठाउनु राज्यको दायित्व हो। बर्सेनी यस्ता घटनाहरू हुँदै आएका छन्। रोकथामका लागि प्रयास पनि भइरहेको भनिएको छ, तापनि

कथित बोक्सीको आरोपमा पीडित सङ्ख्या (१० जनवरी २०१०- ३१ डिसेम्बर २०१०)

जिल्ला	घटना सङ्ख्या	महिला	जम्मा
झापा	१	१	१
मोरङ	३	६	६
सुनसरी	१	१	१
तेह्रथुम	१	१	१
सप्तरी	४	४	४
उदयपुर	१	१	१
ओखलढुङ्गा	१	१	१
धनुषा	२	२	२
महोत्तरी	१	१	१
सर्लाही	२	२	२
सिन्धुली	३	४	४
रामेछाप	२	२	२
दोलखा	१	१	१
रौतहट	३	३	३
बारा	१	१	१
पर्सा	१	१	१
मकवानपुर	२	३	३
धादिङ	१	१	१
तनहुँ	१	१	१
कास्की	३	३	३
नवलपरासी	४	८	८
रुपन्देही	२	२	२
अर्घाखाँची	१	१	१
पर्वत	१	१	१
सल्यान	२	२	२
बर्दिया	२	२	२
कैलाली	१	१	१
कञ्चनपुर	१	१	१
जम्मा	**४९**	**५८**	**५८**

सुधारजनक सङ्केतहरू देखा परेका छैनन्। मुलुकी ऐन अदलको '१० ख' नम्बर अनुसार बोक्सीको आरोपमा कुटपिट र दुर्व्यवहार गर्नेलाई ३ महिनादेखि २ वर्षसम्म कैद वा ५ हजारदेखि २५ हजार रुपियाँसम्म जरिवाना

६. http://www.truth-out.org/india-protective-laws-fall-short-women-charged-with-witchcraft57896

गर्ने व्यवस्था छ। तर, कुनै पनि घटनामा पीडक पक्षलाई यस ऐन बमोजिम हदसम्मको कारबाही भएको पाइँदैन। यसरी कारबाही गरिने भएको हुँदो हो त निरमायाले अनाहक ज्यान गुमाउनु पर्ने थिएन। नीरमायाको हत्या हुनुअघि त्यसै ठाउँमा ठूलीमायालाई पनि बोक्सीको आरोपमा गाउँलेले अमानवीय व्यवहार गरेका थिए। तर पीडकहरूलाई कुनै कारबाही भएन। फलत: यस्ता घटना दोहरिरहे। निरमाया त्यही दण्डहीनताको अवस्थाका कारण असमय बर्बर तरिकाले मारिइन्।

यस्ता घटनाका विरुद्ध कारबाही अगाडि बढाउन स्थानीय बासिन्दाले असहयोग गरेको आरोप प्रहरीको हुने गर्छ। स्थानीय दलहरूका कार्यकर्ता र समाजका प्रतिष्ठित भनाउँदाहरूले गाउँको कुरा गाउँमै मिलाउने भनी पीडित पक्षलाई दिइने गरेका दबाबका कारण पनि पीडितहरूले न्याय नपाएको अवस्था विद्यमान छ।

बर्दिया जिल्ला धधवार गाविस-३ कर्तनियाकी ४५ वर्षीया उज्याली थारूलाई ०६७ जेठ १८ गते सोही गाउँका २६ वर्षीय हरिप्रसाद थारू, उनका भाइ २३ वर्षीय अंशु थारू र बाबु ४५ वर्षीय भोसु थारूको सहयोगमा आफ्नी बहिनीलाई बोक्सी लगाएर विरामी बनाएको आरोपमा कुटपिट गरी दाहिने हात भाँचिदिए। हरिबहादुरले पीडितकै घरमा आएर लाठी प्रहार गरी हात भाँचिदिनुको साथै शरीरको अन्य ठाउँमा पनि कुटपिट गरेका थिए। आमालाई कुटपिट गर्दा रोक्न खोज्दा उज्यालीका छोरीहरू १७ वर्षीया सुमित्रा थारू, १४ वर्षीया दुलारी थारू, ११ वर्षीया माया थारू र ७ वर्षीय सिपाही थारूलाई पनि शरीरमा नीलडाम हुने गरी कुटपिट गरिएको थियो। उनीहरूको स्थानीय स्वास्थ्य केन्द्र र उज्यालीको कोहलपुर मेडिकल कलेज कोहलपुरमा उपचार भयो। पीडितले इलाका प्रहरी कार्यालय मोतिपुरमा ०६७ जेठ १९ गते निवेदन दिइन्। समाजले पीडितलाई उपचार गर्न र जरिवानाबापत लोग्ने सर्जु थारूलाई मात्र बोलाएर ६ हजार रुपियाँ तिर्ने सहमति गराए। पीडितले न्यायको लागि ०६७ असार ९ गते मानवअधिकारकर्मीहरूसँग पहल गरिदिन अनुरोध गरे पनि स्थानीय राजनीतिक पार्टीका कार्यकर्ताको दबाबको कारण कानुनी निकायमा मुद्दा दर्ता गर्न सकिनन्।

हाम्रो देशमा कानुनी शासनको अभावमा अमानवीय व्यवहार गरी यातना दिने पीडकहरू पीडितसँग मिलापत्र र नाम मात्रको क्षतिपूर्ति दिई फुत्किरहेको पाइन्छ। जसले गर्दा पीडकहरूको मनोबल झन बढाउन मदत गरेको छ। किनभने नेपालको सविधानमा लेखे पनि, विभिन्न महासन्धिहरूले अनुमोदन गरे पनि व्यवहारमा कथित बोक्सीको नाममा दिइने यातनामा कमी आएको पाइँदैन। कतिपय घटनाहरूमा, माथि दिइएको केही उदाहरणमा उल्लेख गरिएअनुसार झाँक्री, पीडकहरूको धम्की र राजनीतिक दलका दबाबका कारण यातना भोग्ने महिलाहरूले न्याय त के, सम्बन्धित निकायमा उनीहरुको उजुरीसमेत लिइँदैन।

यसरी गरिएको मेलमिलापबाट पीडक पक्षले उन्मुक्ति पाउने कुरा त एकातिर छँदै छ यसले समाजलाई अझ यस्ता काम गर्न प्रोत्साहित गर्न सक्छ भन्ने कुराप्रति कसैको ध्यान केन्द्रित भएको पाइँदैन। अशिक्षित, आर्थिक रुपले विपन्न, असंरक्षित, महिलाहरू यस्तो आरोपबाट पीडित भएका पाइन्छन् "कथित बोक्सीको आरोपमा जुनसुकै क्षेत्रका विधवा, बच्चा नभएका, राम्री नदेखिने र बुढेशकाल लागेका, असुरक्षित, गरीब र समाजबाट बहिष्कृत महिलाहरूलाई बोक्सीको नाम दिइन्छ।"[७]

विशेषगरी परम्परागत विचारहरूको शिकार धेरैजसो गरिब, निमुखा, सोझासाझा, अशक्त, सहाराविहीन र पिछडिएका परिवारका मानिसहरूमा लगाउने गरिन्छ। र, विभिन्न प्रकारका अपमानजन्य यातना र दुर्व्यवहारहरू गरिन्छ। आफूलाई लगाइएको लाञ्छना गलत हुँदाहुँदै पनि होइन भन्न नसक्ने गरी नगरेको कार्यको पनि सजाय भोग्न बाध्य बनाइन्छ। यसप्रकार कथित बोक्सीको रूपमा गरिने दुर्व्यवहार र दिइने यातनाले मानिसमा मानसिक रोग हुनुको साथै समाजबाट तिरस्कार र परिवारसहित विस्थापित हुन समेत विवश हुन्छन्। नेपालको सन्दर्भमा सन् २०१० मा २८ जिल्लामा यस्ता घटनाहरू भएको पाइयो। तीमध्ये १५ ओटा जिल्ला तराईका रहेका छन् जहाँ ३६ जना पीडित भएका थिए (वर्षपुस्तक २०१०)। तीमध्ये जनजातिका २० जना, दलित समुदाय ११ जना पीडित रहेका छन्। ९० प्रतिशतभन्दा बढी घटनाहरू ग्रामीण क्षेत्रका भएका कारण, अशिक्षा र अन्धविश्वासका कारण यस्ता घटना दुरुत्साहित भएका देखिन्छन्। मकवानपुरको डाडाखर्क गाविस जहाँ नीरमाया मारिइन् त्यहाँको साक्षरता प्रतिशत १४ मात्र रहेको छ।

'अशिक्षितहरूको बाक्लो बसोबास रहेका यी गाउँमा बिरामी हुँदा स्वास्थ्य केन्द्रको साटो धामीझाक्रीकहाँ जाने चलन अहिले पनि बढी छ। जसमा सामान्य रुघाखोकी ज्वरोलगायतका विरामी हेराउन गए पनि गाउँका धामीले बोक्सी लागेको बताउँछन् त्यो आरोप गाउँका गरिब, असहाय तथा विधवा महिलालाई नै लगाउँछन्। धामीको सिकोमा गाउँले सबैले त्यस्तो आरोप लगाउने गर्छन्।[८]

पिछडिएको समाजमा यस्तो खालको परम्परा, सोचाइ र बुझाइ रहेको पाइन्छ। बोक्सीको आरोपमा प्रताडित गर्ने चलन

७. कञ्चन माथुर, प्रोफेसर, द इन्स्टीच्युट अफ डेभलपमेन्ट स्टडिज, इन्डिया, रिसेन्ट २००९ रिपोर्ट

८. अमृता अनमोल 'बोक्सी विरुद्ध अभियान'http://www.ekantipur.com/np/news/news-detail.php?news_id=313855

समाजमा परम्परागत रूपले जकडिएको छ जुन एक पुस्ताबाट अर्को पुस्तामा आफसेआफ सर्दछ। जबसम्म मानिसहरू शिक्षित र यस परम्परागत सत्यतालाई गहिरिएर विचार गर्दैनन्, तबसम्म मानिसहरूको दिमागबाट त्यस अनुभवलाई हटाउन सकिँदैन।[९]

नेपालका तराईमा खासगरी यस्तो समस्या बढी पाइएको छ। परम्परागत सोचका कारण महिलाहरूलाई शिक्षाको अवसरबाट विमुख गरिएका हुन्छन्। "तराईका महिलाहरू पनि घरपरिवारको चार दिवारबाट बाहिर निस्केर केही काम गर्न चाहन्छन्। परम्परा र पारिवारिक संस्कारलाई तोड्न उनीहरूलाई सजिलो छैन। जो तोड्ने कोसिस गर्दै छन्, तिनीहरूलाई चरित्रहीन, बोक्सी, आदिका आरोप लगाएर प्रताडित गरिन्छ।[१०]

कानुनी प्रावधान

नेपालको अन्तरिम संविधान २०६३ को भाग ३ मौलिक हकअन्तर्गत महिलाको हकमा लेखिएबमोजिम महिला भएकै कारण कुनै पनि किसिमको भेदभाव गरिने छैन। त्यसैगरी, नेपालले अनुमोदन गरेको महिलाविरुद्ध हुने सबै किसिमको भेदभाव उन्मूलनसम्बन्धी महासन्धि १९७९ ले लिङ्गका आधारमा महिला वर्गले सदियौंदेखि विभिन्न शोषण र अन्यायको शिकार भइरहेको कुरा हृदयगमन गरी लिङ्गको आधारमा हुने यस किसिमको व्यवहार अन्त्य गरिनु पर्दछ र सारभूत समानता र औपचारिक समानता दुईटा मान्यतालाई नै व्यवहारिक जीवनमा अनुवाद गरिनु पर्दछ भन्ने मान्यता राख्दछ।

तर, हाम्रो देशमा कानुनी शासनको अभावमा अमानवीय व्यवहार गरी यातना दिने पीडकहरू पीडितसँग मिलापत्र र नाम मात्रको क्षतिपूर्ति दिई फुत्किरहेको पाइन्छ। जसले गर्दा पीडकहरूको मनोबल झन

नेपालका तराईमा खासगरी यस्तो समस्या बढी पाइएको छ। परम्परागत सोचका कारण महिलाहरुलाई शिक्षाको अवसरबाट विमुख गरिएका हुन्छन्। 'तराईका महिलाहरु पनि घरपरिवारको चार दिवारबाट बाहिर निस्केर केही काम गर्न चाहन्छन्। परम्परा र पारिवारिक संस्कारलाई तोड्न उनीहरुलाई सजिलो छैन। जो तोड्ने कोसिस गर्दै छन्, तिनीहरुलाई चरित्रहीन, बोक्सी, आदिका आरोप लगाएर प्रताडित गरिन्छ।

बढाउनु मदत गरेको छ। किनभने नेपालको सविधानमा लेखे पनि, विभिन्न महासन्धिहरूले अनुमोदन गरे पनि व्यवहारमा कथित बोक्सीको नाममा दिइने यातनामा कमी आएको पाइँदैन। कतिपय घटनाहरूमा माथि दिइएको केही उदाहरणमा उल्लेख गरिएअनुसार झाँक्री, पीडकहरूको धम्की र राजनीतिक दलका दबाबका कारण यातना भोग्ने महिलाहरूले न्याय त के, सम्बन्धित निकायमा उनीहरूको उजुरीसमेत लिइँदैन। सिरहा जिल्लामा गत वर्ष पीडितहरूले दिएको जाहेरी प्रहरीले लिएन। तत्कालीन गृहराज्यमन्त्री अन्सारीले बोक्सीको आरोपबाट प्रताडित १५ जना महिलालाई दोसल्ला ओढाएर सम्मान गरे। कथित बोक्सीको नाममा गाउँलेबाट अमानवीय व्यवहार पाउनुको सम्मानसँग कुनै प्रतक्ष्य सम्बन्ध देखिँदैन। समाजमा सम्मानजनक अवस्थामा स्थापित हुनलाई यस्ता सम्मान कार्यक्रमले केही मद्दत पुऱ्याउने तर्क गर्न सकिन्छ तर पीडितले न्याय पाउने अधिकार भने जहाँको त्यही नै रहन जाने कुराप्रति सरोकारवालको ध्यान पुग्न सकेन।

नेपाल सरकार गृहमन्त्रालयले ०६० कार्तिक २५ गते रुढिबाढी विचारहरूबाट दिइने यातना विरुद्धको कारबाहीसम्बन्धी सूचना प्रकाशित गरेको थियो। नेपाल सरकारले ०६३ सालमा मुलकी ऐनको अदलको १० नम्बरमा रहेको प्रावधानलाई सशोधन पनि गर्‍यो। तर ऐनबमोजिम हदैसम्मको कारबाही भने कतै पनि भएको पाइँदैन।

निष्कर्ष तथा सुझाव

कथित बोक्सीको आरोपमा महिलाहरूलाई यातना दिनुको कारण अन्धविश्वास र परम्परागत रूपमा महिलाविरुद्ध हुँदै आएको हिंसाको एक स्वरुप हो। सन् २००९ को जनवरीमा युएनएचसीएच आरको प्रतिवेदन सार्वजनिक गदै विशेष समाधीक्षक फिलिप अल्स्टोनले बोक्सीको अरोपमा भएका यस्ता घटनाप्रति चिन्ता[११] ६ व्यक्त गरेबाट पनि यो समस्याको विस्तारण र गम्भीरता अनुमान गर्न सकिन्छ।

बोक्सीको आरोपमा कुटपिट यातना दिने व्यक्तिहरूकालाई कानुनी दायरामा नल्याइएका कारण पनि यस्ता घटनाले प्रश्रय पाइरहेका छन्। यसका लागि प्रचलित कानुनमा नै संशोधन हुनु आवश्यक छ। बोक्सीको आरोपमा जस्तोसुकै दुर्व्यवहार गर्नेलाई गैरजमानती पक्राउ गर्ने व्यवस्था, पीडकबाट क्षतिपूर्ति दिलाउने प्रावधान राखिनु उपयुक्त हुन सक्छ।

यसबाहेक संचेतना अभिवृद्धिको कार्यक्रम राज्य तथा गैरराज्यबाट सञ्चालन गरिनु पर्छ। अनौपचारिक तथा औपचारिक शिक्षा अन्तर्गतका पाठ्यसामग्री अन्धविश्वासमुक्त समाज निर्माणका लागि समावेश गरिन सकियो भने चाँडै नै यस्ता घटनाहरूबाट समाज मुक्त हुन सक्छ।

(लेखक, इन्सेकमा कार्यरत छिन्।)

९. http://lawyersnepal.wordpress.com/2009/01/02/witchcraft-in-nepal-a-tragedy-to-women/

१०. मधेशी महिलाका चुनौती बिणा सिन्हा
http://www.ekantipur.com/np/2067/10/5/full-story/323773.html

११. http://www.ohchr.org/EN/NewsEvents/Pages/Witches21stCentury.aspx

४३ डिग्रीको गर्मीमा टिनको छानामुनि पढाइ

कृष्ण अधिकारी

नेपालगन्ज नेपाल मै सबैभन्दा बढी गर्मी हुने ठाँउ । चैतदेखि शुरू हुने गर्मी साउनको अन्त्य नहुँदा सम्म कम हुँदैन। जल तथा मौसम विज्ञान विभागका अनुसार गत वर्ष नेपालगन्जको तापक्रम ४२.६ डिग्रीसम्म पुगेको थियो । यो वर्षको अवस्था पनि उस्तै छ। यस्तो प्रचण्ड गर्मीमा यहाँका छात्र छात्राहरू भने टिनको छाना भएको कक्षा कोठामा बसेर पढन बाध्य छन्। प्रचण्ड गर्मी त्यसमाथि टिनको छाना भएका साँघुरा कक्षा कोठा। पङ्खासम्म नभएका त्यस्ता कक्षा कोठामा कोचाकोच गरेर बस्नु पर्ने वाध्यता। यस्तो अवस्थामा तराईका जिल्लाका बालबालिकाहरूले कसरी पढ्छन होला ?

चर्को गर्मीमा टिनको छानाका कारण तातिएका कोठामा पस्नासाथ विद्यार्थीहरू पसिनाले निथुक्कै भिज्छन्। गर्मीका कारण कति बालबालिकाहरू त कक्षा कोठामा पढ्दा पढ्दै बेहोस समेत हुने गरेका छन् । गर्मीका कारण एक पिरियड अर्थात ४५ मिनेट बिताउन पनि उनीहरूलाई निक्कै मुस्किल पर्छ। कोठामा बस्दा गर्मीले आत्तिएका विद्यार्थीहरू कक्षाबाट शिक्षक निस्कनासाथ रूखको छायाँ र पानीका धाराहरूमा झुम्मिन्छन्।

तराईका विद्यालयहरूको एउटा प्रमुख चुनौती भनेको जस्तापाताको छाना भएका भवनहरू नै हुन्। ती भवनहरू गर्मीमा अत्यन्तै तातो, जाडोमा अति चिसो र वर्षातको समयमा वढी आवाज आउने खालका छन्। परिणामस्वरूप जाडो र गर्मीको मौसमहरूमा बालबालिकाहरूको उपस्थिति न्यून हुने गरेको छ। विद्यालयमा उपस्थिति न्युन भएपछि उनीहरूको शैक्षिकस्तर पनि कमजोर हुने गरेको छ। गर्मी मौसममा शीतल, जाडोमा न्यानो र कङ्क्रिट भवनहरू जत्तिकै बलियो एवम् भूकम्पबाट सुरक्षित हुनुको साथै जस्तापाताको छाना भएका भवनहरूकै लागतमा निर्माण गर्न सकिने एमएस नेपालका इन्जिनियर सोनाम वाङचुङ बताउछन्।

शिक्षा विभागले प्रचण्ड गर्मी हुने देशभरका तराईका जिल्लाहरूमा विद्यालय भवन निर्माण गर्दा टिनको छाना राख्नुपर्ने मापदण्ड बनाएको छ । देशभरका सामुदायिक विद्यालय भवनहरूमा एकरूपता ल्याउनका लागि टिनका छाना हुनुपर्ने मापदण्ड निर्धारण गरिएको हो। भौगोलिक अवस्था तथा मौसमको प्रभावका बारेमा ख्याल नगरी तराईका अत्याधिक गर्मी हुने जिल्लाहरूमा पनि टिनको छाना भएको विद्यालय भवन निर्माण गर्नुपर्ने शिक्षा विभागको मापदण्ड अव्यवहारिक भएको ज्ञानोदय उच्च मावि खजुराका प्राचार्य घमानसिंह वस्नेत बताउँछन्।

काठमाडौँमा बसेर नीति निर्माण गर्ने शिक्षा विभागका प्राविधिकहरूहरूको लापरवाहीका कारण यस्तो अवस्था आएको प्राचार्य वस्नेतको भनाइ छ। नेपालमा तराईका जिल्लाहरूमा चैतदेखि भदौ महिनासम्म अर्थात छ महिना अत्याधिक गर्मी हुन्छ भन्ने जानकारी नै नभएर शिक्षा विभागका प्राविधिकहरूले ४२ – ४३ डिग्री सम्म गर्मी हुने तराईका जिल्लाहरूमा टिनको छाना भएका कक्षा कोठा निर्माण गर्नु पर्ने मापदण्ड बनाएका होलान भन्न त मिल्दैन तर अवस्था चाहिँ यस्तै छ। बाँके जिल्लामा रहेका तीन सयवटा विद्यालय मध्ये करिब ७५ प्रतिशत भन्दा बढीमा टिनको छाना छन्। बाँकेमा मात्र नभएर देशभरकै अत्याधिक गर्मी हुने तराईका प्राय सबै जिल्लाहरूका ७५ देखि ८० प्रतिशत भन्दा बढी विद्यालयमा टिनकै छाना छन्।

पहाडी तथा हिमाली जिल्लाहरूमा सहजै सिमेन्ट बालुवा उपलब्ध हुन नसक्ने र उपलब्ध गराउँदा निक्कै महँगो पर्ने भएकाले टिनको छाना भएका विद्यालय भवन बनाउनु पर्ने बाध्यता हुन सक्छ। तर सहजै यातायताका साधनहरू चल्ने तराईका जिल्लाहरूमा सिमेन्ट ढलान गरेर विद्यालय भवन बनाउन सकिने प्रशस्त सम्भावना छ। कम बजेटमा धेरै विद्यालय बनाउने नाममा शिक्षा विभागका प्राविधिकहरूले स- साना बालबालिकाहरूलाई पढ्नका लागि बनाएका कक्षा कोठाहरू यातना गृह जस्तै बनेका छन्। बजेट पुग्दैन भनेर यातना गृह जस्तै कोठा बनाउनु भन्दा कम सङ्ख्यामा बनाउने तर पठन पाठन गर्न सकिने किसिमको उपयुक्त कोठा बनाउनु पर्छ। टिनको छाना भएका कक्षा कोठा गर्मीमा मात्रै नभएर वर्षात भएको बेला टिन बजेर आवाज नसुनिने र जाडोको बेला चिसो हुने भएकाले पठन पाठनका लागि ५० प्रतिशत पनि उपयुक्त नभएको विज्ञहरूको भनाइ छ।

अत्यधिक गर्मी हुने तराईका जिल्लाहरूमा टिनको छाना भएको विद्यालय भवन उपयुक्त छैन भन्ने जानकारी जिल्ला शिक्षा कार्यालयलाई छ तर, केही गर्न सक्ने अवस्था छैन। शिक्षा कार्यालय बाँकेमार्फत यो वर्ष लागत सहभागितामा चार कोठे २२ वटा र दुई कोठे २७ वटा गरी १ सय ४२ वटा कक्षा कोठाहरू निर्माण भइरहेको प्राविधिक मधु बली बताउँछन।

दुई कोठे भवनको शिक्षा विभागबाटै टिनकै छाना राख्ने गरी डिजाईन भएर आउने भएकाले कुनै फेर बदल गर्न मिल्दैन। तर लागत सहभागिता कार्यक्रम अर्थात ६० प्रतिशत अनुदान र ४० प्रतिशत स्थानीय स्रोतबाट जुटाउने गरी निर्माण हुने कक्षा कोठामा भने भवन विभागले निर्धारण गरेको मापदण्ड पूरा गरी ढलान गरेरै पनि कक्षा कोठा निर्माण गर्न सकिन्छ । तर त्यसका लागि आवश्यक पर्ने थप रकम स्थानीय स्तरबाटै जुटाउनु पर्छ। बढी रकम जुटाउनु पर्ने भएकोले विद्यालय व्यवस्थापन समितिलाई ढलान गरेर भवन निर्माण गर्न गाह्रो हुने गरेको ज्ञानोदय माध्यामिक विद्यालय व्यवस्थापन समितिका अध्यक्ष पुर्णबहादुर भण्डारी बताउँछन।

ज्ञानोदय उच्च मावि‍मा विद्यार्थीहरूका लागि पठन पाठन गर्नका लागि पुग्ने पर्याप्त कोठाहरू छन् तर, गर्मीको समयमा भने विद्यालयको आँगनमा रहेका रूखको छहारीमा पढाइ हुने गरेको छ ।

कक्षा कोठा हुँदाहुँदै किन छहारीमा पठन पाठन त ? शिक्षिका सरीता बुढाथोकी भन्छिन् कक्षा कोठामा पङ्खा पनि छैन गर्मीका कारण विद्यार्थीहरू एकछिन पनि कोठामा बस्न मान्दैनन्। त्यसैले विद्यालयको आँगनमै रहेको रूखको छहारीमा कक्षा सञ्चालन गर्नु परेको हो। यो अवस्था ज्ञानोदय मावि‍को मात्रै होइन धेरै विद्यालयको हो।

शिक्षा विभाग, जाईका ,विश्व बैंक एशियाली विकास बैंक जस्ता दातृ निकायको सहयोगमा करौडौँ रूपिया लगाएर निर्माण गरिएका टिनका छाना भएका कक्षा कोठाहरू तराईका जिल्लाहरूमा विद्यार्थीहरूका लागि यातना केन्द्र बनिरहेका छन्। तर पनि यो क्रम रोकिएको छैन। यो वर्ष पनि बाँकेमा टिनकै छाना भएका थप १ सय ४२ कक्षा कोठा निर्माण भइरहेका छन्।

शिक्षा विभागले बाँके जिल्लाका लागि टिनले छाउने गरी निर्माण गरिने चार कोठे भवनलाई ८ लाख २२ हजार उलब्ध गराएको छ । त्यो रकममा स्थानीय स्तरबाट कम्तीमा ४० प्रतिशत रकम थप जुटाएर बनाउनु पर्ने वाध्यता विद्यालय व्यवस्थापन समितिलाई छ।

सरकार तथा दातृ निकायले टिनको

छाना भएको कक्षाकोठा निर्माण गर्दा लाग्ने रकममा २५ देखि ३० प्रतिशतसम्म थप गरेर दिने हो भने तराईका जिल्लाहरूमा ढलान गरेरै कक्षा कोठाहरू बनाउन सकिने शहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालय वाकेका इन्जिनियर प्रमुख सुरोज पौडेल बताउँछन्।

तर यति कक्षा कोठा बनायौँ भनेर सङ्ख्यामा रमाउने शिक्षा विभाग आफैँले बनाएका कक्षा कोठाहरू पठन पाठनका लागि कति उपयुक्त छन भन्ने तर्फ भने चासो नदिएको गुनासो ज्ञानोदय उच्च मावि व्यवस्थापन समितिका अध्यक्ष पूर्णबहादुर भण्डारीको छ।

बाल मैत्री वातावरणमा पढ्न पाउनु बालबालिको अधिकार हो। बालबालिकाहरू हाँसी हाँसी विद्यालयमा आउने र रमाई रमाई पढने वातवरण सृजना गर्नु राज्यको दायित्व हो तर शिक्षा विभागको हचुवा नीतिका कारण बालमैत्री विद्यालय भवन निर्माण हुन नसकेको नेपाल राष्ट्रिय शिक्षक सङ्गठन बाँकेका अध्यक्ष एकदेव पन्थी बताउँछन्। गर्मी बढेपछि विद्यालयमा आउने विद्यार्थीहरूको सङ्ख्या पनि घट्दै जान्छ। नेपाल राष्ट्रिय प्रावि बेलहरी बाँकेको कक्षा २ मा १ सय ४३ जना विद्यार्थी भर्ना भएका छन्। दैनिक १ सय देखि १ सय २० जना विद्यार्थी विद्यालयमा आउँछन। विद्यालय भवनको अभावका कारण सबै विद्यार्थीहरू एउटै कक्षा कोठामा पढ्छन्। टिनको छाना भएका कक्षा कोठा १ सय भन्दा बढी विद्यार्थीले खचाखच भरिएको हुन्छ। विद्यालयमा विद्युत छैन। विद्युत नभएपछि पङ्खा हुने कुरै भएन। गर्मीले विद्यार्थीहरू पसिनाले भिजेका हुन्छन्। शिक्षकहरूले पनि पसिना पुछ्दै पढाउनु पर्ने बाध्यता रहेको विद्यालयका प्रधानाध्यापक रामचन्द्रप्रसाद यादवले बताए।

ढलान भएको कोठा निर्माण गर्नका लागि बढी बजेट चाहिन्छ। भवनको गुणस्तर अनुगमन गर्नका लागि दक्ष आवश्यक पर्छ। बजेट र प्राविधिक कम भएकाले गुणस्तर कायम गर्न कठिनाइ हुन्छ। ढलान भएको भवनमा गुणस्तर कायम गर्न नसकिने हो भने भुकम्पको पनि उच्च जोखिम हुन्छ। यी सबै तथ्यलाई ध्यानमा राखेर विभागले टिनको छाना भएको विद्यालय भवन बनाउने मापदण्ड निर्धारण गरेको शिक्षा कार्यालय बाँकेका प्राविधिक वली बताउँछन्। विद्यालय भवन निर्माण गर्दा भौगोलिक अवस्था तथा मौसमको प्रभावलाई ध्यान दिन आवश्यक भइसकेको छ।

(लेखक, नेपालगञ्जबाट पत्रकारिता गर्छन्।)

अधिकार संरक्षणमा राष्ट्रिय मानवअधिकार आयोगको एक दशक

पृष्ठभूमि

नेपालमा मानवअधिकार अभियानको विकासको लागि २०४६ साल पछिको अवधिलाई विशेष महत्वको अवधिको रूपमा लिइने गरिन्छ। यद्यपि मानवअधिकारको संस्थागत प्रयास भने यसभन्दा अघि नै सुरू भएको पाइन्छ।

पञ्चायतकालीन अवस्थामा देशको मानवअधिकार स्थिति र राजनीतिक व्यक्तिहरूमाथि गरिएको दमनबारे राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा प्रचारप्रसारको उद्देश्य राखेर वि.सं २०४१ सालमा स्थापित मानवअधिकार संरक्षण मञ्च (मासम) लाई नेपालको पहिलो मानवअधिकार संस्थाको रूपमा लिइन्छ। हुन त यसअघि नै एमनेस्टी इन्टरनेशनल, नेपालको स्थापना भइसकेको थियो। तर मानवअधिकार आन्दोलनलाई सङ्गठनात्मक रूपले अघि बढाउने श्रेय भने मासमलाई दिनुपर्छ। किनभने यसको स्थापनापश्चात नै मानवअधिकार बहालीको सन्दर्भले व्यापकता पाएको थियो।

मानवअधिकार आन्दोलनको संस्थागत विकास विभिन्न चरणहरू पार गर्दै अहिलेसम्मको स्थितिमा आइपुग्दा लगभग तीन दशकको यात्रा तय गरिसकेको छ। हाल अधिकारको क्षेत्रमा क्रियाशील हजारौँ सामाजिक संस्थाहरू देशभर क्रियाशील रहेका छन् भने राष्ट्रिय मानवअधिकार आयोगको गठन भएको पनि एक दशक पूरा भइसकेको छ। यसै सिलसिलामा राष्ट्रिय मानवअधिकार आयोगको गठन भएको एक दशकको अवधिमा आयोगले अधिकारको संरक्षणको लागि निर्वाह गरेको भूमिकाको विश्लेषण गर्दै हालै एक पुस्तक प्रकाशन भएको छ ।

राष्ट्रिय मानवअधिकार आयोगको गठन भएपछि अधिकार संरक्षणको लागि आयोगले निर्वाह गरेको भूमिका पुस्तकको केन्द्रीय विषयवस्तु भए पनि उक्त पुस्तकमा मानवअधिकार आन्दोलनको पृष्ठभूमि सम्बन्धी विषय पनि समावेश गरिएको छ, जसले नेपालको मानवअधिकार अभियानको इतिहास जान्न चाहने व्यक्तिहरूलाई सङ्क्षिप्त रूपमै भए पनि जानकारी प्रदान गर्नेछ। कुल ९६ पृष्ठ सङ्ख्या भएको पुस्तकमा नौ ओटा परिच्छेदमा विषयहरू विभाजन गरिएका छन्। मानवअधिकार र प्रजातान्त्रिक आन्दोलनको पृष्ठभूमिबाट आरम्भ भएको पुस्तक मानवअधिकार आयोगको भावी कार्यदिशा कस्तो हुनुपर्छ भन्ने विषयमा टुङ्गिन्छ। यसअघि आयोगका तीन कार्यकालको विवेचना र पछिल्लो समयमा गएर अपेक्षाकृत शक्तिशाली हुँदै गएको आयोगको कार्यको मूल्याङ्कन गरिएको छ।

२०४६ सालको जनआन्दोलनपछि प्रजातान्त्रिक परिपाटीसँगै मानवअधिकारको क्षेत्रमा आएको फैलावट र राष्ट्रिय मानवअधिकार आयोग गठनका लागि मानवअधिकार समुदायले गरेको सङ्घर्षलाई पुस्तकमा राम्रोसँग विवेचना गरिएको छ। यसक्रममा आयोग गठनको चर्चा र छलफल सुरू भएको करिव पाँच वर्षपछि मानवअधिकार आयोग ऐन बनेपनि सोही ऐन बमोजिम आयोग गठनका लागि चार वर्ष थप सङ्घर्ष गर्नुपरेको तथ्यलाई पनि पुस्तकले उजागर गरेको छ। परिपक्व नभई सुरूवातकै चरणमा रहेको मानवअधिकार अभियान र त्यसमाथि नेकपा (माओवादी) ले सुरू गरेको हिंसात्मक जनयुद्ध यी दुवै कारणले राष्ट्रिय स्तरको आधिकारिक मानवअधिकार निकायको आवश्यकता टड्कारो रहेको तर राजनीतिक दलहरूबीचको मतभिन्नता तथा सरकारी उदासिनताका कारण ऐन बनिसक्दा समेत आयोग गठनका लागि मानवअधिकार समुदायले एकपछि अर्को गरी (सर्वोच्चमा रिट, धर्ना, जुलुस, पक्राउ, अनसन) विभिन्न चरणका आन्दोलन पार गरेर मात्र २०५७ जेठ १३ गते आयोग गठन हुन सकेको पुस्तकमा उल्लेख छ।

आयोग गठन भएपछि प्रारम्भिक अवस्थामा झेल्नुपरेको अन्यौल र अव्यवस्था तथा हालसम्मका तीन ओटै कार्यकालमा देखा परेका बेग्लाबेग्लै कमजोरी, समस्या तथा चुनौतीहरूलाई पनि लेखकले पुस्तकमा विश्लेषणात्मक ढङ्गबाट प्रस्तुत गरेका छन्। यसैगरी हरेक कार्यकालमा आयोगले हासिल गरेका उपलब्धी र सामना गरेका चुनौतीहरूलाई पनि बुँदागत रूपमा प्रस्तुत गरिएको छ। अन्तरिम संविधान २०६३ पछि कानुनी हैसियतबाट संवैधानिक हैसियतमा रूपान्तरित हुँदा र एक दशकको अवधि व्यतित गर्दा समेत "आयोग आफ्नो आवश्यकता बढाउन र औचित्य पुष्टि गर्न अगाडि बढिरहेको तर आफ्नो कामको प्रभाव स्थापित गर्न र सोही अनुसारका उपलब्धीहरू हासिल गर्न नसकेको" पुस्तकको निष्कर्ष खण्डमा उल्लेख गरिएको छ। त्यसैगरी आयोगलाई आगामी दिनको लागि उपयोगी हुने विभिन्न १४ ओटा प्रस्तावहरू राखेर भावी कार्यदिशा अपनाउन सुझाव पनि दिइएको छ।

पुस्तकको नाम
अधिकारको संरक्षणमा राष्ट्रिय मानवअधिकार आयोगको एक दशक

लेखक
सुशील प्याकुरेल, राष्ट्रिय मानवअधिकार आयोगका पूर्व आयुक्त तथा इन्सेकका संस्थापक अध्यक्ष

प्रकाशक
लोकतान्त्रिक स्वतन्त्रता तथा मानवअधिकार संस्था (डीएफएचआरआई)

-उषा थपलिया

दण्डहीनताका कारण बाँके जिल्लामा बढेको अपराधीकरण

नारायण सुवेदी

लोकतन्त्र स्थापनापछि गठन भएका सरकारले पनि दण्डहीनतालाई प्रश्रय दिने कामलाई प्राथमिताका साथ अघि बढाए । आफूलाई लोकतान्त्रिक पार्टी भन्न रूचाउने राजनीतिक दलहरूले दण्डहीनतालाई प्रश्रय दिँदै सरकारवादी मुद्दा फिर्ताको प्रतिस्पर्धामा उत्रे । 'कुनै गैरसरकारी व्यक्तिको सम्पत्ति सम्बन्धी कुरामा असर पर्ने रहेछ भने त्यस्तो मुद्दा अदालतबाट फिर्ता लिन दिन हुँदैन भनी सरकारी मुद्दा सम्बन्धी ऐन २०४९ को दफा २९ (२) मा स्पष्ट कानूनी व्यवस्था भएको र राजनीतिक आस्थाका आधारमा दायर गरिएका झुठा र बनावटी मुद्दा बाहेक अन्य डाँका, चोरी, लागूऔषध, बलात्कार, कर्तव्य ज्यानलगायत व्यक्ति, समाज र सरकार विरूद्धका जघन्य अपराधको अभियोग लगाइएका मुद्दाहरू फिर्ता गर्न नमिल्ने उल्लेख गरिएपनि एकीकृत नेकपा माओवादीका अध्यक्ष पुष्पकमल दाहाल नेतृत्वको सरकारले ०६५ कार्तिक ११ गते ३ सय ४९ वटा मुद्दा फिर्ता गऱ्यो। जसमा १ सय ६ वटा मुद्दा मध्यपश्चिम क्षेत्रका मात्रै थिए ।

बाँकेका माओवादी कार्यकर्ता नागेश्वर रैदासको हत्या अभियोगमा ०६४ सालमा पक्राउ परेका बाँके इन्द्रपुर गाविस–३ का मेराज अहमद साई जिल्ला अदालत बाँकेको आदेशमा २५ हजार धरौटी राखी रिहा भए । यसपछि टेलिफोन तार चोरी गर्दागर्दै ०६५ सालमा प्रहरीले उनलाई दोस्रो पटक पक्राउ गऱ्यो। त्यतिखेर जिल्ला प्रशासन कार्यालयले २० हजार धरौटीमा रिहा गऱ्यो। प्रहरी प्रशासनले कारबाही नगर्दा अपराधमा रमाउँदै गएका मेराज ०६७ असोज १४ गते नेपालगञ्जमा भएको दुई स्कूले बालक लीलाधर भट्ट र कपिल द्विवेदीको हत्याको घटनाका मुख्य अभियुक्तका रूपमा तेस्रो पटक पक्राउ भए । यसअघि दुई पटकसम्म पक्राउ भइ रिहा भएका मेराज बाँके जिल्लामा भएका सात हत्या तथा अपहरणका घटनामा संलग्न भएको प्रहरीले जनायो। दण्डहीनताको फाइदा उठाउँदै मेराज तराई जनतान्त्रिक पार्टी (मधेश) को पश्चिम क्षेत्र कमाण्डर समेत भए। दुई स्कुले बालकको अपहरण पश्चात हत्या भएपछि दण्डहीनताको विरोधमा पीडित परिवार, अधिकारकर्मी र स्थानीयबासीको व्यापक दवावमा प्रहरीले मेराजलाई ०६७ असोज १९ गते पक्राउ गरेपनि विगतमा जस्तै मेराज छुट्ने हुन की भन्ने डर आम नेपालगञ्जवासीमा रहेको छ। दण्डहीनताका कारण मध्यपश्चिम क्षेत्रमा अपराधीकरण मौलाएको उदाहरण यो मात्रै होइन ।

दुई वर्षअघि जिल्ला प्रहरी कार्यालय बाँकेबाट रिहा गरिएका बाँके हिर्मिनिया गाविस–६ का भगत सिंह भनिने अर्जुन सिंह अहिले तराई जनतान्त्रिक मुक्ति पार्टी मधेसको केन्द्रीय अध्यक्ष भएका छन् । महेन्द्र बहुमुखी क्याम्पस नेपालगञ्जका तत्कालीन प्रमुख सीताराम विष्टमाथि गोली प्रहारमा संलग्न भएको आरोपमा उनलाई प्रहरीले गिरफ्तार गरेपनि २५ दिनपछि रिहा गऱ्यो । रिहा भएकों एक वर्ष नबित्दै उनको समूहले अधिकारको क्षेत्रमा कार्यरत बर्दिया नागरिक समाज सञ्जालका संयोजक गोविन्दप्रसाद पाण्डेको हत्या गऱ्यो । घटनाका अभियुक्तहरू अहिलेसम्म पक्राउ हुन सकेका छैनन्। त्यसैगरी उनको समूहले बाँके, नेपालगञ्ज नपा–१६ निवासी भूमिसुधार कार्यालय बाँकेका खरिदार पूर्णप्रसाद ढकालको हत्या गऱ्यो भने नेपाली काङ्ग्रेस बाँकेका पूर्व सभापति कृष्णमान श्रेष्ठको नेपालगञ्ज नपा–१३ आर्दशनगरस्थित घरमा पनि सोही समूहले बम विस्फोट गरायो ।

संविधानसभा निर्वाचनमा बाँके क्षेत्र नम्बर २ का राष्ट्रिय जनमोर्चाका उम्मेदवार कमलप्रसाद अधिकारीको हत्यामा संलग्न आरोपमा जेल परेका भुल्लन केवट र होली केवटविरूद्धको मुद्दा माओवादी सरकारले आस्थाका बन्दी भएको भन्दै ०६५ कात्तिक ११ गते फिर्ता लियो । मृत्यु हुनुअघि अधिकारीले केवटद्वय र सिकन्दर खाँले आफूलाई गोली हानेको प्रहरी समक्ष बयान दिएका थिए । खाँ सीमावर्ती गाँउमा खुनडाँकाको अभियुक्त मानिन्छन् । उनी ०६५ जेठ ३ गते पक्राउ परेका थिए। राजनीतिक आडमा सरकारले मुद्दा फिर्ता गरेपछि उनले सजिलै सफाइ पाए । उनलाई हिरमिनिया गाविसका रामनिवास मौर्य, बेतहनी गाविसका माताप्रसाद बर्मा र संविधानसभाका उम्मेदवार अधिकारीको हत्या अभियोग लगाइएको थियो । तर सरकारले मुद्दा फिर्ता लिएकोले उनले सजिलै सफाइ पाए । खाँ अहिले तराई जनतान्त्रिक पार्टी मधेस समूहका नाइके भएका छन् । अधिकारीको हत्यासम्बन्धी मुद्दा माओवादी सरकारले फिर्ता लिएपछि अभियुक्तबाट असुरक्षित ठानेर उनकी पत्नी सीता अधिकारीका परिवार बेतहनी गाविसबाट कोहलपुर गाविसमा विस्थापित भए । पछिल्लो पटक सशस्त्र समूहको आक्रमणमा परेका नीरबहादुर अधिकारी पनि त्यसको उदाहरणको रूपमा लिन सकिन्छ । बेतहनी गाविस–९ उचवा बाबाकुटी, बाँके निवासी राष्ट्रिय प्रजातन्त्र पार्टी जिल्ला कार्यसमिति बाँकेका सदस्य एवम् संविधानसभा बाँके क्षेत्र नम्बर २ राष्ट्रिय जनमोर्चाका उम्मेदवार मृतक

कमल अधिकारीका दाजु ६४ वर्षीय नीर बहादुर अधिकारीलाई ०६७ फागुन ९ गते राती अज्ञात समूहले गोली प्रहार गऱ्यो । घटनास्थलबाट प्रहरीले तराई जनतान्त्रिक मुक्ति मोर्चा बाँके बर्दिया इन्चार्ज सिकन्दरको हस्ताक्षर रहेको पर्चा फेला पारेको बतायो ।

लोकतन्त्र स्थापनापछि गठन भएका सरकारले पनि दण्डहीनतालाई प्रश्रय दिने कामलाई प्राथमिताका साथ अघि बढाए । आफूलाई लोकतान्त्रिक पार्टी भन्न रूचाउने राजनीतिक दलहरूले दण्डहीनतालाई प्रश्रय दिँदै सरकारवादी मुद्दा फिर्ताको प्रतिस्पर्धामा उत्रे । "कुनै गैरसरकारी व्यक्तिको सम्पत्ति सम्बन्धी कुरामा असर पर्ने रहेछ भने त्यस्तो मुद्दा अदालतबाट फिर्ता लिन दिन हुँदैन भनी सरकारी मुद्दा सम्बन्धी ऐन २०४९ को दफा २९ (२) मा स्पष्ट कानूनी व्यवस्था भएको र राजनीतिक आस्थाका आधारमा दायर गरिएका झुठा र बनावटी मुद्दा बाहेक अन्य डाँका, चोरी, लागूऔषध, बलात्कार, कर्तव्य ज्यानलगायत व्यक्ति, समाज र सरकार विरूद्धका जघन्य अपराधको अभियोग लगाइएका मुद्दाहरू फिर्ता गर्न नमिल्ने उल्लेख गरिएपनि एकीकृत नेकपा माओवादीका अध्यक्ष पुष्पकमल दाहाल नेतृत्वको सरकारले ०६५ कार्त्तिक ११ गते ३ सय ४९ वटा मुद्दा फिर्ता गऱ्यो । जसमा १ सय ६ वटा मुद्दा मध्यपश्चिम क्षेत्रका मात्रै थिए । फिर्ता भएका मुद्दा मध्ये यस क्षेत्रमा ३० थान मुद्दा सम्पत्ति सम्बन्धी मुद्दा थिए भने कर्तव्य ज्यान सम्बन्धी ३६ थान मुद्दा थिए । मुद्दा फिर्ता सम्बन्धी सरकारको २०६५ कार्तिक ११ गतेको निर्णयमा मन्त्री परिषद्को २०५५ भदौ १ मा स्वीकृत नेपाल सरकार वादी भई चलाइएका फौजदारी मुद्दाहरू फिर्ता लिने सम्बन्धमा अपनाउनु पर्ने नीतिगत मापदण्ड र कार्यविधि २०५५ को मापदण्ड ४ मा जुनसकै कुरा लेखिएको भएता पनि सम्वत् २०५२ साल फागुन १ गतेदेखि २०६३ मङ्सिर ५ गतेसम्म अदालत तथा अर्धन्यायिक निकायहरूमा दायर भएका मुद्दाहरूको हकमा त्यस्ता मुद्दाहरू द्वन्द्वको समयमा दायर भएको हुँदा त्यस्ता मुद्दाहरू अपवाद स्वरूप फिर्ता लिन सकिने गरी सो मापदण्ड र कार्यविधिको मापदण्ड नं. ४ लाई तीन महिनाको लागि निलम्वन गर्ने भनिए पनि मध्यपश्चिम क्षेत्रमा मात्र ०५२ फागुन १ गते अघि दर्ता भएका चार थान र ०६३ मङ्सिर ५ गतेपछि दर्ता भएका नौ थान मुद्दा फिर्ता भए ।

यसैगरी राजनीतिक आडमा मुद्दा फिर्ता लिने कार्यलाई माधवकुमार नेपालको नेतृत्वमा रहेको सरकारले पनि निरन्तरता दियो । नेपाल प्रधानमन्त्री रहेको सरकारले व्यक्तिगत मामिलासम्बन्धी २ सय ८२ मुद्दा फिर्ता लियो । जसमध्ये २ सय जनालाई हत्याको अभियोग लागेको थियो भने ८२ जना तोडफोड तथा आगजनीजस्ता घटनामा संलग्न व्यक्ति थिए । राष्ट्रिय मानवअधिकार आयोगले १० वर्षको अवधिमा सिफारिस गरेका ३ सय ८७ उजुरी मध्ये ३४ वटा मात्र कार्यान्वयन भएका छन्। १ सय ३४ ओटा उजुरी आंशिक कार्यान्वयन भएकाले सरकार न्याय दिलाउन तप्पर नभएको आयोगको ठहर छ ।

अन्तर्राष्ट्रिय कानुनको मापदण्ड अनुसार मानवताविरोधी कुनैपनि मुद्दामा माफी दिन र मुद्दा फिर्ता लिन मिल्दैन । संवैधानिक प्रावधानअनुसार राजनीतिक मुद्दाहरू मात्र फिर्ता लिन मिल्छ । तर दलहरूले जातीय हिंसा, बलात्कार र योजनाबद्ध तरिकाले यातना तथा हत्या गरेका जस्ता फौजदारी मुद्दालाई पनि राजनीतिक खोल ओढाएर अपराधलाई संरक्षण दिइरहेका छन् । अपराधीलाई कार्यकर्ताको नाममा माफी दिने परम्पराले दण्डहीनताले पश्रय पाउँदै गएको छ । विभिन्न राजनीतिक दलहरूबाट अपराधिक गतिविधिमा संलग्न व्यक्तिहरूलाई संरक्षण गरिँदा कानुनी शासनमाथि नै चुनौती थपिएको छ ।

(लेखक, इन्सेक बाँकेका प्रतिनिधि हुन् ।)

विभिन्न सरकारले राजनीतिक आडमा फिर्ता लिइएका मुद्दाहरू

क्र.सं.	सरकार	मुद्दाको प्रकृति	फिर्ता लिएको सङ्ख्या
१	सन् १९९० को अन्तरिम सरकार	डकैतीलागू पदार्थ ओसारपसार र काठ तस्करी समेत	२४३
२	सन् १९९१-१९९४ को काङ्ग्रेस सरकार	सबै प्रकारका फौजदारी मुद्दा	९९
३	सन् १९९४-१९९५ को एमाले सरकार	सबै प्रकारका फौजदारी मुद्दा	२१०
४	नेपाली काङ्ग्रेस, राप्रपा, नेपाल सद्भावना पार्टीको संयुक्त सरकार	सबै प्रकारका फौजदारी मुद्दा	१०
५	नेकपा माओवादी पार्टीको नेतृत्वमा रहेको सरकार	डाँका, चोरी, आगलागी, कर्तव्य ज्यान लगायतका फौजदारी मुद्दा	३४९
६	नेकपा एमालेको नेतृत्वमा रहेको सरकार	हत्या, तोडफोड तथा आगजनी मुद्दा	२८२

संविधानसभा निर्वाचनमा बाँके क्षेत्र नम्बर २ का राष्ट्रिय जनमोर्चाका उम्मेदवार कमलप्रसाद अधिकारीको हत्यामा संलग्न आरोपमा जेल परेका भुल्लन केवट र होली केवटविरूद्धको मुद्दा माओवादी सरकारले आस्थाका बन्दी भएको भन्दै ०६५ कात्तिक ११ गते फिर्ता लियो ।





इन्सेकका केही प्रकाशनहरू



www.inseconline.org

नेपालको पहिलो मानवअधिकार अनलाइन पोर्टल

नेपाली र अङ्ग्रेजी भाषामा

मानवअधिकारसम्बन्धी विविध सामग्रीहरू समेटिएको यस वेबसाइटमार्फत